वर्ष : १८, अंक : १४, काठमाडौं, २०७९ असार ३१ गते शुक्रबार, 15 July 2022, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh


पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## प्रचण्ड आज भारत जाँदै



काठमाडौं । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड शुक्रबार भारत जाने भएका छन् । भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष जेपी नड्डाको निमन्त्रणामा प्रचण्ड दिल्ली जान लागेका हुन् । दिल्लीमा अध्यक्ष प्रचण्डले उच्चस्तरीय राजनीतिक भेटवार्ता गर्नेछन् । त्यहाँ हुने भेटघाट र केही कार्यक्रमका लागि परराष्ट्र मन्त्रालय र काठमाडौंस्थित भारतीय दूतावासले समन्वय गरेको छ । प्रचण्ड दुई दिन भारतमा रहनेछन् । उनी भाजपा मुख्यालयको पनि भ्रमण गर्ने छन् । भारतीय राजदूत नवीन श्रीवास्तवले केही दिनअघि प्रचण्डलाई भाजपा अध्यक्ष नड्डाको निम्तो हस्तान्तरण गरेका थिए ।

## जनप्रतिनिधिमाथि धमाधम भ्रष्टाचार मुद्दा

काठमाडौं । पछिल्लो समय जनप्रनिधि नै भ्रष्टाचारको आरोपमा मुछिन र पक्राउ पर्न थालेका छन् । तीन तहमध्ये अझै बढी स्थानीय तहमा भ्रष्टाचार मौलाएको विभिन्न अध्ययनहरूले देखाएको छ ।

स्थानीय तहमा जनप्रतिनिधि आएपछि पनि महामारी रोगजस्तै फैलिने भ्रष्टाचारको प्रभाव अहिले देशभर पुगेको छ । भ्रष्टाचारको प्रवृत्ति माथिल्लो तहका राजनीतिक वा प्रशासनिक नेतृत्वलगायत तल्लो तहका राजनीतिक कार्यकर्ता, कर्मचारीसम्म भएको पाइएको छ । जनप्रतिनिधिले भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्नेमा उल्टै यस्तो दुराचारमा मुछिनु राम्रो होइन । गैरआर्थिक आर्जनविरूद्धमा कमजोर सरकारी निगरानी, फजुल खर्च, धन हुनेलाई सम्मान गर्ने सामाजिक मान्यता, भ्रष्टाचारविरुद्ध सहकार्यको कमी, गरिबी, सम्पन्न र विपन्नबीच चर्को अन्तरलाई भ्रष्टाचार हुनुको कारणका रूपमा लिन सकिन्छ। यिनै सूचीको घेरामा जनप्रतिनिधि र कर्मचारी पनि घेरिँदा भ्रष्टाचार बढेको यस क्षेत्रको अध्ययन गरेका विज्ञ बताउँछन् ।

वैशाख ३० गते भएको स्थानीय निर्वाचनबाट नयाँ जनप्रतिनिधि निर्वाचित भएर आइसकेका छन् । उनीहरू स्थानीय तहको विकासमा केन्द्रित हुनपर्छ ।

बाँकी अन्तिम पृष्ठमा

# मुख्यमन्त्री कार्यालय नै बन्यो भ्रष्टाचारको थलो

## कर्मचारी भर्नाका नाममा एक करोडभन्दा बढी खर्च

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय नै भ्रष्टाचार गर्ने थलोको रूपमा परिणत भएको छ । मुख्यमन्त्री कार्यालयमा अनावश्यक कर्मचारी भर्ना, मुख्यमन्त्री स्वच्छता अभियानमा गुणस्तरहीन काम गरेर रकमको व्यापक हिनामिना भएको पाइएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशले अनावश्यक कर्मचारी भर्ना गरेर १ करोडभन्दा बढीको खर्च गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । मुख्यमन्त्री कार्यालयले करारमा कर्मचारी भर्ना गरेर ९८ लाख ९४ हजार रूपैयाँ पारिश्रमिक वापत खर्च गरेको हो ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको मधेश प्रदेशको चौथो वार्षिक प्रतिवेदनअनुसार मुख्यमन्त्री कार्यालयले कर्मचारीहरूको कार्य विभाजन र कार्यसम्पादन गरेको पुष्टि हुने कुनै आधार नदेखिएको, कर्मचारीलाई दिएको कामको जिम्मेवारी, कार्यालयमा उपस्थिति, सम्पादन गरेको कामको विवरण उपलब्धी सहितको प्रमाण पेस नगरेको उल्लेख गरेको छ ।

महालेखा परीक्षकको प्रतिवेदनमा त्यस्ता कार्यहरूको उपलब्धीसहितको प्रमाण पेस गरेर खर्चको औचित्य पुष्टि हुनुपर्ने उल्लेख गरेको छ । मुख्यमन्त्री कार्यालयले मुख्यमन्त्री स्वच्छता अभियान कार्यान्वयन गर्न कार्यक्रम बजेटबाट ११ जनालाई करारमा राखी ३८ लाख २४ हजार, बेटी पढाउ बेटी बचाउ कार्यक्रमका लागि ६ जनालाई करारमा राखी २१ लाख ६७ हजार र पुँजीगत तर्फको, कन्टिन्जेन्सीबाट ३२ जना सुपरभाइजर राखी ३९ लाख ३६ हजार रूपैयाँ पारिश्रमिकबाट भुक्तानी गरिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, जानकी मन्दिर सौन्दर्यीकरण अन्तर्गत मर्मत सम्भार कार्य एक वर्षमा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५ मंसिर १७ मा ६ करोड ७५ लाख ४६ हजारको खरिद सम्झौता गरेकोमा सम्झौताको म्याद २०७८ पौष



*राष्ट्रपति विद्यादेवी भण्डारीलाई महालेखा परीक्षक टंकमणि शर्मा दंगालले ५९औं प्रतिवेदन हस्तान्तरण गर्दै ।*

मसान्तसम्म थप गरेको छ ।

यो वर्ष निर्माण व्यवसायीलाई तेस्रो बिलको १ करोड ४० लाख ३५ हजार समेत हालसम्म ४ करोड ३१ लाख १४ हजार भुक्तानी गरेको छ । मन्दिर प्रांगणमा विभिन्न रंगका मार्बलहरू बिच्छाउने गरी खरिद सम्झौता भएकोमा पुरातत्व विभागको सुझाव अनुसार रंगीन मार्बलको सट्टा सेतो मार्बल मात्र बिच्छाउने गरी भेरिएसन स्वीकृत गर्न मुख्यमन्त्रीबाट २०७५ चैत २७ मा सैद्धान्तिक निर्णय भएता पनि विधिवत रूपमा भेरिएसन स्वीकृत नै गरिएको छैन ।

खरिद सम्झौतामा प्रति वर्गमिटर रंगिन मार्बलको ४ हजार र सेतो मार्बलको ५ हजार ३०० रहेको छ । सुरू सम्झौतामा सेतो मार्बलको परिमाण १९४५.०८ वर्ग मिटर रहेकोमा तेस्रो बिलसम्म ६ हजार ५७६ वर्ग मिटरको प्रति वर्गमिटर ५ हजार ३०० ले ३ करोड ४८ लाख ५७ हजार भुक्तानी भएकोले रंगिन मार्बलको मूल्य घटाई गणना गर्दा सम्झौता भन्दा ६० लाख २१ हजार बढी भुक्तानी भएको छ ।

तेस्रो बिलसम्म सेतो मार्बलको मात्र भुक्तानी गरेकोमा आंशिक रूपमा रंगिन मार्बल बिच्छाएको र मार्वलहरू ठाउँठाउँमा चर्किएको देखिंदा मार्बलको गुणस्तर र रंग सम्बन्धमा प्राविधिकबाट यकिन गरी सम्झौता अनुसारको कार्य सम्पन्न गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकेको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई भेरिएसन जारी गर्नुपर्ने भएमा प्राविधिक पष्टाईसहित भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(१)मा अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेट र कार्यक्रमको आधारमा खर्चको आदेश दिनुपर्ने व्यवस्था रहेको र कुनै कार्यक्रमको बजेट अन्य कार्यक्रममा खर्च गर्नुपर्ने भएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ बमोजिम कार्यक्रम संशोधन गर्नुपर्ने व्यवस्था छ ।

वार्षिक कार्यक्रममा ३४ वटा योजनाहरूको डिपीआर तयार गर्न ३ करोड ४० लाख विनियोजन भएकोमा १६ योजनाको डिपीआर तयार गरी बाँकी रहेको रकमबाट कार्यक्रम संशोधन तथा स्वीकृति बेगर अन्य ८ योजनामा मठमन्दिर मर्मत, सडक ग्राभेल, कम्पाउण्ड वाल निर्माण जस्ता कार्यमा ३ करोड ४ लाख ५९ हजार खर्च लेखेको छ । यस्तै धनगढीमाई पोखरी सौन्दर्यीकरणको बजेटबाट जिल्ला प्रशासन कार्यालय, सिरहामा मर्मत कार्य र अन्य मन्दिरहरूको मर्मत कार्यमा ६२ लाख ७३ हजार, इनार निर्माण कार्यको बजेटबाट विभिन्न मठ मन्दिर मर्मत कार्यमा १८ लाख ७४ हजार, छात्रा शौचालय निर्माण कार्यक्रमको बजेटबाट अन्य योजनाको मर्मतलगायत कार्यमा ४६ लाख ६६ हजार, डेवडिया भोइल पोखरीको बजेटबाट अन्य पोखरी मर्मत कार्यमा २७ लाख ५२ हजार र शहरी शौचालय निर्माणको बजेटबाट आवास मर्मतमा रू.१८ लाख ७४ हजार खर्च लेखेको छ ।

मुख्यमन्त्री कार्यालयले एक गैरसरकारी संस्थाले सञ्चालन गरेको विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्रलाई महोत्तरी जिल्लाको वर्दिवास नगरपालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा कम्पाउण्ड वाल निर्माण वापत सोही संस्थाका पदाधिकारीहरू संलग्न भई गठन भएको समितिलाई ७१ लाख १३ हजार भुक्तानी दिएको छ । उक्त जग्गाको स्वामित्व खुल्ने कागजात पेस भएको छैन ।

मुख्यमन्त्री कार्यालय र मातहतका ३ निकायको ५१ करोड १४ लाख ६८ हजार बेरूजु देखिएको छ । सो रकममा लेखापरीक्षणको लागि ठेक्का फाइल पेश नभएको १५ करोड १ लाख समेत समावेश छ ।

प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि

बाँकी अन्तिम पृष्ठमा

## चुनावी तालमेलले जसपालाई घाटा !



काठमाडौं । जनता समाजवादी पार्टी नेपालले स्थानीय तह चुनावमा गठबन्धनबीच तालमेल गर्दा पार्टीलाई घाटा भएको निष्कर्ष निकालेको छ । गठबन्धनले केही ठाउँमा पद प्राप्त भएपनि त्यसले दिएको अन्योल, अपमान, तिरस्कार, जटिलताले पार्टी निर्माणको दीर्घकालीन लक्ष्यमा क्षति भएको निष्कर्ष जसपाले निकालेको हो ।

उपेन्द्र यादवको अध्यक्षतामा वीरगञ्जमा जारी केन्द्रीय समितिको बैठकमा जसपाका वरिष्ठ नेता अशोक राईले स्थानीय चुनावको समीक्षा प्रतिवेदन प्रस्तुत गर्दै सो निष्कर्ष निकालेका हुन् । पार्टीमा भएको क्षतिलाई आगामी दिनमा कम गर्न प्रयत्न गर्नुपर्ने सुझाव पनि प्रतिवेदनमा दिइएको छ ।यसका लागि पार्टीभित्रको गुटबन्दी, बेमेलहरूलाई अन्त्य गर्ने र गठबन्धन गर्दा सम्मानजनक सहभागिताको प्रत्याभूति गर्नुपर्ने सुझाव वरिष्ठ नेता राईले दिएका छन् । आफ्नै पार्टीका उम्मेदवारलाई हराउन अन्तर्घात गर्ने, अरू उम्मेदवारलाई भोट दिनेमात्र होइन, भोट माग्ने, आर्थिक लेनदेनमा भोट बिक्री गर्ने काम पनि पार्टीमा भएको नेता राईले प्रस्तुत गरेको समीक्षामा उल्लेख छ । यस्ता प्रवृत्तिहरू निन्दनीयमात्र नभएर कारवाही गर्न लायक रहेको उल्लेख गर्दै राईले पार्टीमा आफ्नै सहकर्मीलाई वा पार्टीलाई घात गर्नु भनेको अनैतिक मात्र नभएर आपराधिक कार्यसमेत रहेको प्रस्ट पारेका छन् ।

यस्तै प्रवृत्ति रहेसम्म विपक्षीहरूसँग संघर्ष वा प्रतिस्पर्धा गर्ने पार्टीको क्षमता कहिल्यै बलियो नहुने समीक्षामा भनिएको छ । गठबन्धनको बाँडफाँटमा उम्मेदवारी पाएका उम्मेदवारलाई पनि इमान्दारीपूर्वक मत दिएको अवस्था नरहेको भन्दै उनले त्यसकै कारण कयौं ठाउँमा जसपाका उम्मेदवार पराजित हुनु परेको जनाएका छन् । पार्टीले स्थानीय तहमा यो पटक सिटहरू गुमाउनु परेको उल्लेख गर्दै उनले आफ्नै नेतृत्वको सरकार भएको मधेश प्रदेशमा समेत जसपाको सिट संख्या पहिलेको तुलनामा घटेको राईले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

## औपचारिक विभाजनतर्फ जसपा : रेणुले पार्टी त्यागिन्, भट्टराईले नयाँ पार्टी बनाउने

काठमाडौं । उपेन्द्र यादव र बाबुराम भट्टराई दुवैले आफ्ना पक्षको छुट्टछुट्टै बैठक क्रमश: वीरगञ्ज र काठमाडौंमा गरेपछि जसपा विभाजनको अन्तिम विन्दुमा पुगेको छ । तर, पार्टी विभाजन यादव पक्षले वीरगंजमा बोलाएको बैठकमा भर परेको छ ।

भट्टराईले वीरगंजको बैठक स्थगित गरेर छलफलका लागि आउन यादवलाई आह्वान गरे पनि यादव पक्षबाट अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन । बरू यादव पक्षले भट्टराईलाई कारवाही गर्ने तयारी गरेको छ । यदि भट्टराईलाई कारवाही गरियो भने जसपाको औपचारिक विभाजनको प्रस्थान विन्दु यहि हुनेछ ।

भट्टराई पक्षका नेता महिन्द्रराय यादवले आफूहरू कुनै पनि हालतमा पार्टी विभाजन नहोस् भन्ने पक्षमा रहेको दाबी गर्छन् । 'तर, हामीले भनेर मात्र हुँदैन । यसका लागि उपेन्द्र यादव पनि तयार हुनुपर्छ', उनी भन्छन् ।

आफूहरूलाई कुनै जानकारी नै नदिई वीरगंजमा बैठक बोलाइएको भट्टराई पक्षीय नेताहरूको गुनासो छ । यादवले उक्त बैठक पार्टी विभाजनका लागि नभई कार्यकर्तालाई यथार्थ बताउन बोलाइएको पनि दाबी गरे ।



२०७६ वैशाख २३ गते तत्कालीन संघीय समाजवादी फोरम र नयाँ शक्ती पार्टी नेपालबीच एकता भई समाजवादी पार्टी बनेको थियो । समाजवादी पार्टी २०७७ वैशाख १० गते राष्ट्रिय जनता पार्टीसँग मिलेर जसपा बनेको थियो । समानुपातिक नेतृत्व प्रणाली, पार्टी विधान शैलीमा नचल्नु, अध्यक्षको एकलौटे कार्यशैली लगायतका मुद्दामा जसपामा भट्टराई र यावदबीच बढ्दै गएको मनमुटावले उत्कर्ष रूप लिएको हो । यही मनमुटावका कारण यादव पक्ष वीरगन्जमा केन्द्रीय समीतिको बैठक बसेका छन् भने भटट्राई पक्षले काठमाडौंमा बैठक राखेका थिए ।

'हामी एकताकै पक्षमा छौं तर यादव पक्षको बैठकले के निर्णय गर्छ, पार्टी एकता त्यसैमा निर्भर छ', यादवले भने । यादवले भट्टराई पक्षको बैठक पार्टी पुनर्गठनको अभियान रहेको पनि दाबी गरे ।

जसपामा यादव र भट्टराई निर्णायक छन् । तर, दुई नेताबीच शक्ति संघर्ष पनि तीव्र छ । जुन अहिले सतहमा आएको छ । मौका पर्दा एकले अर्कालाई अल्पमतमा पार्ने प्रयास गरिएको हो । अहिले यादव पार्टी भित्र बहुमतमा छन् ।

यसबीचमा गुटको फाइदा लिएर भट्टराईलाई समर्थन गरेका तर मन्त्री बन्नका लागि यादवसँग निकट देखिएका मोहम्मद इस्तियाक राई र प्रदीप यादव मन्त्री बनेका छन् । दुवैले मन्त्री पदका लागि भट्टराईको गुट छाडेका हुन् ।

यसअघि सरकारमा रहेका तीन जना मन्त्री फिर्ता बोलाएर जसपाले नयाँ मन्त्री पठायो । जसपामा आवश्यकताभन्दा बढी स्वार्थ हावी थियो । सुरूमा यादव स्वयंम् पनि पार्टीभन्दा बढी सत्तामा केन्द्रित थिए । अहिले पनि उनी पार्टीको आकारलाई बढाउन सत्ता केन्द्रित छन् ।

**भट्टराईको छुट्टै पार्टी**

भट्टराईले जसपाबाट अलग भएर नयाँ पार्टी गठन गर्ने निर्णय गरेका छन् । मंगलबार र बुधबार काठमाडौंमा बसेको भट्टराई पक्षको विस्तारित बैठकले यस्तो निर्णय गरेको हो ।

बैठकमा उपस्थित केन्द्रीय कार्यकारणी सदस्य लगायत अधिकांश नेताले विपरीत विचार भएका नेतृत्वमा संघर्ष गरेर बस्नुभन्दा फरक पार्टी खोलेर वैकल्पिक राजनीति गर्न विचार राखेका थिए ।

नयाँ पार्टी खोल्न डा. भट्टराईलाई म्यान्डेड दिइएको छ । म्याडेन्ड पाउनेहरूमा प्रशान्त सिंहसँगै डम्बर

बाँकी अन्तिम पृष्ठमा

## तमलोपाद्वारा 'स्वशासनको पाँच वर्ष' संगोष्ठी



जनकपुरधाम । तराई-मधेश लोकतान्त्रिक पार्टीले 'स्वशासनको ५ वर्ष' संगोष्ठी कार्यक्रम जनकपुर बार एसिसिएसनको सभा कक्षमा सम्पन्न गरेको छ । तमलोपाको यस कार्यक्रममा राम्रो सहभागिता देखिएको थियो । कार्यक्रममा सर्वोच्च अदालतका पूर्व वरिष्ठ न्यायाधीश गिरिशचन्द्र लाल, सार्वजनिक खरीद प्रक्रियाका विज्ञ ई. सत्यनारायण साह, नेकपा समाजवादीका नेता संविधानसभा सदस्य शीतल झा र तमलोपाका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लाल प्रमुख वक्ता थिए ।

कार्यक्रमको मोडरेटर डा. विजयकुमार सिंहले संगोष्ठीको उद्देश्य देशमा संघीय संरचनापछि स्वशासनको अभ्यास सही दिशामा र जनआकांक्षा अनुरूप भयो भएन भन्ने कुरामा स्वतन्त्र विचारकहरूको मन्तव्य जान्नु रहेको बताएका थिए ।

उनले स्वशासनको अर्थ नै नबुझी अभ्यास भइरहेको र विधिको शासनको आभाष हुन नसकेको धारणा व्यक्त गरेका थिए ।

सर्वोच्च अदालतका पूर्व वरिष्ठ न्यायाधीश

बाँकी अन्तिम पृष्ठमा

## मधेश आन्दोलनको रापतापमा एकल जातीय गठबन्धनको बर्चस्व

मधेश सरकारले कार्यकालको ५ बर्ष पुरा गर्दैछ। एक मधेशी दलले सधैं अर्काको अस्तित्वलाई चुनौति दिई रहदाँ पनि मिलेरै शासन हत्याएका दुई मधेशी पार्टी अहिले ४/५ वटामा टुक्रिएका छन्। यस अघि १२/१४ टुक्रा मिलेर यिनीहरू दुईवटा भएका थिए।

आफु स्वयं र सहकर्मीहरूले बनाएको माओवादीलाई 'कछुवाको गतिमा हिडिरहेको' आरोप लगाएका डा. बाबुराम भट्टराईले जसपामा " भ्यागुतो उफ्र्याई" को संभावना देखेका थिए। कुन पार्टीमा जादै छु, यसको हेक्का डा. साहेबले राख्नु भएन। जनयुद्ध ताका भारतको दिल्लीमा सुरेश आले मगर, मातृका यादव र उपेन्द्र यादव पक्रिएका थिए। आले मगर र मातृकालाई भारतीय पुलिसले नेपाललाई हस्तान्तरण गर्यो, जबकि उपेन्द्रलाई केही दिन दिल्ली मै राखेर पछि रिहा गरिएको थियो। पक्राउ गरिएको स्थानमा केही बेर पछि प्रचण्डको पनि आउने कार्यक्रम थियो। यस घटनालाई माओवादीले ठूलो षडयन्त्र देख्यो उपेन्द्रलाई अपराधी। यस घटनाको छानबिन गर्न माओवादी हेडक्वार्टरले डा. बाबुरामको नेतृत्वमा (तेती खेरको नाम लालध्वज) समिति बनायो। यस समितिले उपेन्द्रलाई भारतीय 'रअ' को योजनामा काम गर्ने घुसपैठिया ठहर गरी मृत्यदण्ड दिने निर्णय गरेको थियो। तर, समय बदलियो, यही उपेन्द्र नेतृत्वको जसपामा डा. साहेब 'भ्यागुतोको उफ्र्याई हुनसक्ने" देख्नु भयो। डा. ले बिर्सनु भयो'पानी खानु मूलको'!

अहिले उपेन्द्रलाई 'क्षेत्रीयताको नाममा भोट पाएर सत्ताका लागि केन्द्रमा लम्पसार परेको' आरोप लगाएका छन्-मधेशका ती स्वनामधन्य भगवानलाई। अन्ध भक्तहरूले बहुधा भगवानलाई चिनेकै हुन्नन्। डा. साहेब छुट्टिने तिर लाग्नु भयो, भलो गर्नु भयो। अब नयाँ सोचका साथ भरपर्दो गठबन्धन वा सहकार्य कायम गर्नु होस्।

जे होस, एकले अर्काको प्रतिरक्षा गर्दै उपेन्द्रहरू सत्तामा अविच्छिन्न् रहेको पाँच बर्ष हुदैछ। यस ५ बर्षको इमान्दार मूल्यांकन हुनु पर्दछ। मधेशमा के प्रगति भयो, सुचकांकहरूले बोल्नु पर्दछ।

यस अवधिमा, यता प्रदेशगत इजिडिपी मा मधेश प्रदेश सबैभन्दा तल छ। सबभन्दा बढी बागमती प्रदेश ६.७४% जब कि मधेश प्रदेशको सब भन्दा कम ४.८२ रह्यो।

सातै प्रदेशको तुलनामा मधेश प्रदेशका यौटा पनि जिल्ला पूर्ण साक्षर हुन सकेन। सबै प्रदेश मध्ये सबभन्दा बढी जनप्रतिनिधी उपर यही भ्रष्टाचारको मुद्दा दर्ता भएको छ।

यस आ.ब.मा सबभन्दा कम बिकाश खर्च मधेश प्रदेश कै छ। अख्तियार मुख्यमंत्रीको भान्सा कोठामा छिरेको यही हो। यी सब कृत्यलाई रोक्ने निकाय 'जन लोकपाल' सातबटै प्रदेश मध्ये यही मात्र छ। सार्वजनिक जीवनमा भने यस निकायको कुनै गतिविधी देखिन्न्। शायद, मधेशको यो लोकपालले आफ्ना पोषकहरूको फायलहरूलाई तामेलीमा राखेर सेवा पुर्याई रहेको होला। यस्तो अवस्था छ मधेशको। चरित्रमा कालो पोतिएको छ। तर, यिनकै कुर्ता पाईजामा सब भन्दा बढी 'टिनोपालबाला सफेदी' देखिन्छ। यहाँका नेताहरू मसिहा भैरहेकै छन्, जनताबाट कुनै प्रश्न छैन।

जनकपुरका बासीहरू गोर्खाली भएका छन्। गोर्खालीसंग आधारभूत रूपमा तीन कुरा जोडिएर आएको इतिहास छ: १) खस राज्य, २) नेपाली भाषा र खस भेष अनि ३) हिन्दू धर्म।

मधेशमा, मधेश आन्दोलनको राप तापमा खस आर्यका जस्तै एक जातीय गठबन्धनको बर्चस्व भएकाहरूको शासन छ। हाल मधेशबाट यसलाई ठूलो चुनौति देखिन्न्। जनकपुरका नयाँ गोर्खालीहरू समग्रमा मधेशको आर्थिक उत्थानको साटो भावनात्मक बजारीकरणमा बढी व्यस्त छन्। औपचारिक समारोहहरूमा भाषामा 'मैथिली' र भेषमा 'पाक'को प्रयोगलाई बढावा दिएर अह्लादित भै जनकपुर पुरै बौलाएको छ। मैथिली भाषा प्रति मधेशी सत्ताको रणनीतिक उपयोगबाट जनक र शिब चौक स्वभावत: खुशी छ। हिन्दू धर्मका बारेमा केही भनिरहनु परेन। के फरक रह्यो त खस-आर्य बर्चस्वको काठमांडू अनि 'पान,पाक र मखान' लाई मधेश मुक्तिको पर्याय बनाएका जनकपुरीया मानसिकताका बीच। यस परिदृश्यको आलोकमा आजको जनकपुरले मधेशको खोजीलाई बलात् रोकेको छ। थोरै अवसरवादीहरूको स्वार्थको समागमले मूल



बाँकी अन्तिम पृष्ठमा

## सम्पादकीय

# यादव र भट्टराईको टकराव

वैकल्पिक  र मधेशको शक्ति भनेर दाबी गरिदै आएको जनता समाजवादी पार्टी (जसपा) कुनै सैद्धान्द्धिक आधार बिना टुक्रिएको छ। पार्टीका अध्यक्ष उपेन्द्र यादव र संघीय परिषद्का अध्यक्ष बाबुराम भट्टराई दुबैले आआफ्ना पक्षको छुट्टाछुट्ट बैठक बोलाएर पार्टी विभाजनको बिउ आपचारिक रूपमा रोपेका छन् । यहाँ दुवैबीच कुनै सैद्धान्तिक मतभेद छैन बरू शक्ति संघर्षमा मात्र विमति छ ।

शक्ति टकराव र स्वार्थका कारण नै जसपा फुटको डिलमा पुगेको छ। यादव पक्षले वीरगन्जमा बैठक गरिरहेका छन् भने भट्टराई पक्षको बैठक काठमाडौंमा भएको छ। दुवै पक्षले आ-आफ्ना बैठक मात्रै आधिकारिक भएको दाबी गरेका छन् ।

जसपाभित्र सत्ता र शक्तिको स्वार्थको लडाइँ उत्कर्षमा पुगेपछि पार्टी विभाजन नजिक पुगेको हो। यादव र भट्टराईबीच सैद्धान्तिक र विचारको लडाइँ छैन बरू पार्टीभित्र आधिपत्य, स्वार्थ  र वर्चस्वका लागि अनवरत संघर्ष गरिरहेका छन्। यो यस्तो लडाइँ हो, जहाँ पार्टी र नेताको भविष्य मात्र होइन अन्नत: यादव र भट्टराईको राजनीतिक जीवन पनि समाप्त गर्न सक्छ। सत्ता समीकरणका कारण मात्रै विगतमा भट्टराईको नयाँ शक्ति पार्टीले जसपासँग पार्टी एकता गरेका थिए।

**नेतृत्वको निर्णय पारदर्शी छैन । पार्टीभित्रै सामूहिक विचार, विमर्श र छलफल नहुँदा जसपा पार्टी नभई प्राइभेट कम्पनीको रूपमा पुगेको छ । नेपाली राजनीतिमा मधेशी दलको विभाजनको इतिहास लामो छ ।**

यद्यपी जसपाको गठन मधेश आन्दोलनबाट भएको हो तर नेताहरूबीचको शक्ति संघर्षले पार्टी कमजोर, निष्प्रभावी र असफल हुँदै गइरहेको छ।

यसको नेतृत्व र नेता सँगसँगै पार्टीमा आए। पार्टीभित्र सबैले बराबर अधिकार र सामाजिक न्याय खोजिरहेका छन्। त्यसैकारण नेतृत्वले असुरक्षित महसुस गरिरहेको छ। त्यसैले नेतृत्वको निर्णय पारदर्शी छैन। पार्टीभित्रै सामूहिक विचार, विमर्श र छलफल नहुँदा जसपा पार्टी नभई प्राइभेट कम्पनीको रूपमा पुगेको छ। नेपाली राजनीतिमा मधेशी दलको विभाजनको इतिहास लामो छ। व्यक्तिवादी सोचले नेताहरू ग्रसित छन्। त्यसले ती दलहरू टुक्रा–टुक्रामा विभाजित हुँदै आए पनि नेताहरूको चेत खुलेको छैन।

गत वर्ष सत्ताको स्वाद चाख्न जसपाभित्रको एक घटक  महन्थ ठाकुर पक्ष तत्कालीन केपी ओली सरकारमा सहभागी भएको थियो। यो प्रकरण पनि जसपा विभाजनको पर्याय हो।

ठाकुर पक्षले जसपाबाट फुटेर २०७८ भदौ ९ गते लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) गठन गरे। ठाकुरले  पार्टी फुटाएर नयाँ दल दर्ता गरे पनि जसपामा यादव र भट्टराई एउटै पार्टीमा रही रहे।

२०७६ वैशाख २३ गते यादवको नेतृत्वमा रहेको संघीय समाजवादी फोरम नेपाल र बाबुराम भट्टराई संयोजक गरेको नयाँ शक्ति पार्टीबिच एकीकरण भएको थियो। दुवै दलबीच एकतापछि पार्टीको नाम  समाजवादी पार्टी नेपाल राखिएको थियो। संघीय परिषद्को अध्यक्षमा भट्टराई थिए भने पार्टीको नेतृत्वमा यादव।

भट्टराई पक्ष पनि अलग भएपछि पार्टीमा यादव पक्ष मात्रै रहनेछ। पार्टीभित्र आन्तरिक लोकतन्त्र कमजोर भएकाले नै जसपा मात्र नभई अन्य मधेशी दलहरू टुटफुटको बाटोबाट गुज्रिरहेको छ। मूलत: अहिले जसपाको विभाजन सिद्धान्त र एजेन्डाविहीन छ। स्वार्थका लागि यादव। भट्टराई एक आपसमा लडिरहेका छन्।

# राजनीति, दलीय प्रवृति र देशको अवस्था

**विचार-विश्लेषण** भाग-१४२



उपेन्द्र झा

**नेपालका बेरोजगार युवाहरूको विदेश पलायन सरकारका लागि लाजको विषय नभएर गौरवको विषय भएको छ। रेमिट्यान्स भित्रिने अवस्थाले यो गौरवको विषय बनेको हो। खर्बमा रेमिट्यान्स भित्रिएपनि यसले अर्थतन्त्र उकास्नमा खासै भूमिका देखाएन। सरकार पनि सन्तुलित अवस्थामा रहेन। अर्थात् हरेक क्षेत्रको असन्तुलनले देशमा आर्थिक, सामाजिक, राजनीतिक अराजकता बढाएर शासकवर्गमा किंकर्त्तव्यविमुढको अवस्था सिर्जना गरिदिएको छ।**

सत्य र असत्यको परीक्षण कति जटिल छ भने नतिजा हेर्न नपाउँदै पीढि दर पीढि बित्दै गएको हुन्छ। आजको सत्य भोली असत्यमा परिणत भएको देख्दा चकित हुनु स्वाभाविक हो। सच्याउन पनि पीढि नै बित्ने जटिलताको चक्करमा मानिसको ब्रह्मले पनि साथ छोड्छ। गाईवस्तुलाई हरियो चश्मा लगाएर सुकेको घाँस खान दिए जस्तै सत्य, असत्यको भ्रमित परिभाषामा अल्झाएर राख्ने प्रवृतिले सत्य नतिजा देखाउँदैन।

लक्ष्यमा पुग्न एउटा सैद्धान्तिक अडान लिएर राजनीतिक यात्रामा हिंडेकाहरू जब सरकार बनाउन पुग्छन्, त्यहाँ सैद्धान्तिक विचलनमा फँस्छन् र जनताको आकाँक्षा अधुरो रहन्छ। आफ्नो उद्देश्यलाई असत्य र यथास्थितिलाई सत्य परिभाषा गर्ने राजनीतिक यात्रीहरू चलाक प्रवृतिका हुन् कि आफू रूपान्तरण हुनु बाध्यता हो। यसरी सत्य असत्यको भ्रमित परिभाषाले राजनीतिक गन्तब्य नै अन्योलमा पर्छ।

जनताको हक अधिकारलाई संविधानमा सुनिश्चित गर्नु र कार्यान्वयन पक्ष कडाईका साथ लागू हुँदा मात्र जन अपेक्षा पूरा हुन्छ। संविधान प्रदत्त अधिकारको उपभोग गर्दा शब्दजालमा फँसाएर अपराधी ठहराउने, अधिकार उपभोग गर्न नदिने प्रपञ्च रच्ने जनप्रतिनिधी नै देखा पर्छन भने के सत्य र के असत्य जनता ठम्याउनै सक्दैन। नीति निर्माणको केन्द्रमा बसेर दुरूह शब्दजालबाट परिभाषा गर्ने राजनेताको परिभाषा गलत हुँदैन भनेर विश्वास गर्ने निरीह जनता जब प्रतिकूल परिस्थितिको सामना गर्ने अवस्थामा पुग्छन् तब विद्रोही बनेका हुन्छन्।

जनतालाई अधिकार दिनु भनेको शासकवर्ग संकुचनमा पर्नु हो। आफ्नो अधिकार क्षेत्रको संकुचन कसैले बर्दास्त गर्दैन। अधिकार दिन बाध्यता पनि छ। कम क्षति हुने किसिमले देय जनअधिकारको बाँगिएको परिभाषा गरि दिने प्रपञ्च रच्दै राजनीतिलाई दुषित बनाउँदै लगेकोबाट यसले सकारात्मक परिणाम दिनै सक्दैन। आफ्नो स्वार्थलाई प्राथमिकतामा राखेर जन अपेक्षालाई वेवास्ता गरि हिंड्ने केही समयका लागि सफल होला, तर पछि ठूलो जनविद्रोहको सामना गर्नु पर्ने हुन्छ।

जनताको आन्दोलनको आवाज बमोजिम शासन प्रणालीको नाम संघीय लोकतान्तिक गणतन्त्र त राखियो, तर त्यो आवरणको रूपमा मात्र रह्यो। एक ठाउँबाट भ्रष्टाचार हुँदा कसैलाई पुग्ने, नपुग्ने अवस्था थियो। अहिले ७ वटा ठाउँबाट भ्रष्टाचार गर्ने अवसर पायो। हरेक कुराबाट अवसर प्राप्त गर्ने प्रवृतिको विकास भयो। जन अपेक्षा पूरा गर्ने राजनीतिको गन्तव्य नै दिग्भ्रमित भयो र जनप्रतिनिधीको स्वार्थ पूरा गर्ने माध्यम बन्यो। यसरी राजनीतिको स्वरूप नै बदलियो।

गरिब मुलुकका दरिद्र मानसिकताबाट ग्रसित रोगीहरू जनप्रतिनिधीको रूपमा राज्यसत्तामा आए। पूर्ववर्ती शासकदीर्घामा बसेकाहरू यिनका मार्गदर्शक बने। आफ्नो सुरक्षाका लागि मित्रवत् तथा दास, गुलामको भूमिकामा रहेका पूर्ववर्ती शासकहरूले यिनको स्वच्छतामाथि ठूलो प्रहार गऱ्यो। निजी धन कमाउन अवसर देखाउने ती भ्रष्ट सल्लाहकारहरूको मोहपाशमा बाँधिएपछि यी दरिद्रताका रोगीहरू देश र जनताप्रतिको जिम्मेवारी र दायित्वबाट बञ्चित हुन पुगे।

आन्दोलनपछि राज्यसत्तामा पहिलो पल्ट नवआगन्तुकहरूले धनलाभको इच्छालाई नियन्त्रणमा राख्न चाहेन। धन कुबेर भएपछि राजनीतिमा त्यसैपनि स्थापित हुने इच्छा प्रवल रूपमा बढ्दै गएपछि सैद्धान्तिक विचलन शुरू भयो र देश र जनताप्रतिको दायित्व हराउँदै गयो। जन उत्तरदायी सरकार भनिएपनि काम भने आफ्नै बर्चस्वको लागि गर्ने प्रवृतिले देशको राजनीति अवस्था बिग्रिदै गएको छ। असल अभिभावकत्वको अभावमा भ्रष्टाचारीहरूले आर्थिक क्षेत्रलाई पनि दयनीय बनाई दिएको छ। सरल रूपमा असीमित आमदानी हुने राजनीतिक क्षेत्रमा विस्तारै देशको अधिकाँश जनशक्ति केन्द्रित हुन थालेपछि अरू क्षेत्र जनशक्तिको अभावमा धाराशायी हुने नै भयो। अवसरको अभावमा नेपालका ६० लाखभन्दा बढि युवा विदेश पलायन भएकोले नेपालमा जनशक्तिको अभाव खडकिनु स्वाभाविकै हो।

देशको आर्थिक अवस्था जर्जर रहेको अब सरकारी स्तरमा चर्चा हुन लागेको छ। अहिलेसम्म लाज पचाएर मिथ्याँक देखाउने, आर्थिक क्षेत्र राम्रो रहेको दावा गर्नेहरू अब देशको आर्थिक अवस्था खराब भनेर भन्न थालेपछि सत्यतथ्य बाहिर आएको छ। विदेशी मुद्रा संचितीको अवस्था अति कमजोर रहेको कारण नै नेराबैंकले ६५ वस्तुको आयातमा रोक लगाएको छ। सरकारी कर्मचारी, जनप्रतिनिधीहरू, सरकार तथा बिचौलियाहरू सबै एकनाशले देशको अर्थ व्यवस्थालाई घुन जस्तै चाट्दै गएपछि देश यस्तो अवस्थामा पुगेको छ।

नेपालका बेरोजगार युवाहरूको विदेश पलायन सरकारका लागि लाजको विषय नभएर गौरवको विषय भएको छ। रेमिट्यान्स भित्रिने अवस्थाले यो गौरवको विषय बनेको हो। खर्बमा रेमिट्यान्स भित्रिएपनि यसले अर्थतन्त्र उकास्नमा खासै भूमिका देखाएन। सरकार पनि सन्तुलित अवस्थामा रहेन। अर्थात् हरेक क्षेत्रको असन्तुलनले देशमा आर्थिक, सामाजिक, राजनीतिक अराजकता बढाएर शासकवर्गमा किंकर्त्तव्यविमुढको अवस्था सिर्जना गरि दिएको छ।

दलीय स्वार्थभन्दामाथि उठेर देशको स्वार्थमा सोच्ने राजनीतिक दलमा विकास भएको छैन। यसरी न संघ, न लोकतन्त्र न गणतन्त्र ट्र्याकमा हिंड्न सकेको छ। देशको राजनीतिक अवस्था लामो समयदेखि अस्त व्यस्त रहेको कारणले नियम कानून, सरकारी संयन्त्र सबै अस्त व्यस्त रहेकोले देशमा असामाजिक तत्वको बिगबिगी बढेको छ। वेरोजगारी, महँगी, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती आदि असामाजिक गतिविधि बढ्न थालेको छ।

आयातमा आधारित नेपाली जनजीवन कतिञ्जेल भोकमरीको शिकार हुने, यो पनि न सरकार न प्रतिपक्ष कसैको सरोकारको विषय रहेन। अर्थात् जेहोला देखा जाला भन्ने स्थिति देखा पर्दैछ। यस्तै श्रीलंकामा सरकारको वेवास्ताका कारण देश भोकमरीमा परेको हो। नतिजा जनताले लखेटेर देशबाट भगाएको छ। सरकारी नियन्त्रणभन्दा बाहिर रहेको हरेक कुरा अनियन्त्रित अवस्थामा रहेकोले जनताको पहुँचभन्दा बाहिर जान थालेपछि नेपाली जनताले श्रीलंका जस्तै यहाँ पनि सरकारलाई लखेटेर धपाउने बेर छैन।

janukjha24@gmail.com

# गठबन्धन सरकारको विकल्प खोज्न जरूरी छ : प्रभु साह

रौतहट। नेकपा एमालेका स्थायी कमिटी सदस्य एवम् पूर्वमन्त्री प्रभु साहले वर्तमान गठबन्धन सरकारबाट जनता आजीत भैसकेको बताएका छन्।

सोमबार रौतहटको ईशनाथ नगरपालिकाको मन्सरीमा मुश्लिम धर्मावलम्बीहरूको पर्व बकरिदको शुभकामना आदानप्रदान कार्यक्रममा पूर्वमन्त्री साहले गठबन्धन सरकारको कार्यशैलीले जनतालाई निराश बनाउनुका साथै आक्रोसित समेत बनाएको बताएका हुन्। सरकारको भ्रष्ट चरित्रले गर्दा अचाकली महङ्गी बढेको तथा जनता पीडित हुन थालेको उनले बताए।



सूचनाको हकको संवैधानिक व्यवस्था समेत लत्याएर प्रमुख प्रतिपक्षी दलले मागेको एउटा सामान्य सिसिटिभी फुटेज मेट्याउने हर्कतले लोकतान्त्रिक व्यवस्थाको मजाक बनाइएको पूर्वमन्त्री साहको आरोप छ। “आज देश कुन हालतमा सबैले देखिरहेको छ। संसदमा जारी हंगामाले देशको राजनीतिलाई लज्जित बनाएको छ। सुचनाको हक आम नेपाली जनताको मौलिक हकको रूपमा रहेको छ, तर देशको सर्वोच्च संसदमा प्रमुख प्रतिपक्षीले एउटा सामान्य सिसिटिभी फुटेज माग्दा समेत फुटेज नष्ट गर्ने, बरू मन्त्रीले राजीनामा दिने तर सत्य तथ्या जानकारी नदिने जुन हर्कत भएको छ यसले लोकतन्त्रको मजाक बनाएको छ।“ पूर्वमन्त्री साहले भने, “एकातिर संसदमा हुनुपर्ने कामकारवाही नगर्ने, अर्कोतिर सरकार संचालन मनोमानी ढंगले गर्ने प्रवृती हाबी भएको छ। जनताले थेग्न नसक्नेगरी महङ्गी बढेको छ। वर्तमान गठबन्धन सरकारबाट जनता आजित बनिसकेको छ। सरकारको विकल्प खोज्न जरूरी छ।“

पूर्वमन्त्री साहले सत्तापक्षको गठबन्धन सरकार नभई ठगबन्धन सरकार रहेको टिप्पणी गरे। उनले ओली नेतृत्वको कम्युनिष्ट सरकारले सुरू गरेका विकास निर्माणका ठुल्ठुला योजनाहरू रोकेर विकासविरोधी गतिविधि समेत गरेको आरोप लगाएका छन्।

पूर्वमन्त्री साह बकरीदको शुभकामना आदानप्रदानका क्रममा रौतहटको परोहा नगरपालिका, राजपुर नगरपालिका, गौर नगरपालिका, गरूडा नगरपालिका लगायतका विभिन्न स्थानमा पुगेका थिए।

# प्रदेशमा अनुत्पादक क्षेत्रमा बढी लगानी भयो

मधेश प्रदेशको मेरूदण्ड भनेको कृषि हो । यसमा सरकारले राम्ररी लगानी गरेको भए विकसित प्रदेशको रूपमा आउँथ्यो । कृषिमा जुन रूपमा लगानी हुनुपर्ने थियो, त्यो किसिमले भएको छैन । त्यस्तै, पर्यटनको अपार सम्भावना छ ।



## रामसरोज यादव

### मन्त्री, भौतिक पूर्वाधार विकास, मधेश प्रदेश

**० मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षको करिब ५० प्रतिशत बजेट फ्रिज भयो । यसमा तपाइँ के भन्नुहुन्छ ?**

– संघीय सरकार मातहतको महालेखा नियन्त्रक कार्यालयले २५ असारदेखि निकासा भुक्तानी गर्ने प्रदेश तथा स्थानीय तहको प्रणाली बन्द गर्दा प्रदेशमा पूर्णता प्राप्त गर्नै लागेका तथा सम्पन्न भई कागजात मात्र मिलाउनुपर्ने धेरै वटा योजना तथा कार्यक्रमको निकासा भुक्तानी बाँकी रहेकोले बजेट फ्रिज हुने अवस्था आएको हो । हामी एउटा डेलिगेशन लिएर प्रधानमन्त्रीसँग भेट्न पनि गयौं । तर सकारात्मक कुरो आएन । अब हामी कानूनी सल्लाहकार र अर्थविद्हरूसँग छलफल गरेर कानूनी बाटोतिर लाग्छौं । यसमा हाम्रो गल्ती होइन । हामीले २४ गतेसम्म आफ्नो भुक्तानीका लागि तयारी अवस्थामा थियौं, तर नेपाल सरकारको सर्भर नै डाउन भयो ।

**० तर आर्थिक वर्षको अन्तिममा मात्रै भुक्तानी दिने कारण के हो त ?**

– स्थानीय तहको निर्वाचन, जिल्ला समन्वय समिति लगायतको चुनावले गर्दा ढिलो भएको हो । चुनाव अगाडि जे-जति योजना वा कामहरू भएको थियो त्यसको मूल्यांकन भएर आइसकेको थियो । त्यसपछि हामीले इन्ट्री गर्न लाग्यौं तर सर्भरको कारणले हुन सकेन । असारको ३० वा ३१ गतेसम्मको समय बढाइदिएको भए भुक्तानीहरू हुनसक्थ्यो ।

**० चालु आर्थिकको भुक्तानी रोकिएको छ, काम भएको वा सम्पन्न भएका योजनाको भुक्तानी कसरी दिने त ?**

– त्यसको हामी अब कानूनी उपचार खोज्छौं । आर्थिक ऐन नियमावली छ । ती भुक्तानीहरूका लागि छुट्टै ऐन कानून बनाउनुपर्छ कि के गर्नुपर्छ त्यसको बाटो निकाल्छौं । प्रधानमन्त्रीसँग कुरा गर्दा उहाँले भन्नुभयो कि अर्थ सचिव र महालेखा परीक्षकले मानेनन् । उहाँले सम्भव छैन भनेर भन्दिनुभो । अहिलेसम्म विनियोजन विधेयक पास भएको छैन ।

**० तपाइँहरूको कार्यकालको अब चार महिनाको अवधि मात्रै बाँकी छ, आगामी आर्थिक वर्षको बजेटको चर्को आलोचना भएको छ नि ?**

– मेरो मन्त्रालयको कूल सात अर्ब रूपैयाँ बजेट रहेको छ । जसमध्ये धेरैजसो बहुवर्षीय र क्रमागत विषयहरू पैसा गएको छ । मानौं कुनै पुल ६०/७० प्रतिशत निर्माण भइसकेको छ, भने त्यो काम पूरा गर्न बजेट हालेका छौं । त्यस्तै सिंचाइमा बहुवर्षीय योजनाहरू छन्, त्यसमा पैसा हालियो । त्यस्तै, प्रत्येक निर्वाचन क्षेत्रहरूमा सडक निर्माणका लागि बजेट छुट्याइएको छ । बहुवर्षीय र क्रमागत विषयमा बजेट हालिसकेपछि बढीमा एक-डेढ अर्ब रूपैयाँ नयाँ योजनामा लगाएका छौं । तर सञ्चारमाध्यमहरूमा अनावश्यक योजनामा बजेट हालियो भनेर आएका छन्, जुन सत्य होइन । यसपटक अबन्डा रकम पनि राखिएको छैन । किनभने चुनाव नजिक अबन्डा रकम खर्च हुँदैन । अधुरा योजनाहरूमा करोडौंको लगानी भइसकेपछि त्यो पूरा गर्न बजेट दिँदैन भने जनताले त्यसको प्रतिफल पाउँदैन । तसर्थ, अनावश्यक योजनामा लगानी भएको छैन ।

**० तर यो सरकारको आयु अब चार महिना जति मात्रै छ, दीर्घकालीन योजनाहरू किन ल्यायो ?**

– जुनसुकै सरकार आएपनि बहुवर्षीय योजनामा लगानी लगिसकेको छ भने पहिला ती योजनाहरूको काम सम्पन्न गर्नुपर्ने हुन्छ । अधुरा योजना पूरा भएपछि मात्रै सरकारको लगानीबाट लाभ लिन सकिन्छ । बजेट बनाउँदा हामीले जनताका आवश्यकतालाई ध्यान दिएका छौं । विकासको सिद्धान्त पनि हो कि अधुरालाई पूरा गरौं, त्यसपछि नयाँका लागि बजेट विनियोजन गरौं ।

**० तपाइँकै नेतृत्वमा बनेको उच्चस्तरीय समितिको प्रतिवेदनमा जचुकालीमै मधेश सरकारको प्रशासनिक भवनको स्थायी संरचना निर्माण गर्न प्रस्ताव गरेको छ, यसमा के हुँदैछ ?**

– मधेश सरकारको प्रशासनिक भवनको स्थायी संरचना हाल अवस्थित रहेको जनकपुर चुरोट कारखाना लिमिटेडमै निर्माण गर्न मेरो नेतृत्वको उच्चस्तरीय समितिले सिफारिस गरेको छ । जचुकाली ३४ बिघामा रहेको छ, त्यसैमा हामीले प्रशासनिक भवनहरू मुख्यमन्त्रीको सचिवालय, मन्त्रालयहरू बनाउने सुझाव दिएका छौं । त्यसैगरी, अहिलेको प्रदेशसभा रहेको भवनकै अगाडि जग्गाहरू छन्, त्यहाँ प्रदेशसभाका कर्मचारीहरूको भवन, संसद भवन लगायत बनाउने सिफारिस गरेका छौं । त्यस्तै, सिडियो कार्यालयको अगाडि २२-२४ बिघा जग्गा छ । त्यसमा प्रदेशसभाका सदस्यहरूको निवासका लागि भवन निर्माण गर्ने सिफारिस गरेका छौं । अब अन्तिम निर्णय क्याबिनेटबाट हुन्छ र ती जग्गाहरू प्राप्तिका लागि हामी संघीय सरकारसँग माग गर्छौं ।

**० तर, जनकपुर चुरोट कारखाना फेरि सुरू गर्नुपर्ने कुराहरू आइरहेको छ नि ?**

– त्यस्ता कुराहरू छैनन् । हेर्नुस्, चुरोट कारखाना संसारमा कुनै पनि सरकारले सञ्चालन गरेको उदाहरण छैन । त्यो गर्नु पनि हुँदैन । त्यसबाट प्रदूषण फैलिने, अन्य रोगहरू लाग्ने गर्दछ । अर्को कुरा, जचुकालिका मेसिनहरू कबाडी भइसकेका छन् । अर्कै फैक्ट्री खोलियो वा अर्कै मेसिन जडान गरियो भने मात्रै सम्भव छ । त्यसैले, कुनै पनि हालतमा जचुकाली पुनः सुचारू हुने अवस्था छैन । तसर्थ, जचुकालिको ३४ बिघा जग्गा प्राप्त गर्‍यौं भने मधेश सरकारको प्रशासनिक भवनहरू निर्माण हुन्छ ।

**० यो प्रदेश सरकारले अहिलेसम्म एउटा पनि उत्पादनमूलक वा रोजगारी सिर्जना गर्ने उद्योग, कलकारखाना बनाउन सकेन, किन ?**

– वास्तवमा साँचो कुरा गर्ने हो भने विगत चार वर्षमा उत्पादनमूलक विषयमा लगानी भएको छैन । म त मन्त्री भएको एक वर्ष मात्र हुँदैछ । मधेश प्रदेशको मेरूदण्ड भनेको कृषि हो । यसमा सरकारले राम्ररी लगानी गरेको भए विकसित प्रदेशको रूपमा आउँथ्यो । कृषिमा जुन रूपमा लगानी हुनुपर्ने थियो, त्यो किसिमले भएको छैन । त्यस्तै, पर्यटनको अपार सम्भावना छ । धेरै यस्ता पर्यटकीयस्थलहरू छन्, जसलाई हामीले जोड्न सकियौं भने भारतको मात्रै पर्यटकलाई आकर्षण गर्न सक्यौं भने यहाँ थुप्रै रोजगार र आयआर्जनका बाटाहरू खुल्छन् । त्यस्तै, उद्योग कलकारखानाहरू स्थापना गर्न सहज भौगोलिक अवस्था छ । त्यतातिर हामीले बढी बजेट विनियोजन गर्नुपर्ने हो । विगत चार वर्षमा अनुत्पादक क्षेत्रमा बढी लगानी भएको हामीले हेर्‍यौं ।

**० विगत चार वर्षमा उत्पादनमूलक कार्य भएन, यो वर्षमा पनि त्यो किसिमको योजनाहरू देखिएन नि ?**

– एक वर्षमै हुने कुरा भएन । आगामी पाँच वर्षभित्र उत्पादनमूलक योजनाहरू निर्माण हुने वातावरण निर्माण हुन्छ । त्यसको सुरूवात भएको छ तर त्यसमा समय लाग्छ । पहिलेदेखि नै भौतिक पूर्वाधार, कृषि, स्वास्थ्य लगायतका क्षेत्रमा लगानी भएको भए आगामी दिनमा काम गर्न सजिलो हुन्थ्यो । त्यो हुन सकेको छैन ।

# भोट बेचुवा पार्टीहरूलाई एकपटक राम्ररी सबक सिकाउनुपर्छ



## चन्दन सिंह

### महासचिव, जनमत पार्टी

मधेश आन्दोलनपछि आएका पार्टी जुन आफूलाई राष्ट्रिय पार्टी भनेर भन्ने गर्छन् । ती दलका नेताहरूलाई सोध्नुस्, संविधान संशोधन भयो त ? त्यति मात्र होइन नागरिकता समस्या, सेना सामूहिक प्रवेशलगायतका मागहरू किन पूरा हुन सकेनन् ? यिनीहरू मन्त्री बन्ने काम मात्र गर्छन् । पटक पटक यही मुद्दा लिएर उनीहरू सरकारमा गएका छन् ।

**० संघ र प्रदेशको चुनाव नजिकिँदै गएको छ । जनमत पार्टीको तयारी कस्तो छ ?**

– स्थानीय चुनावको परिणामलाई राम्रै रह्यो । स्थानीय चुनावको परिणामलाई हामीले सकारात्मक रूपमा नै लिएका छौँ । तर, पूर्ण रूपमा उत्साहित हुनुपर्ने अवस्था भने छैन । अपेक्षाकृत नभएपनि परिणाम सकारात्मक छ । खास गरी मधेशको राजनीति पुरानै परम्पराअनुसार नै चलिरहेको छ ।

एउटा भोटको पाँच हजार लिनुस् अनि भोट दिनुस् जस्ता विकृति देखियो । अब स्थानीय तहको चुनावमा यस्तो किसिमको परिपाटी बसाएर एकदमै गलत गर्ने काम हुँदैछ । मधेशमा पैसा दिएर भोट किन्ने धन्दा चलिरहेको छ । त्यसकै परिणामले मधेशको समग्र विकासमा असर पारेको छ । हामीलाई जनताले सवा लाख भोट दियो । त्यो भोट हाम्रो लागि अमूल्य हो । बिक्री नभएका सवा लाख भोट हाम्रोमा देखियो । यो एकदमै सकारात्मक हो । आगामी संघ र प्रदेशको चुनावको तयारी पार्टीले गरिरहेको छ । हाम्रो हरेक जिल्लामा जिल्लास्तरीय समीक्षा बैठकहरू चलिरहेका छन् । गाउँ, नगर, जिल्लास्तरीय बैठकहरू जारी राखेका छन् ।

हामीले स्थानीय चुनावको भन्दा संघ र प्रदेशको चुनावमा राम्रो परिणाम ल्याउँछौं । जनताले जनमत पार्टीलाई अत्यधिक भोट दिनेछ ।

**० आगामी चुनावबाट प्रतिनिधिसभामा जनमत पार्टी देखिनेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

– प्रतिनिधिसभामा हाम्रो उपस्थिति राम्रै हुनेछ । यसमा हामी विश्वस्त छौं ।

**० तपाईंहरूको चुनावी एजेण्डा के के हुने छन् ?**

– खास गरी प्रत्यक्ष लोकतन्त्र र जनता राजलाई चुनावी एजेण्डा बनाएका छौं । त्यो हाम्रो मुख्य एजेण्डा हो । हामीले स्थानीय चुनावमा २ स्थानीय तहको प्रमुखमा जित्यौं । त्यस्तै, करिब २० वटा वडामा हामी जित्यौं । यी ठाउँहरूमा हामीले जनता राजको अनुभूति दिलाइरहेका छौं । विकास र समृद्धिको सही दिशा निर्देशन गर्ने अवस्था बन्छ । त्यो हामी गरेर देखाउँछौं ।

**० संविधान संशोधन, नागरिकतालगायतका मुद्दाबारे के भन्नुहुन्छ ?**

– संविधान संशोधन वास्तवमा हुनुपर्छ । मधेश आन्दोलनपछि आएका पार्टी जुन आफूलाई राष्ट्रिय पार्टी भनेर भन्ने गर्छन् । ती दलका नेताहरूलाई सोध्नुस्, संविधान संशोधन भयो त ? त्यति मात्र होइन नागरिकता समस्या, सेना सामूहिक प्रवेशलगायतका मागहरू किन पूरा हुन सकेनन् ? यिनीहरू मन्त्री बन्ने काम मात्र गर्छन् । पटक पटक यही मुद्दा लिएर उनीहरू सरकारमा गएका छन् । नागरिकता विधेयककै कुरा गर्ने हो भने फेरि पनि विधेयक फिर्ता भयो । मधेशका मसिहा भन्नेहरूले एमालेको सरकार हुँदा होस् अथवा कांग्रेसको हुँदा होस् सत्तामा बसिरहेका हुन्छन् । आफ्नै गठबन्धनको सरकारले नागरिकता विधेयक फिर्ता लिएको छ । सरकारमा बसेर उनीहरूले के गरिरहेका छन् ? यो भोट बेचुवा पार्टीहरूलाई एकपटक राम्ररी सबक सिकाउनुपर्छ ।

**० तपाईंहरू जनतामा के भनेर जानुहुन्छ ?**

– हामी विकास र समृद्धिको एजेण्डा लिएर जान्छौं । मधेशको विकास र समृद्धिको एजेण्डा लिएर जान्छौं । खास गरी विदेशमा युवाहरू पलायन भइरहेका छन् । स्वरोजगारको योजना ल्याउँछौं । जनतालाई प्रत्यक्ष लोकतन्त्रको अनुभूति गराउँछौं । त्यो अनुसार हामी अगाडि बढ्ने हो । मधेशका विकासका लागि एउटा नयाँ वातावरण श्रृजना गर्छौं ।

**० डा. सीके राउतले आफ्नो पार्टीले विशेष गरी मधेशको प्रदेशसभामा क्लीन स्वीप गर्ने दाबी गर्नुभएको थियो नि ?**

– प्रदेशसभामा हाम्रो राम्रो उपस्थिति हुन्छ । क्लिन स्वीप हुन पनि सक्छ । कुनै ठूलो कुरा होइन । यसपटक जनताले प्रदेश र संघका चुनावमा हामीलाई भोट दिन्छन् ।

**० भनेपछि मधेशमा जनमत पार्टीले सरकार बनाउने अवस्था ल्याउँछ ?**

– एकदमै ।

**० तर, जनमत पार्टीमा त्यसअनुसारका क्याडर देखिएका छैनन् भनिन्छ नि ?**

– हेनुस्, त्यो तपाईंलाई लागेको होला । अहिले भर्खर भारतमा पंजावको चुनाव भएको छ । ४७ वर्षको युवा त्यहाँको मुख्यमन्त्री बनेका छन् । विगतदेखि वर्चस्व कायम गरेकाहरू पराजित भए । मधेशमा हुने चुनावमा अब त्यही अवस्था आउनेवाला छ । र, पूरा युवा नेता आउने छन् । काठमाडौंमा बालेन साहलाई हेर्नुस् । जनता अब बुझिरहेका छन् । मधेशका जनताले पनि बुझिरहेका छन् ।

**० जनमत पार्टीबाट उम्मेदवारका लागि मापदण्डहरू के कस्तो तय गर्नुभएको छ ?**

– हामीले पनि मापदण्ड राम्रो नै तोकेका छौं । मधेशका युवा पहिला त स्वच्छ हुनु पर्‍यो । भ्रष्टाचारमुक्त हुनु पर्‍यो । भिजन दिन सक्ने हुनुपर्‍यो । हामीले पहिला यी कुराहरू निर्धारण गर्‍छौं । कुनै पनि गलत काममा मुछिएको हुनु भएन । त्यस्तोलाई हामीले प्राथमिता दिन्छौं । युवा तथा महिलाहरूलाई हामीले बढी प्राथमिकता दिन्छौं ।

**० स्थानीय चुनावमा तपाईंहरूले कुनै पनि दलसँग गठबन्धन गर्नुभएन । आगामी प्रदेश र संघको चुनावमा गठबन्धन गर्ने भनेर तपाईंहरूले भनिरहनुभएको छ । कुन दलसँग गठबन्धन गरेर चुनाव जानुहुन्छ ?**

– गठबन्धनका लागि हामी सकारात्मक छौं । हामीले मधेशवादी विचारधाराका पार्टीसँग पनि गठबन्धन गर्न सक्छौं । जसले समस्याको समाधान गर्न सक्छ । ती पार्टीसँग गठबन्धन हुन सक्छ । हामीले आधिकारिक रूपमा गठबन्धन गर्ने भनेर भनिसकेका छौं । गठबन्धनको कुरा गर्ने हो भने जुन पार्टीसँग पनि हुन सक्छ । मधेशको समस्या समाधानमा लाग्ने पार्टीसँग मात्र गठबन्धन हुन्छ । डा. सीके राउतले ल्याएका सिद्धान्तमा मिल्न सक्ने जुन पार्टीसँग पनि गठबन्धन हुन सक्छ ।

**० अहिलेका सत्ता गठबन्धन बाहेकका दलसँग गठबन्धन हुन्छ कि सत्ताधारी दलसँगै गठबन्धन हुन्छ ?**

– यो पाँचदलीय गठबन्धन रहला कि नरहला थाहा छैन । यो अप्राकृतिक गठबन्धन हो । टिक्छ कि टिक्दैन । मलाई थाहा छैन । सरकारको पक्षबाट पनि यो कुरा आइसकेको छ । सत्ताधारी दलहरू आफैं द्वन्द्वमा छन् । यसबाहेक अन्य दलको कुरा गर्ने हो भने हामीले रेशम चौधरीसँग भेट गरेका थियौं । उहाँसँग मिलेर चुनाव लडेको भए हामी धेरै ठाउँमा जित्न सक्थ्यौं । पश्चिम नेपालका ठाउँहरूमा जित्थ्यौं । त्यसैले हामी मिलेर जानुपर्छ । त्यसपछि अन्य दलहरू पनि छन् । नयाँ गठबन्धन पनि बन्न सक्छ ।

**० नेकपा एमाले, लोसपा र जनमत पार्टीबीच गठबन्धनको तयारी भइरहेको पनि कुरो सुनिन्छ । के हो कुरो ?**

– कुरा बाहिर आएको छ । त्यसमा धेरै कुरा सकारात्मक र धेरै कुरा नकारात्मक पनि हुन्छन् । त्यसमा आधारभूत तयारी भएको छैन । धेरै ठाउँमा कुराहरू मात्र आएका छन् । विस्तारै हेरौंला । हेर्दै जाउँ के हुन्छ । अरू पनि हुन सक्छन् ।

**० मधेश बाहेकका जिल्लामा पनि तपाईंहरूको उम्मेदवारी हुन्छ ?**

– हाम्रो उम्मेदवार अन्य ठाउँमा पनि हुने छन् । गठबन्धनमा कुन क्षेत्रमा के कति ठाउँबाट उम्मेदवारी दिने भन्ने कुरा पछि तय हुन्छ । काठमाडौंमा पनि हामीले उम्मेदवारी दिन सक्छौं ।

**० तपाईंको महोत्तरी क्षेत्र नम्बर ३ हो । यो महन्थ ठाकुरको क्षेत्र पनि हो । तपाईं यहाँबाट संघ कि प्रदेशका लागि चुनाव लड्नुहुन्छ ?**

– त्यो त पार्टीले निर्धारण गर्नेछ । पार्टीले निर्धारण गरेपछि प्रदेश वा संघबाट पनि लड्न सकिन्छ । त्यसबेला मधेश आन्दोलनको रापताप र अन्य दलको सहयोगबाट महन्थ ठाकुरले चुनाव जित्नुभएको थियो । अहिले भने त्यस्तो अवस्था छैन । यो क्षेत्रमा युवा नेतृत्वको आवश्यकता छ ।

**० त्यसो भए तपाईं प्रतिनिधिसभाका लागि इच्छुक हुनुहुन्छ ?**

इच्छा त भइहाल्छ नि । त्यसमा कुनै ठूलो कुरा होइन ।

**० तपाईंहरूको अध्यक्ष डा. सीके राउत कहाँबाट उम्मेदवारी दिनुहुन्छ ?**

– हाम्रो अध्यक्षज्यूको सप्तरी क्षेत्र नम्बर २ हो । तर, हामीले निर्धारण गरेका छैनौं । पहिलो प्राथमिकता त्यही नै हुन्छ ।

# बाबुराम पक्षीय जसपा बैठकमा प्रस्तुत प्रतिवेदनको पूर्णपाठ

१.प्रारम्भः

कार्यक्रमका अध्यक्ष ज्यु !

उपस्थित सम्पूर्ण साथीहरू !

सर्वप्रथम हामी सबै यो स्पष्ट हुन जरूरी छ कि यो एक बिशिष्ठ प्रकारको ऐतिहासिक विस्तारित बैठक हो। हामी कानुनतः जनता समाजवादी पार्टीका सदस्य हौं । तथापि हाम्रो राजनीतिक यात्रामा अनौठोमोड आएको छ । यस भेलाबाट हामीले पार्टी पुनर्गठनको कार्यभारलाई अघि बढाउँन पर्ने हुन सक्ने छ । यस विस्तारित बैठकमा उपस्थितिका लागि सबैलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यो बैठकमा यहाँहरूको भव्य उपस्थितिका लागि धन्यवाद दिन चाहन्छु । बैठकको अन्त्यसम्म सबैको सक्रिय, धैर्यतापूर्ण र सार्थक सहभागिताको अपेक्षा गर्दछु । साथै, यस महत्वपूर्ण घडीमा वि.स. १९९७, २००७, २०४६ र २०६२/६३ लगायत देशको समग्र लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, आदिबासी/जनजाति/ थारू/ मुस्लिम/ खस/ सीमान्तकृत, अल्पसंख्यक तथा लोपोन्मुख समुदाय/दलित, महिलालगायत न्याय र समानताका लागि भएका सबै खाले आन्दोलनमा जीवन बलिदान गर्नु हुने सम्पूर्ण आदरणीय अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु। यी आन्दोलनका क्रममा सहभागी भई घाइते, अपाङ्ग, बेपत्ता, निर्वासन तथा काराबास सामना गर्नु हुने सबै योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

२.पार्टी एकताका ३ बर्षः हामी सबैलाई विदितै छ- २०७६ बैशाख २३ गते तत्कालिन संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी नेपालबीच एकता भई समाजवादी पार्टी ( सपा ) बनेको थियो । त्यसको ठीक एक बर्ष नपुग्दै २०७७ बैशाख १० गते तत्कालिन राष्ट्रिय जनता पार्टीसंग समाजवादी पार्टीको एकता भई जनता समाजवादी पार्टी, नेपाल बनेको थियो । जनता समाजवादी पार्टी निर्माणको प्रयास र योगदान कुनै एउटा पक्षको निहित राजनीतिक स्वार्थ र लाभका लागि थिएन । त्योयुगिन आवश्यकता र जिम्मेबारीबोधको भावनाले एकता ओतप्रोत थियो । त्यो एकताको मुख्य आधार समावेशी चरित्रको एक बैकल्पिक-प्रगतिशील लोकतान्त्रिक, समाजवादी शक्तिको निर्माण गरी बाँकी राजनीतिक र देशलाई समतामुलक संमृद्धिको दिशामा लैजान आवश्यक पर्ने कार्यभारहरू संविधान संशोधनमार्फत् संबोधन गर्नु थियो । लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, सकारात्मक विभेद, सामाजिक न्याय, समावेशिता र समाजवाद उन्मुखजस्ता संवैधानिक आधारशीलालाई संवैधानिक प्रावधानमा अभिव्यक्त गरी देशको लोकतान्त्रीकरण र संघीयकरणका बाँकी कार्यभार पूरा गर्नु थियो । त्यसको जगमा सुशासनयुक्त समावेशी विकास र संमृद्धि हासिल गर्नु थियो।

हाम्रा राजनीतिक एजेण्डाहरू बढो प्रष्ट र मूर्त थिए । त्यसमा कुनै पक्षको खासै विवाद वा मतभेद थिएन । संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारीसहितको शासकीय स्वरूपको व्यवस्था, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, बहुसाँस्कृतिकतावादमा आधारित राष्ट्र, पहिचानका आधारमा संघीयता र प्रदेशको पुनर्सिमाङ्कन, समावेशितालाई अझ ठोस र मूर्त बनाउँने अनुपातिक आरक्षण प्रणाली, राजनीतिक हस्तक्षेपबाट मुक्त निष्पक्ष संवैधानिक निकाय, अधिकारसम्पन्न जनलोकपालको व्यवस्था र भ्रष्टाचारको अन्त्य, तीव्र आर्थिक बृद्धि, समावेशी विकास, समन्यायिक वितरण र समतामुलक संमृद्धिआदि हाम्रो आन्दोलनका ठोस एजेण्डाहरू थिए । हामीले विद्यमान सीमित, औपचारिक, विकृत, संसदीय र ठिमाहा लोकतन्त्रको साटो सहभागितामूलक, प्रत्यक्ष, समावेशी, समानुपातिक लोकतन्त्रको विकास गर्ने उद्घोष गरेका थियौं । राज्यको सामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्रको सिद्धान्त मुताविक समाजवादउन्मुख राज्यको अभिष्ट हासिल गर्ने लक्ष्य राखेका थियौं । देशका सबै जाति, भाषा, धर्म, संस्कृति र समुदायका जनताको पहिचान र अधिकारको आकांक्षालाई संबोधन गर्दै नयाँ प्रकारले राष्ट्रिय एकता हासिल गर्ने उद्धेश्यमा प्रष्ट थियौं । यसका साथसाथै हामीसंग विश्वदृष्टिकोणसंग जोडिएका वैचारिक कार्यभारहरू पनि थिए । एकातिर हामीले शास्त्रीय पुँजीवाद, संसदीय उदार लोकतन्त्र तथा नवउदारवादी निरपेक्ष उदारीकरण, निजीकरण र भूमण्डलीकरणले सृजना गरेका आर्थिक अवसरका असमानता, बेथिति, शोषण, गरिबी, बेरोजगारी, कुशासन र अल्पविकास विरूद्ध जनमतलाई संगठित गर्नु परेको छ ।

अर्कोतिर शास्त्रीय, संकीर्ण र जडसुत्रवादी साम्यवादी विचारधाराले सृजना गरेको सीमितता र जडता विरूद्ध बलियोसंग उभिन परेको छ । वैज्ञानिक समाजवादी चिन्तन पद्धति र परम्पराको सृजनशील विकासमार्फत् विचारधारात्मक शुन्यता र संकटलाई चिर्दै जनसमुदायलाई समाजवादको उज्ज्वल भविष्यप्रति आशावादी बनाउन परेको छ ।

लोकतन्त्र, गणतन्त्र, संघीयता र धर्मनिरपेक्षतालाई बदनाम गर्न सामन्ती निरंकुशतावादी तत्वहरूले छर्ने गरेका भ्रुठ, भ्रान्तीहरूको प्रतिवाद गर्नु परेको छ । ठीक यही बेला विश्वराजनीति र नेपालमा पनि संकीर्ण राष्ट्रवाद, अन्धराष्ट्रवाद, नश्लवाद, नवफासीवाद, लोकरिज्याइँजस्ता विकृत विचारधारा र राजनीतिक प्रवृतिकोलहर चलेको छ । यस्ता विकृत र जनविरोधी विचार पद्धति विरूद्धको संघर्ष पनि हाम्रो वैचारिक कार्यभारको महत्वपूर्ण पाटो हो ।

यी विचार, दृष्टिकोण, लक्ष्य र उद्धेश्य हासिल गर्ने तर्फ पार्टी एकताका ३ बर्ष किन फलदायी भएनन्, पार्टीभित्र के कस्तो समस्या आयो र त्यो गतिरोधमा पुग्यो? किन एकतापछिको एक आम चुनावसम्म, एक महाधिवेशनसम्म पनि एकता कायम हुन सकेन ? यसमा कस्को, कुन पक्षको के कस्तो भूमिका रह्यो ? आज हामी फेरि पार्टी पुनर्गठन गर्नु पर्ने निष्कर्षमा किन पुग्यौं ? यसको गम्भीर समीक्षा हुनु पर्ने देखिन्छ।

२.१.वैचारिक समस्याः

पार्टी एकता गर्दा विचार, सिद्धान्त र एजेण्डामा आधारभूत समानता कायम नगरिएको हैन, तर कार्यान्वयनको पाटोबाट त्यसको बुझाइमा एकरूपता देखिएन। पार्टी एकताको आधारभूत बुझाइ र मनोविज्ञान मधेश आन्दोलनको जगमा बनेको पार्टी हिस्साको गरिमा, महत्व र संवेदनशीलतालाई आत्मसात गर्दै पार्टी एकतामा संलग्न सबै पक्षको समुचित सहभागितासहित राष्ट्रिय चरित्रको समावेशी पार्टी निर्माण गर्ने थियो । साथै, कांग्रेस, कम्युनिष्टजस्ता परम्परावादी मूलधार दलहरूको विकल्प निर्माण गर्दै देशलाई आर्थिक विकास, सुशासन र संमृद्धिको युगतिर अभिमुख गर्नु थियो ।

तर, पार्टी निर्माणको तरिका भने क्षेत्रीय दलतिरै सीमित हुनतिर अभिमुख र अभिप्रेरित देखियो । देशका अन्य भाग र प्रदेशमा पार्टी निर्माणका लागि संगठित तथा संस्थागत प्रयत्न गर्ने हुटहुटी मूल नेतृत्वमा नै देखिएन ।

दोस्रो कुरा- एक्काइशौं शताब्दिको वैचारिक संकटलाई हल गर्न जुनस्तरको वैचारिक काम हुनु पर्दथ्यो त्यतातिर रूचि पाइएन । कतिपय साथीहरूले कम्युनिष्ट पार्टीहरूको जस्तो शास्त्रीय मार्क्सवादी चिन्तन पद्धतिलाई नै कायम राखेर 'पहिचानको मुद्धाको कारणले मात्र कम्युनिष्टभन्दा फरक भएको मिनी कम्युनिष्ट पार्टी' रूपमा बुझ्न खोजेको पाइयो भने अझ कतिपय साथीहरूले समाजवादको सृजनशील नयाँ धाराको विकास गर्नुको साटो 'लोहियावाद' नै समाजवादको सबैभन्दा राम्रो मोडेल र परिभाषा हो भन्नेतिर जोड दिएको देखियो ।

मदन परियार आयोगको प्रतिवेदनका आधारमा समातिएको १०+१ मोडेलले सबै उत्पीडित राष्ट्रियताको पहिचान, अधिकार र मुक्तिलाई सुनिश्चित गर्छ कि गर्दैन ? त्यसलाई कसरी अझ विकसित र परिमार्जित गर्नेतिर ध्यान दिएको पाइएन । यस्ता थुप्रै वैचारिक भिन्नता रहे जसले गर्दा पार्टी संगठन र आन्दोलन संचालनको पाटो झनपछि झन जटिल हुँदै गयो । मधेश जनविद्रोह देशको इतिहास मै एक ठुलो विद्रोह थियो त्यसले संघियता, समावेशिता, समानुपातीक निर्वाचन प्रणाली र आरक्षण स्थापित गर्‍यो । यो मधेशको तर्फबाट देशकै लागि ठुला योगदान थियो ।

यी सिदान्तहरू बदलिएको सन्दर्भमा कसरी अझ बढि प्रभावकारी वनाउने रू मधेश आन्दोलनको गरिमालाई विस्तार गर्ने कि इतिहासमा सिमित गरी त्यसको व्याज मात्र खाने ? यी अहम मह्त्वका प्रश्न हुन ।

२.२.संगठनात्मक समस्याः

पार्टी संगठन, व्यवस्थित र चुस्तदुरूस्त बन्न सकेन । पार्टी समायोजनकै बेलादेखि 'पार्टी कब्जा गर्ने' सोच हाबी भयो । सबै पक्षको सम्मानजनक र यथोचित सहभागिता र प्रतिनिधित्व हुने गरी समय मै समायोजन सम्पन्न गर्न सहजीकरण गर्नु र सम्पूर्ण पार्टी पंक्तिलाई एकताबद्ध बनाई लक्ष्य उद्धेश्यतर्फ निर्दिष्ट गर्ने भन्दा पनि अनेक झमेला र अविश्वास सृजना गरी महिनौं अल्झाउँने, कार्यकर्ताहरूमा निरासा र झर्को सृजना गर्ने र राजनीति तथा संगठनात्मक जीवनबाट पलायन हुन बाध्य पार्ने काम गरियो । एकतापछि पार्टीका संगठन, समिति र सदस्य थपिदै र बढ्दै जानु पर्नेमा झन घट्न थाले । पार्टीको सदस्यको अभिलेखीकरण तथा नवीकरणमा कुनै सार्थक प्रयास गरिएन । केन्द्रीय निकाय र विभागहरू ३ बर्षभित्र पनि गठन हुन सकेनन्। पार्टी समितिभित्र यथोचित पदनाम दिने, जिम्मेवारी बाँडफाँड गर्ने, तहगत इन्चार्ज तोक्ने काम कहिल्यै भएन । जनसंगठनहरू समायोजन गर्ने, प्रभावकारी परिचालन गर्ने र इन्चार्ज तोक्ने काम पनि भएन । संगठन बिल्कुलै तदर्थवादी बन्दै गयो । संगठनभित्र यतिधेरै झमेला, अविश्वास, द्वन्द्व र तनावहरू देखिए, त्यसको निरूपण समाधान गर्नुको साटो कुनै एक पक्षलाई उचाल्ने, उच्काउँने, काखी च्याप्ने र झमेलालाई सदावहार बनाइराख्ने काम भयो ।

यस्तो तरिकाले पार्टी संगठन बढ्न, विस्तार हुन र बलियो हुन संभव थिएन । असल नेतृत्वले कार्यकर्ता पंक्तिलाई उत्साहित गर्दछ, निरूत्साहित हैन । समस्या हल गर्न खोज्दछ, बल्झाउँने हैन । एउटै पार्टीभित्र बसेर पूर्वाग्रह, संकिर्णता, पक्षपात र अपमानको शिकार हुन अहिलेको युगका मान्छे तयार हुँदैनन्।

२.३.नेतृत्वको पद्धति र मोडालिटीको प्रश्नः

पार्टीको नेतृत्व पद्धति एकल हुने कि सामुहिक र समावेशी हुने भन्ने प्रश्नमा पर्याप्त मतभेद र भिन्नता देखिए । सामुहिक नेतृत्व लोकतान्त्रिक युगको एक साझा विश्व भावना हो । जुनकुनै स्थिति र शर्तमा यसबारे कुनै सम्झौता हुन सक्दैन्थ्यो । एकल अध्यक्ष हुनुको अर्थ सबै महत्वपूर्ण निर्णय अध्यक्षले एक्लै गर्नु भन्ने संसारमा कहिँ पनि लाग्दैन । अध्यक्ष पार्टीको मूल नेता हुन्छ । तर, महत्वपूर्ण बिषय र एजेण्डामा समिति प्रणालीबाट निर्णय हुनै पर्दछ । समिति प्रणालीबाट संस्थागत निर्णय भएका विषयलाई पार्टीको दैनिक जीवनमा लागू गर्नु गराउँनु मूल नेतृत्वको जिम्मेवारी र नैतिक दायित्व हुन्छ । यो मान्यता र पद्धतिलाई पालना गर्न अनिच्छा देखियो । सामुहिक नेतृत्वको अभ्यासलाई अलि ठोस बनाउँने प्रयत्न स्वरूप 'तीन सदस्य मुख्यालय' गठन भयो तर त्यो प्रयोगमा आएन ।

समावेशी नेतृत्व स्थापित गर्न सबै तहमा न्युनतम समानुपातिक प्रतिनिधित्व हुन आवश्यक थियो । केन्द्रिय कार्यकारिणीमा केही महत्वपूर्ण राष्ट्रिय समुदायको नै प्रतिनिधित्व थिएन । समिति संख्यालाई केही बढाएर भए पनि त्यो कमी र मागलाई हल गरौं भन्ने बारम्बार प्रस्ताव र प्रयत्न गरियो तर हल भएन । केन्द्रिय समितिमा समावेशी तथा समानुपातिक प्रतिनिधित्वको कुनै ठोस र मूर्त अवधारणा वा मापदंड बन्न सकेन ।

२.४.कार्यशैलीको प्रश्नः

पार्टी भनेको एक संस्थागत समूहकार्य पनि हो । पार्टीमा सबै कुरा मूल नेताको सोच र इच्छा अनुरूप नै हुन्छ, हुनु पर्दछ भन्ने हुँदैन । अध्यक्षको इच्छा विपरित विषय वा पक्षमा समेत बहुमत पुग्न सक्दछ । त्यस्तो बेला अध्यक्षले आफ्नो सोच र प्रस्तावमा पुनर्विचार गर्नु पर्ने हुन्छ । बहुमतको निर्णयलाई मान्नु पर्ने हुन्छ। तर, पार्टीको कार्यकारिणी समितिको अत्याधिक बहुमतबाट भएका निर्णयलाई समेत रूलिङ र माइनट गर्न अनिच्छा गर्ने, माइनट र परिपत्र गर्दा आफू खुशी संशोधन गर्ने प्रवृति देखियो । समूहकार्य र भावनात्मक एकरूपताका लागि हुनैपर्ने समन्वयात्मक प्रयास र पहलकदमीमा रूचि देखिएन । अन्तर्पार्टी लोकतन्त्रका दृष्टिकोणबाट यो सैह्य हुन सक्ने प्रवृति हुँदैहैन।

बैठक बोलाउँदा समेत फरक विचार राख्न सक्ने सदस्यहरूलाई सूचना नै नदिने वा सूचना असाध्यै ढिलो गरी दिएर औपचारिकता पूरा गर्ने जस्ता प्रवृति आधुनिक लोकतान्त्रिक युगको चरित्र र अपेक्षासंग मेल खाँदैन । बहुमत वा अध्यक्षसंग विचार मिलोस वा नमिलोस बैठकको सूचना पाउँने, उपस्थिति हुने र विचार राख्ने अधिकार कुनै पनि सदस्यको कानूनी तथा राजनीतिक अधिकार हुन्छ, यस्तो अधिकार कुनै पनि निहुँमा कुन्ठित गर्न मिल्दैन ।

पार्टीभित्रको आन्तरिक समन्वय विना पार्टीका सबै अंग, निकाय र विभागले काम गर्न सक्ने कुनै संभावना रहँदैन । खासखास मान्छे कामैकामले थिचिएजस्तो हस्याङफस्याङ गर्दै दौडधुप गरिरहने तर, पार्टी पंक्तिको ठूलो संख्या बर्षौं जिम्मेवारीहीन र बेरोजगारजस्तो रहने कार्यशैलीबाट बलियो र प्रभावकारी पार्टी बन्न संभव नै हुँदैन ।

भरखरै सम्पन्न स्थानीय तहको निर्वाचनमा पार्टीले उम्मेद्वार नामांकन तथा मनोनयनको अनुमोदन ( टिकट) दिने प्रक्रियामा पनि उस्तै कार्यशैलीगत लथालिङ्गेपन देखियो । सम्बन्धित तहका अधिकारप्राप्त समितिले बैठक बसी विधिसम्मत निर्णय अभिलेख गरेका व्यक्तिहरूलाई टिकट दिनु पर्नेमा त्यस्तो पद्धति अधिकांशतः पालना गरेको पाइएन । व्यक्तिव्यक्तिले आफू खुशी टिकट बाँड्दै हिड्ने, फरक पृष्ठभूमि वा समूहको भए पूर्वाग्रह राखेर टिकट नै नदिने, कतिपय ठाउँमा एउटै पदका लागि फरकफरक व्यक्तिबाट टिकट जाने एकभन्दा बढी उम्मेद्वारले मनोनयन गर्ने, कतिपय ठाउँमा मनोनयनको दिन बिहानसम्म पनि टिकट नपुग्ने, गठबन्धनको संस्थागत संवाद र प्रयत्न नगर्ने यस्ता अनेक समस्या जतातत्तै देखिए । जसको कारणले गर्दा पार्टीको उम्मेद्वारी संख्या र परिणाम निक्कै कमजोर बन्न पुग्यो ।

२.५.व्यवस्थापनको समस्याः

पार्टी एकताको करिब ३ बर्षमा पार्टीको आर्थिक जीवन, आय स्रोत, व्ययको शीर्षकबारे कहिल्यै कुनै बैठकको एजेण्डा नै बनेन । खर्चको नियमितता र पारदर्शीताका लागि नियमित खर्चको फाँटबारी पेश गर्ने काम समेत भएन । पार्टी स्रोतको समुचित उपयोग कसरी गर्ने र त्यसबाट कसरी बढीभन्दा बढी राजनीतिक लाभ लिने भन्ने तर्फ कुनै सोच बनेन । पार्टीका बैठकबाट काम सृजना हुने तर त्यसको व्यवस्थापनको पाटोबारे सबै मौन बस्ने, कसैले कुनै उत्तर नदिने वा कुनै संस्थागत प्रयत्न नगर्ने हुँदा गर्नै पर्ने कैयौं महत्वपूर्ण कार्यसमेत सम्पादन हुन सकेनन्। यस्तो तरिकाको व्यवस्थापन शैलीबाट पार्टीलाई सुव्यवस्थित, प्रभावकारी र मूल प्रतिस्पर्धी बनाउन संभव नै हुँदैन ।

२.६.सुशासन र डेलिभरि मुद्धाप्रतिको वेवास्ताः

समकालीन विश्वमा 'पहिचान' र 'सुशासन' को मुद्धा, समावेशिता, संघवाद र आर्थिक विकास तथा संमृद्धिको मुद्धालाई फरक र असम्बन्धित मान्न सकिन्न । तर, स्थानीय तहमा पार्टीले जेजति सीट जितेको थियो, मधेश प्रदेशमा सरकारको नेतृत्व थियो, अन्य कतिपय प्रदेशमा पार्टी सरकारमा सामेल थियो, संघीय सरकारमा केही मन्त्रीहरू रहे, यिनीहरूको कार्यसम्पादन क्षमतालाई सुशासन र सेवाप्रदायनका दृष्टिकोणबाट कसरी अरू पार्टीको भन्दा अंबल बनाउने र त्यसले सृजना गर्ने जनाकर्षणमार्फत्पार्टीलाई लोकप्रिय बनाउँने भन्नेतिर मूल नेतृत्वको ध्यान नै गएन ।

पार्टीभित्र यसबारे गम्भीर बहस गर्न र खास प्रारूप तयार गर्न आवश्यक थियो । तर, यो पहिचान र अधिकारको आन्दोलन लड्ने मात्र पार्टी हो, सुशासन र सेवाप्रदायनमा यसले ध्यान दिन जरूरी छैन भनेजस्तो सोच प्रभावी रह्यो । यो दृष्टिकोणबाट परिचालित भएर आधुनिक युगको लोकतान्त्रिक जनमत तथा नयाँ पुस्तालाई आकर्षित गर्न सकिँदैन । यद्यपि यो जसपाको मात्रै समस्या चाहिँ हैन । देशका सबै ठूला र मूलधार दलहरू यस मानेमा चुकेका र कमजोर देखिएका छन्। तर, हामी फरक र बैकल्पिक पार्टी हौं भने अरू भन्दा फरक र अब्बल देखिने संस्थागत प्रयत्न हुनु पर्दथ्यो, त्यो भएन ।

२.७.भूराजनीतिक सोचमा भिन्नताः

कतिपय कुटनीतिक सवाल र बिशेषतः एमसीसी प्रकरणले पार्टीको मूलपंक्ति मै देशको भूराजनीति र परराष्ट्र नीति संचालनबारे फरकफरक सोच विद्यमान छन भन्ने प्रष्ट भयो । एमसीसी लामो समयसम्म देश र राष्ट्रिय राजनीतिलाई नै तरंगित गर्ने विवादित मुद्धा बन्दा पनि कहिल्यै यसबारे संस्थागत छलफल गराइएन । एमसीसीलाई समर्थन गरेको नाममा नेतृत्व पंक्तिकै कुनै खास व्यक्ति लक्षित गरी अवान्छित लान्छना लगाउँने काम भए ।

तर, मूल नेतृत्वले संसदमा मतदान हुने दिन आएर यो मुद्धामा आश्चर्यजनक र नाटकीय 'यु टर्न' गर्‍यो । प्रचण्ड र माधव नेपाल समूहको सहजताका लागि तयार गरिएको कथित 'व्याख्यात्मक टिप्पणी' को बर्की ओडियो । यसले के देखायो भने गम्भीर भूराजनीतिक बिषयमा पार्टीको नेतृत्वसंग प्रष्ट दृष्टिकोण विचार र अडान रहेनछ । एमसीसी प्रकरणमा मात्रै हैन, यो कुरा बारम्बार प्रकट भएको छ र भबिष्यमा पनि हुन सक्ने संभावना देखिन्छ । यो प्रवृति र समस्याले राष्ट्रिय राजनीतिको कार्यदिशा निर्धारण गर्न ठूलो नीतिगत भिन्नता निर्माण गर्दछ र सधैं संगसंगै यात्रा गर्न असंभव बनाइदिन्छ ।

आगामी दिनमा दक्षिण एशियाको हिमाली क्षेत्रमा नयाँ ढंगको शीत युद्धको बादल जसरी मडारिने संकेत देखिँदैछ, त्यसबारे मूल नेतृत्वको यस खाले अविश्वासनीय प्रवृति देशकै लागि निक्कै घातक बन्न सक्दछ ।

३.समकालीन विश्व स्थिति र विचारधारात्मक विकासको सन्दर्भः

सन्२०१० पछिको विश्व परिस्थिति सन्१९९० पछिको भन्दा बिल्कुलै फरक, नयाँ र मौलिक हुँदै गएकोछ । त्यतिखेर सोभियत संघको विघठनपछि शीतयुद्धको अन्त्य र अमेरिकी नेतृत्वको एकध्रुवीय विश्वको चर्चा गरिन्थ्यो । आज विश्व प्रष्टसंग देखिने गरी बहुध्रुवीय बनेको छ ।

बहुध्रुवीय विश्वमा अमेरिका र चीन दुई ठूला शक्ति र प्रतिस्पर्धी देशका रूपमा देखिएका छन । युरोपका पुराना भिटो राष्ट्र रूस, बेलायत र फ्रान्सको शक्ति हिजोको तुलनामा केही ह्रास भएको भए तापनि ती अझै शक्ति राष्ट्र नै हुन् । विघटित सोभियत संघको उत्तराधिकार राज्यका रूपमा रूसले आफूलाई पुनर्स्थापित गर्न खोज्दैछ । युक्रेन युद्धमार्फतरूसले आफूलाई पुनश्च शक्तिराष्ट्रका रूपमा स्थापित गर्न चाहेको र विश्व बर्चश्वमा हिस्सेदारी खोजेको सजिलै बुझ्न सकिन्छ ।

संयुक्त राष्ट्र संघको सुरक्षा परिषदमा भिटो दाबी गर्ने नयाँ राष्ट्रहरूलाई 'ग्रुप-४' भन्ने गरिन्छ । यसभित्र जर्मनी, जापान, ब्राजिल र भारत छन् । यसको अर्थ यी राष्ट्रहरूले आफुलाई नयाँ शक्ति राष्ट्रका रूपमा विकास गर्न चाहेको छन । ब्रिक्सको संस्थापक राष्ट्र हुँदै दक्षिण अफ्रिका अफ्रिकी क्षेत्रको शक्ति राष्ट्रका रूपमा उदित हुन खोज्दैछ । यो बहुध्रुवीय नयाँ विश्वको संक्षिप्त चित्र हो ।

समकालीन विश्वका यी शक्ति राष्ट्रमध्ये तीन वटा देश भारत, चीन र अमेरिका हाम्रा लागि असाध्यै महत्वपूर्ण छन । चीनले सन्२०१४ पछि रोड एण्ड बेल्ट इनिसिएटिभ (बिआरआई) जस्तो विशालकाय विश्व परियोजना अघि बढाएको छ । नेपालले यसमा हस्ताक्षर गरिसकेको छ । चीनसंग हाम्रो लामो सीमा-सम्बन्ध छ ।

अर्को छिमेकी राष्ट्र भारतलाई विश्वले नै उदयमान शक्ति राष्ट्र स्वीकार गर्न थालेको छ । इन्डो-प्यासिफिक रणनीति र क्वाडमा भारतको संलग्नताले चीनसंगको उसको प्रतिस्पर्धी चरित्रलाई सहजै अनुमान गर्न सकिन्छ । अमेरिकाको पुरानो बर्चश्व आफ्नो ठाउँमा छँदैछ । यी आयामलाई हामीले हाम्रो विचारधारात्मक हित र भूराजनीतिक हित दुबै संवेदनशीलताबाट पर्गेल्न र सोही अनुरूप व्यवहार गर्न सक्नु पर्दछ । हाम्रो आन्दोलन र पार्टी शास्त्रीय पुँजीवादी वा शास्त्रीय साम्यवादी दुबै हैन भन्ने कुरा हामीले सर्वथा हेक्का राख्नु पर्दछ ।

सन्१९९० को अघिको विश्व राजनीति युरोपेली पुनर्जागरण र प्रबोधन युगबाट विकसित हुँदै आएको उदार लोकतन्त्र र अठारौं शताब्दिको औद्योगिक क्रान्तिको जगमा बनेको साम्यवादी विचारधारा- यी दुई मुख्य भावधारामा विभक्त थियो । अठारौं, उन्नाइशौं र बीसौं- यी ३ शताब्दिमा भएका वैचारिक, राजनीतिक संघर्ष, राज्य तथा अर्थतन्त्र संचालनका अनुभव र ज्ञानविज्ञानको विकासक्रमले त्यस्तो वैचारिक संश्लेषण तथा ध्रुवीकरण पर्याप्त र उचित हैन भन्ने कुरा व्यवहारबाटै गरिसकेको छ ।

व्यक्तिवादी स्वतन्त्रता, खुल्ला बजार अर्थतन्त्र र निरपेक्ष बजारवादमा आधारित राज्य र अर्थतन्त्रहरूमा मुख्यतः आर्थिक असमानता, बेरोजगारी, सीमान्तकृत समुदायको बहिष्करण, लोकतन्त्रको संकुचन तथा औपचारिकीकरणजस्ता समस्या देखिए भने साम्यवादी राज्यसत्ता र अर्थतन्त्रमा एकलीयता, राजनीतिक स्वतन्त्रता र लोकतन्त्रको अभाव, राज्य-अर्थतन्त्र, बजार, उत्पादन र रोजगारको बहुमुखी विकास हुन नसक्नु, सामाजिक विविधताको दमनजस्ता समस्याको चाङ लाग्दै गयो ।

यसको निष्कर्ष उदार पुँजीवादी 'औपचारिक लोकतन्त्र र निरपेक्ष बजारवाद' र साम्यवादी 'सर्वहारा राज्य र राज्यकेन्द्रित-समाजवाद' दुबै अभ्यास असफल र असान्दर्भिक भए भन्ने हो । हाम्रो विचारधाराको शुरूवात यहीनेरबाट हुन्छ ।

सन्१९९० पछि विश्वव्यापी रूपमा तीव्र प्रबर्धन गरिएका उदारीकरण, निजीकरण र भूमण्डलीकरण नीतिका आफ्नै प्रकारका सीमा र कमजोरी देखिए । यी नीति तेस्रो विश्वका अल्पविकसित राष्ट्रहरूको आर्थिक विकासमा पर्याप्त सहयोगी हुन सकेनन्। वैचारिक निरूपण र संश्लेषणमा यो अर्को महत्वपूर्ण पाटो हो ।

हाम्रो पार्टीले 'समुन्नत संघीय समाजवाद' को सिद्धान्त निरूपण गर्दा उपरोक्त विश्व सन्दर्भ र अनुभवलाई पर्याप्त ध्यान दिएको छ । परम्परागत पुँजीवाद तथा शास्त्रीय साम्यवादको साटो हामीले एकातिर राज्यकोसामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्रमा आधारित समाजवादको विकास गर्ने लक्ष्य लिएका छौं भने अर्कोतिर उत्पीडित राष्ट्रियताहरू, बंचितिकरण तथा बहिष्करणमा परेका अन्य समुदायहरूको पहिचान, अधिकार, स्वायत्तता, स्वशसान, समावेशिता, आरक्षण, सामाजिक न्याय, लैङ्गिक समानता, भाषिक, साँस्कृतिक अधिकारलाई सुनिश्चित गर्दै बहुसाँस्कृतिकतावादी संघवादी विचारधारालाई अघि बढाएका छौं ।

यसरी हाम्रो सिद्धान्तमा श्रम र सीमान्तकरणको आन्दोलन, लैङ्गिक विभेद विरूद्धको आन्दोलन, उत्पीडित आन्तरिक राष्ट्रियता र मजदुर, किसानलगायतका श्रमजिवी जनताको मुक्तिको प्रश्न, वर्ग र वर्णको सवाल, पहिचान, अधिकार, आर्थिक विकास र संमृद्धिको लक्ष्य एकाकार भएको छ । यो नै नेपालका लागि सबैभन्दा सही सिद्धान्त र सही बाटो हो ।

पार्टी सिद्धान्तको विकास गर्दा त्यसका आंगिक तत्वहरू बीच सामन्जस्यतापूर्ण एकीकरण हुनु पर्दछ । राजनीतिक सिद्धान्तका मुख्य ५ वटा आयाम हुन्छन । १.दार्शनिक आयाम २. राजनीतिक आयाम ३. अर्थशास्त्रीय आयाम ४. समाजशास्त्रीय आयाम र ५.साँस्कृतिक तथा मनोबैज्ञानिक आयाम।

समुन्नत संघीय समाजवादको सिद्धान्त दार्शनिक दृष्टिकोणले द्वन्द्वात्मक तथा भौतिकवादी विश्वदृष्टिको अझ विकसित र संगठित रूप सर्वाङ्गिक तथा वैज्ञानिक मानवतावादमा आधारित हुनेछ । यसले सबै प्रकारका रूढी, जडता, अन्धविश्वास वा अवैज्ञानिक तर्क प्रणालीलाई प्रतिवाद गर्दै वैज्ञानिक खोज अनुसन्धानमा आधारित भएर सत्यतथ्यको विश्लेषण तथा संश्लेषण गर्दछ । मानवजातिको ऐतिहासिक तथा भौतिकवादी विकास प्रक्रियालाई आत्मसात गर्दै अझ परिकृष्ट र समुन्नत समाज निर्माण गर्ने अभिष्ट राख्दछ ।

राजनीतिको दृष्टिकोणबाट यो सिद्धान्तको मुख्य अभिष्ट लोकतन्त्रको अझ बढी विकास गर्नु हो । निरंकुश राजतन्त्र, जहाँनिया शासन, एकदलीय प्रणाली, सैनिक तानाशाही वा अन्य कुनै प्रकारका अलोकतान्त्रिक शासन व्यवस्थालाई हाम्रो सिद्धान्तले समर्थन गर्दैन । गर्न सक्दैन । गर्नु हुँदैन ।

तर, लोकतन्त्रको अर्थ केवल उदार लोकतन्त्र वा 'राजनीतिक लोकतन्त्र' मात्र हैन । समुन्नत संघीय समाजवादको सिद्धान्तमा लोकतन्त्र एक समष्टिगत अबधारणा हो । यसभित्र 'राजनीतिक लोकतन्त्र' को साथसाथै, आर्थिक लोकतन्त्र, सामाजिक लोकतन्त्र र पर्यावरणीय लोकतन्त्र समेत समाष्टि हुनु पर्दछ । यस्तो लोकतन्त्रलाई सहभागितामुलक-समावेशी लोकतन्त्र भन्न सकिन्छ। सहभागिता, समावेशिता, समानुपातिकता, संघात्मकताआदि यस्तो लोकतन्त्रका अनिवार्य गुण हुनेछन । विद्यमान संसदीय उदार लोकतन्त्रलाई सहभागितामुलक-समावेशी लोकतन्त्रमा रूपान्तरण र विकसित गर्नु हाम्रो सिद्धान्तको मुख्य राजनीतिक दायित्व हो ।

अर्थशास्त्रीय दृष्टिकोणबाट यस सिद्धान्तले परम्परागत निरपेक्ष खुल्ला बजार अर्थतन्त्र, राज्य-समाजवादी अर्थतन्त्र वा शास्त्रीय मिश्रित अर्थतन्त्रको साटो राज्यको सामाजिक उत्तरदायित्वसहितको बजार अर्थतन्त्र अर्थात्बजार- समाजवादको आर्थिक मोडेल अबलम्बन गर्दछ । यस मोडेलमा सरकारी, निजी, सहकारी र सामुदायिक स्वामित्व बीच गतिशील सन्तुलन, सहकार्य र प्रतिस्पर्धा हुनेछ । तीव्र आर्थिक बृद्धि, पर्याप्त भौतिक पूर्वाधार विकास, समन्यायिक वितरण, समतामुलक संमृद्धि, दीगोपना र मानवीय खुशी यस्तो आर्थिक ढाँचाका मुख्य आधार तत्व हुनेछन।

समाजशास्त्रीय दृष्टिकोणबाट यो सिद्धान्तले बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक नीति अख्तियार गर्दछ । सामाजिक विविधताको संरक्षण र लैङ्गिक, वर्गीय र नश्ली सबै प्रकारका विभेदको अन्त्य गर्नेछ । बहुसाँस्कृतिकतावादलाई राज्य संरचनाबाटै संबोधन गर्न पहिचानमा आधारित प्रदेश सिमांकनको नीति अबलम्बन गर्दछ । देशका सबै उत्पिडित राष्ट्रियताहरूको पहिचानको मान्यतालाई स्थापित गर्दै बहुलतायुक्त राज्य निर्माण गर्दछ । प्रादेशिक स्वशासन र संघस्तरमा साझेदारी शासन हुनेछ । प्रादेशिक पहिचानमा नसमेटिएका अन्य अल्पसंख्यक तथा सीमान्तकृत समुदायका लागि विशेष स्वायत्त तथा संरक्षित क्षेत्रहरू निर्माण गरिनेछन। पार्टी र राज्य संगठनलाई प्रादेशिक तथा सामुदायिक जनसंख्या अनुपातका आधारमा पूर्ण समानुपातिक र समावेशी बनाइने छ ।

उपरोक्त मूल्यमान्यतालाई स्थापित गर्न हामीले जनस्तरबाटै नयाँ साँस्कृतिक प्रचलन स्थापित गर्नु पर्ने छ । समावेशी लोकतन्त्र अनुकुल आम मनोविज्ञानको निर्माण गर्न त्यही अनुरूपको वैचारिक पैरवी र पार्टी जीवन हुनु पर्दछ । नैतिकआचरणयुक्त सदाचारी जीवनपद्धति, सहिष्णुता र सभ्य लोकतन्त्र, पारदर्शिता र गतिशीलतालाई जोड दिनु पर्दछ । अनावश्यक तडकभडक, गुटबन्दी, संकिर्णता, सत्ता र शक्तिप्रतिको अतिमोहजस्ता रोगबाट पार्टी, आन्दोलन र जनसमुदायलाई जोगाउँनु पर्दछ ।

हामीले पार्टीको मार्गदर्शक सिद्धान्त समुन्नत संघीय समाजवादका ४ आधारतत्व तय गरेका छौं- संघीयता, सुशासन, संमृद्धि र समाजवाद । यदाकदा यी तत्वमध्ये कुन प्रमुख हो- कुन गौण हो भन्ने अन्यौल उत्पन्न हुने गरेको छ । तर, हामी त्यो भ्रममा अल्भिन हुँदैन । 'पहिचान, अधिकार र समावेशिता' र 'विकास, सुशासन र संमृद्धि' का सवाल बीच गतिशील सन्तुलन कायम गरेर मात्रै हामीले सही दिशा र गति समात्न सक्ने छौं ।

४.केही समसामयिक राजनीतिक घटनाक्रमको समीक्षा

४.१. गठबन्धन सरकारको समीक्षाः

२०७७ पुष ५ गते र २०७८ जेष्ठ ७ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीलेअसंवैधानिक रूपमा संसद विघटन गरेपछि तत्कालिन विपक्षी दलहरू संविधानको रक्षाको लागि एक ठाउँमा आउनु स्वभाविक र आवश्यक थियो । यसै क्रममा ५ दलीय गठबन्धन तयार भयो र नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउबाको नेतृत्वमा वर्तमान

बाँकी पृष्ठ ६ मा

## मधेश अपडेट

### "सत्य र तथ्यमा आधारित नै पत्रकारिताको धर्म"

विराटनगर । प्रदेश नं. १ का प्रदेश प्रमुख परशुराम खापुङले समाचार सम्प्रेषण गर्दा सत्य र तथ्यमा आधारित रहनु नै पत्रकारिताको धर्म भएको बताएका छन् । सञ्चारकर्मी सञ्चार सहकारी संस्था लि. विराटनगरको एघारौं स्थापनाको दिवसमा प्रदेश प्रमुखले सो कुरा बताएका हुन् । सत्य र तथ्य भएमा पत्रकारितालाई समाजको रूपान्तरण हुने प्रदेश प्रमुखको थप भनाई थियो । एघारौं स्थापना दिवसको अवसरमा पत्रकार राजेन्द्र दाहाललाई तोरेन्द्र इन्दिरा प्रेस स्वतन्त्रता सम्मान, मोहन मानन्धरलाई ओमप्रकाश गोयल आर्थिक पत्रकारिता पुरस्कार, बाबुराम भण्डारीलाई मेम्बर चन्द्रलाल-दुर्गादेवी दाहाल सञ्चार श्रमजीवि पुरस्कार र उषा सरदारलाई मीना श्रेष्ठ परिश्रमी महिला पत्रकारिता प्रोत्साहन पुरस्कार प्रदेश प्रमुख माननीय परशुराम खापुङको हस्तबाहुलीबाट प्रदान भएको थियो । त्यसैगरी पुरस्कारका कोषकार दिनबन्धु गोयल, दीपक दाहाल, डा. सम्झना प्रधान र मीना श्रेष्ठलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो । पुरस्कार तथा सम्मान लिँदै पत्रकार राजेन्द्र दाहालले आफुले तीस वर्षदेखि कुनै पनि पुरस्कार नलिएको तर पछिल्लो समय शिक्षक पत्रिका सहकारी माध्यमबाट चलाउँदै आएकाले सहकारीता पक्षलाई सम्मान गर्न उपस्थित भएको प्रष्ट पारेका थिए । मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले ससाना पुँजीहरूलाई एकीकृत पारेर चलाइने सहकारीलाई राज्यले पनि प्रोत्साहन गरेको बताए । कार्यक्रममा जिल्ला सहकारी संघ. लि. मोरङका अध्यक्ष डिल्ली पोखरेल, पुरस्कारका संस्थापकमध्येका दिनवन्धु गोयल र सहकारीका अध्यक्ष मोहन भण्डारीले मन्तव्य राखेका थिए ।

### बाँकेका मुस्लिमले मनाए बकर इद

बाँके । इस्लाम धर्मावलम्बीको दोस्रो ठूलो पर्व इद-उल-अजहा (बकर इद) बाँकेको नेपालगञ्जमा धुमधामका साथ मनाइएको छ । बकर इदका अवसरमा नेपालगञ्जको बिपी चोकस्थित इदगाहमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईसहित सयौंको सङ्ख्यामा उपस्थित भई मुस्लिम समुदायले सामूहिक नमाज ( प्रार्थना) गरे । इदगाहमा जम्मा भएको मुस्लिम समुदायले मुलुकमा अमन चयन र शान्तिको कामना गर्दै सामूहिक नमाज पढेको मुस्लिम समुदायका अगुवा मोहम्मद हारून हलवाइले जानकारी दिए । बकर इदको अवसरमा नमाजपछि एकापसमा अङ्कमाल गर्दै शुभकामना आदानप्रदान गरिएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री राईले सम्पूर्ण देशवासीमा बकर इदको शुभकामना व्यक्त गर्दै सामाजिक सद्भाव र धार्मिक सहिष्णुताको कामना गरेका थिए । बकर इदको शुभकामना आदानप्रदानका लागि गैरमुस्लिम धर्मावलम्बी पनि इदगाह पुगेका थिए । नेपालगञ्ज उपमहानगरका नगरप्रमुख प्रशान्त विष्ट, पूर्व नगरप्रमुख डा.धवलशम्शेर राणा, स्थानीय तहका जनप्रतिनिधि, नागरिक समाजका अगुवालगायतको उपस्थिति थियो ।

### चौपाया व्यवस्थापनमा आफ जुटे स्थानीय

कपिलवस्तु । कपिलवस्तुको बाणगङ्गा नगरपालिकामा नगरपालिकाले नै व्यवस्थापन गर्न नसकेको छाडा पशु चौपाया व्यवस्थापनको काममा एउटा टोलका नागरिकको सक्रियतामा सुरू भएको छ । बाणगङ्गा नगरपालिकाले अघिल्ला आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापनका लागि भन्दै वडा नम्बर ८ को मधुवन धाममा गौशाला निर्माणको काम सुरू गरेको भए पनि सडकमा छाडा चौपाया व्यवस्थापन हुन भने सकेको छैन । अहिले पनि नगरपालिकाले ५५ लाख बजेट छुट्टाएको छ । अहिले कपिलवस्तुको बाणगङ्गा नगरपालिका वडा नम्बर ८ स्थित चप्पर गाउँका क्रियाशिल नागरिकहरूले छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन समिति नै गठन गरी चौपायाको व्यवस्थापनमा जुटेका हुन । उनीहरूले बाणगङ्गाको चप्परगाउँबाट करिब ३० देखि ४० वटा छाडा पशुलाई नियन्त्रणमा लिएर नगरपालिकाले मधुवनमा बनाएको गौशालासम्म पुऱ्याएका छन् । दिनहुँ किसानले लगाएका बालीनाली खाने र सडक दुर्घटनाको जोखिम पनि निम्ताएका त्यस्ता चौपायाको उचित व्यवस्थापन गर्ने उद्देश्यका साथ चौपाया नियन्त्रणमा लिएर गौशाला सम्म आफ्नै लागतमा पुऱ्याएका हुन ।

### सेल्फी पुलको योजना विवादित

विराटनगर । प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री केदार कार्कीको संसद् विकास कोषबाट निर्माण थालिएको सेल्फी पुलको योजना विवादित बनेको छ । विराटनगर-६ झरना चोकस्थित सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहरमाथि सेल्फी पुल निर्माण सुरू गरिएको थियो । ३२ फिट लम्बाइ र ६ फिट चौडाइको पुल हुने भनिएको छ । विराटनगर महानगरका प्रमुख प्रशासकीय अधिकृत उमेश बस्नेतका अनुसार प्राविधिक मूल्यांकनमा काम ३० प्रतिशतजति मात्रै भएको देखिन्छ । पुल निर्माणको काम सकिएको भनेर १० लाख ९४ हजार ४२ रूपैयाँको बिल पेस गरिएको थियो तर काम भने ३ लाख ५२ हजार ७ सय रूपैयाँको मात्रै भएको पाइएको छ । बस्नेतका अनुसार प्राविधिकले फिल्डमा गएर योजनाको चेकजाँच र अनुगमन गर्दा काम पूरा नभइकन बिल पेस गरिएको फेला परेको हो । आर्थिक वर्षको अन्त्यमा हतारहतार बजेट विनियोजन गरेर नहरको बहाव नै थुनिने गरी मन्त्रीको अगुवाईमा पुल निर्माणको योजना अघि बढाइएको हो । नहरमा कुनै संरचना निर्माण गर्दा सुनसरी-मोरङ सिँचाइ आयोजनाको अनुमति लिनुपर्छ । तर, आयोजनाको सम्पत्तिमा आफूखुसी कंक्रिट संरचना निर्माणको काम थालिएको थियो । नियमविपरीत थालिएको पुल निर्माण अहिले अलपत्र अवस्थामा छ । निर्माणाधीन संरचनाका कारण बस्ती नै डुबानमा पर्ने भएपछि स्थानीयले विरोध गरेका छन् ।

### बुटवल पूर्ण खोप सुनिश्चित

रूपन्देही । रूपन्देहीको बुटवल उपमहानगरपालिका १२ वर्षमाथि उमेर समूहलाई कोभिड-१९ विरूद्धको पूर्ण खोप सुनिश्चित उपमहानगर घोषणा भएको छ । बुटवलमा आयोजित एक कार्यक्रममा उपमहानगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनालले जिल्ला खोप समन्वय समितिबाट पूर्ण खोप सुनिश्चित घोषणाका लागि अनुमति प्रदान भएको जानकारी गराए । उनले बुटवलमा रहेका १ लाख ९५ हजार ५६५ मध्य १२ वर्ष माथि पूर्ण खोप लगाएका १ लाख ५७ हजार ३९३ जनालाई खोप लगाइएको जानकारी दिए । उनले ९ हजार ८६५ जनालाई खोजेर र नगर बाहिरका २२ हजार ६६३ जनालाई खोप लगाईएको जानकारी दिए । उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेले बुटवललाई पूर्ण खोप सुनिश्चित घोषणा गर्नका लागि आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरेपछि नेपालकै पहिलो कोभिडविरूद्धको पूर्ण खोप सुनिश्चित उपमहानगर बनेको जानकारी गराएका थिए । बुटवल उपमहानगरपालिकामा खोप लगाउन बाँकी रहेका पूर्ण खोपका लागि आह्वान गर्दै खोप केन्द्र मार्फत सेवा प्रदान गरिएको नगरप्रमुख पाण्डेले जानकारी दिए ।

### सुदूरपश्चिमको बजेट बहुमतले पारित

कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले अगामी आर्थिक वर्ष २०७९/८० का लागि ल्याएको बजेट बहुमतले पारित भएको छ । प्रदेशसभाको दोस्रो बैठकबाट बजेट बहुमतले पारित भएको हो । प्रतिपक्षी दल एमाले र जनता समाजवादी पार्टीका प्रदेशसभा सदस्यबाहेक अन्यले बजेटको पक्षमा मत दिएका छन् । एमाले र जसपाका सांसदले भने विपक्षमा मत दिएका थिए । असार १ गते प्रदेश सरकारका आर्थिक मामिला मन्त्री प्रकाशबहादुर रावलले आगामी आर्थिक वर्षका लागि ३६ अर्ब ७४ करोड बराबरको बजेट प्रस्तुत गरेका थिए । तर प्रतिपक्षी एमालेसँगै सत्तारूढ दलका प्रदेशसभा सदस्यहरूले बजेट संशोधनको माग गरेपछि २८ दिनसम्म प्रदेशसभा बैठकमा अवरूद्ध हुँदै आएको थियो । बुधबार एमाले, जनता समाजवादी पार्टी र लोकतान्त्रिक जनता समाजवादी पार्टीका माग सम्बोधन गर्न सरकार सकारात्मक रहेको भन्दै १४ बुँदे सहमति गरेपछि प्रदेशसभा बैठक सुचारू भएको थियो । बैठकमा प्रदेशसभा सदस्यहरूले बजेटमाथि छलफल गरेका थिए । प्रदेशसभा सदस्यहरूले बजेट संशोधन गर्नुपर्ने भन्दै सरकारको भूमिकामाथि प्रश्न उठाएका थिए ।

# बाबुराम...

सरकार गठन भयो ।

ओलीको प्रतिगमनकारी कदमलाई परास्त गरी संविधान र संविधानवादको रक्षा गर्ने दृष्टिकोण सही र सकारात्मक हो । कुनै पनि देशको राज्यसत्ता सरकारविहीन हुन सक्दैनथ्यो र यो भन्दा बाहेक अरू कुनै संवैधानिक तथा राजनीतिक उपाय बाँकी थिएनन । कोविड-१९ को महामारी नियन्त्रण, भरखरै स्थानीय निर्वाचन सम्पन्न गर्नुलाई सरकारको सकारात्मक उपलब्धी मान्न सकिन्छ ।

तर, जनमुखी शासनप्रशासन र आर्थिक नीति निरूपणका दृष्टिकोणले भने सरकार खासै सफल देखिन्न । यो सरकार पाँच दलीय गठबन्धनको सार्वजनिक प्रतिबद्धता 'न्युनतम साझा कार्यक्रम' का आधारमा बनेको थियो। तर, सरकारले साझा कार्यक्रमको मर्म र भावनालाई आत्मसात र कार्यान्वयन गर्न सकेको देखिन्न ।

यो सरकारको कार्यकालमा देशको अर्थतन्त्र र आर्थिक प्रशासनका गम्भीर समस्या देखा परे । देशमा करिब एक बर्ष लामो तरलता अभाव हुन पुग्यो, जो अझै राम्ररी हल हुन सकेको छैन । वैदेशिक मुद्राको संचिती कमजोर जोखिमपूर्ण अवस्थामा छ । भ्रष्टाचार, मूल्यबृद्धि र मंहगी आकासिएको छ । अर्थमन्त्रीमाथि वित्तिय अपराध हुने गम्भीर आरोप लागेपछि राजिनामा गर्न बाध्य भएका छन्। राष्ट्र बैंकको स्वायत्तता र विश्वासनीयता संकटमा पर्ने गरी गवर्नरको बर्खास्ती र पुनर्बाहली भएको छ । शेयर पुँजीबजार आधाभन्दा बढीको गिरावट आईलगानीकर्ता चिन्तामा परेका छन्। युवा बेरोजगारी, श्रम पलायन, बैदेशिक परनिर्भरता कायमै छन् । यस दृष्टिकोणबाट गठबन्धन सरकारबारे जनअसन्तुष्टि र गुनासा बढ्नु स्वभाविक हो ।

४.२.स्थानीय निर्वाचन-२०७९ को समीक्षा

२०७९ बैशाख ३० गते नयाँ संविधान जारी भए यताको दोस्रो स्थानीय निर्वाचन एकै चरणमा सम्पन्न भएको छ । स्थानीय लोकतन्त्रको निरन्तरता र सवलीकरणका लागि यो सुखद कुरा हो । सीट संख्याको दृष्टिकोणबाट उच्च नतिजा हासिल गर्ने ७ दल क्रमश: नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा - माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकिकृत समाजवादी), लोकतान्त्रिक- समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी बनेका छन । थप १२ दलहरूले केही न केही सीट हासिल गरेका छन् ।

बहुपदीय मतपत्र र गठबन्धनको कारणले लोकप्रिय मतको आधारमा कुन पार्टीको स्थिति के हो भनेर तथ्यांकमा भन्न सकिने अवस्था थिएन । तथापि दुई ठूला पार्टीका रूपमा अझै नेपाली कांग्रेस र नेकपा ( एमाले) नै रहेको स्वीकार गर्नु पर्ने हुन्छ । यो मूलत: देशमा २०४६ यताको करिब ३ दशककै राजनीतिक तथा मतदान प्रवृतिको निरन्तता हो । पहिलो संविधानसभा निर्वाचन २०६४ मा माओवादी र मधेशी जनाधिकार फोरमको उदयले कांग्रेस र एमालको स्थिति कमजोर हुन पुगेको थियो । देशमा यतिका धेरै राजनीतिक आन्दोलन र क्रान्तिकारी भावनाको विकासपछि पनि किन यी दुई यथास्थितिवादी दलहरू नै मुख्य दुई ठूला दलका रूपमा कायम रहे ? यो गम्भीर समीक्षाको बिषय हो ।

एकातिर हामी देशको समग्र क्रान्तिकारी रूपान्तरणका अग्रगामी मुद्धाहरू बोकेर हिडिरहेका छौं । विगत ३ दशकदेखि देशले उल्लेखनीय आर्थिक सफलता र शासनप्रशासनको गुणस्तर हासिल गर्न सकेको छैन । बेथिति र भ्रष्टाचार चौतर्फी छ । असंवैधानिक ढंगले संसद विघठनजस्ता घटनाले लोकतन्त्र नै जोखिममा पर्ने गरेको छ ।

तथापि अझै पनि मतदाताको रूझान तिनै पुराना, थोत्रा, असक्षम र नालायक दलहरूप्रति किन कायम छ ? किन अझै नयाँ, अग्रगामी राजनीतिक बिकल्प तयार हुन सकिरहेको छैन ? यो बढो ठूलो विरोधाभाषको बिषय बनेको छ।

४.३.स्थानीय निर्वाचनमा गठबन्धन रणनीतिको समीक्षा

भरखरै सम्पन्न स्थानीय निर्वाचनमा पाँच दलीय गठबन्धन केन्द्रीयस्तरबाट गर्ने अभ्यास भयो । जानेर नजानेर हामी पनि त्यसमा सामेल भयौं । तर, त्यो आफैमा के कति जायज वा नाजायज अभ्यास थियो ? यसको समीक्षा हुनै पर्दछ ।

यस प्रकारको गठबन्धनबारे मुख्य दुई वटा प्रश्न उठे । पहिलो- संघीय लोकतान्त्रिक गणतन्त्र भएको देशको स्थानीय निर्वाचनमा केन्द्रीय तहको गठबन्धन सैद्धान्तिक तबरले नै गलत हैन र ? संघीयताको सिद्धान्तले स्थानीय स्वशासन, स्वायत्तता र स्थानीय लोकतन्त्रको चाहना राख्दछ । तर, केन्द्रीय गठबन्धनले त्यसलाई खण्डित गरेको छ । गठबन्धन नै गर्नु थियो भने पनि स्थानीय कमिटीहरूलाई त्यो अधिकार हुनु पर्दथ्यो ।

दोस्रो-पाँच दलीय गठबन्धन बहिर गएर कुनै दलले गठबन्धन गरे कार्वाही गरिने जुन बारम्बारको विज्ञप्ति जारी गरियो, त्यसप्रति नेपाली कांग्रेस र माओवादी केन्द्र किन इमान्दार रहेनन्? उनीहरूले आआफ्नो स्वार्थमा जो सुकैसंग गठबन्धन गरे । कांग्रेस र माओवादीले एमाले र राप्रपाजस्ता दलसंग पनि गठबन्धन गरे । तर, जसपालगायत गठबन्धनका साना दलहरूलाई भने अनावश्यक रूपमा बाँध्ने काम भयो, त्यो बिल्कुलै गलत थियो । यसको शिक्षा के हो भने- स्थानीय निर्वाचनमा सामान्यत: केन्द्रिय गठबन्धन गर्नु हुँदैन । गठबन्धन गर्ने नगर्ने वा कुन दलसंग गर्ने भन्ने अधिकार स्थानीय आवश्यकता मै छोड्न पर्ने रहेछ ।

४.४.क्षयीकृत लोकतन्त्र र प्रणालीप्रति नै बढ्दो जनवितृष्णा:

स्थानीय निर्वाचनको सेरोफेरोमा दलीय प्रणालीप्रतिको अविश्वास, आम निरासा र बितृष्णा बढ्दै गएको देखिन्छ। त्यसको परिणाम स्वरूप स्वतन्त्र उम्मेद्वारहरूप्रतिको आकर्षण मतदातामा बढेको देखियो । दलहरूभित्र टिकटको झमेला, टिकट वितरणमा परिवारवाद, अपारदर्शीता र पक्षपात, निर्वाचनमा धन, डन र गनको बढ्दो प्रभावले लोकतन्त्रप्रति जनविश्वास कमजोर हुनु अस्वभाविक हैन ।

तर, संगसंगै हामीले यो बिर्सन हुँदैन कि लोकतन्त्र र दलीय प्रणाली एकअर्कामा अन्योन्याश्रित छन । दलहरू विना लोकतन्त्र चल्न सक्दैन । व्यक्ति स्वतन्त्रहरूबाट देश बन्ने, बनाउँने संगठित शक्ति निर्माण हुन सक्दैन । दलहरूको बिकल्प दल नै हो । नराम्रा दलहरूको बिकल्प अझ राम्रा दलहरू हुन । अहिलका दलहरू पर्याप्त जनमुखी, पारदर्शी, निष्पक्ष र प्रभावकारी भएननभन्ने गुनासो सही हो तर त्यसको अर्थ स्वतन्त्र उम्मेद्वारीले सही निकास दिँदैन । विश्वासनीय, बलियो, राम्रो र प्रभावकारी दल निर्माण गर्नु आज सबैका सामु चुनौतिको बिषय बनेको छ ।

५. राजनीतिक शक्तिहरूको विश्लेषण:

५.१.नेपाली काङग्रेस:

वैचारिक दृष्टिकोणले नेपाली कांग्रेस उदारवादी-पुँजीवादी संसदीय लोकतान्त्रिक धारको नेतृत्व गर्ने दल हो। दस्तावेजमा यसले 'प्रजातान्त्रिक समाजवाद' लेख्ने गर्दछ । तर, उसको नीति, कार्यक्रम र व्यवहारमा 'समाजवाद' अहिलेसम्म कहिँ कतै देखिएको छैन । यस पार्टीले भन्ने गरेको 'प्रजातन्त्र' पनि पुरानो, ठिमाहा वा खच्चड, संसदीय र औपचारिक लोकतन्त्र मात्र हो । लोकतन्त्रको अझ बढी विकास गर्ने, लोकतन्त्रलाई सहभागितामूलक, प्रत्यक्ष, समावेशी, समानुपातिक, संघात्मक, पूर्ण र शुद्ध ( परफेक्ट एण्ड पियोर ) ढाँचा वा प्रारूपमा विकास गर्न यो पार्टीको कुनै रूचि देखिँदैन ।

२०४६ साल यताका उसका सबै नीति र व्यवहार नवउदारवादी उदारीकरण, निजीकरण र भूमण्डलीकरणबाट प्रभावित छन् । यो पार्टी हिजो संवैधानिक राजतन्त्रको पक्षधर थियो । जनताको बद्लिदो चेतना र दबाबले गणतन्त्रसम्म स्वीकार गर्न थाल्यो। तर, संघवाद र समावेशी लोकतन्त्रलाई अझै यसले जिवन्त, ठोस र मूर्त ढंगले स्वीकार गरिसकेको छैन । अत: लोकतन्त्रका विश्वव्यापी मूल्यमान्यताको रक्षाको प्रश्नमा कांग्रेससंग हाम्रो सहकार्य हुन सक्दछ । बाँकी प्रश्नमा प्रतिस्पर्धा र संघर्ष हुन्छ ।

५.२.नेपाल कम्युनिष्ट पार्टीका घटकहरू:

नेपालमा दर्जनौं कम्युनिष्ट समूह छन । नेकपा ( एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा ( एकिकृत समाजवादी) ठूला कम्युनिष्ट समूह हुन । साना कम्युनिष्ट पार्टीमा नेमकिपा र नेकपा मसालको मोर्चा संगठन राष्ट्रिय जनमोर्चाले संसदमा प्रतिनिधित्व गर्दछन । संसदमा नभएका नेकपाका अन्य घटकहरू बैध, बिप्लब, आहुति, माले आदि अनेक समूहहरू छन्।

यी सबै समूहको विचार र उत्पतिको आधार एउटै हो । यी सबै समूह कार्ल मार्क्स र फ्रेडरिख एंगेल्सले सन् १८४८ मा लेखेको 'कम्युनिष्ट घोषणा पत्र' लाई वैचारिक आधार मान्ने दलहरू हुन । यी सबै समूह रूसी अक्टोबर क्रान्ति, सोभियत प्रणाली, चिनियाँ 'नयाँ जनवादी क्रान्ति' र माओ त्से तुङ विचारधाराबाट प्रभावित छन । यी सबै समूह सन्१९४९ मा गठन भएको नेकपाबाट फुटेर बनेका हुन । यी समूहहरू बीचको भिन्नता दार्शनिक तथा विचारधारात्मक हैन । केवल राजनीतिक कार्यदिशा, कार्यनीति र खासखास एजेण्डाको भिन्नता मात्रै हो । भन्ने एउटा गर्ने अर्को जस्तो पाखण्डी चरित्र प्रदर्शनमा यिनीहरू उस्तै छन । अर्थात्व्यवहारवादी र जडसुत्रीय अवसरवाद यी सबै समुहको साझा चरित्र हो ।

सन्१९९० को दशकमा सोभियत संघको पतनपछि एमालेले 'जनताको बहुदलीय जनवाद' मार्फत् 'संसदीय प्रणाली' को बाटो समात्योर विस्तारै करिब कांग्रेसजस्तै जस्तै बन्न पुग्यो। एमालेको जस्तो विचारलाई विश्व राजनीतिमा 'युरो कम्युनिज्म' भन्ने गरिन्छ, जसको अर्थ उदारपुँजीवादी संसदीय लोकतन्त्रबाटै समाजवाद, साम्यवाद ल्याउँन सकिन्छ भन्ने विश्वास हो ।

माओवादी केन्द्रले हिजो माओवाद, एक्काइशौं शताब्दिको जनवाद, प्रचण्डपथजस्ता विचारको कुरा गर्थ्यो । एमालेसंगको एकता, नेकपा ( नेकपा ) को निर्माण र सहकार्यको करिब साँढे ३ बर्षको अबधिमा यो पार्टी एमालेजस्तै 'जनताकोबहुदलीय जनवादी' बन्यो । पुनश्च विभाजनपछि यसले आफूलाई फेरि 'माओवादी' भन्न थालेको छ । यो ब्राण्ड मात्रै हो कि विचारधाराले नै माओवादी हो भन्ने प्रश्न गर्न सकिन्छ । औपचारिक रूपमा 'जनताको बहुदलीय जनवाद' स्वीकार नगरे पनि त्यसभन्दा फरक कुनै मौलिक विचारधारा माओवादी केन्द्रसंग बाँकी देखिँदैन ।

नेकपा (एकिकृत समाजवादी) को विचार, सिद्धान्त र एजेण्डा के हो, त्यो एमाले र माओवादी केन्द्रसंग के कति कारणले समान वा फरक छ भन्ने अझै प्रष्ट छैन । केपी शर्मा ओलीको कार्यशैली र असंवैधानिक संसद विघठनसंग विमति राखेर एमालेबाट फुटेको दल मात्र भएको हुँदा यसको विश्लेषण पद्धति आधारभूत रूपमा एमालेको जस्तै छ। यो दलले कुन बाटो रोज्छ, यसको राजनीतिक भबिष्य के कस्तो हुन्छ अझै केही समय पर्खेर हेर्नु पर्दछ ।

यी तीन वटै ठूला कम्युनिष्ट समूह शास्त्रीय जडता र व्यवहारिक स्खलनको अनौठो स्थितिमा पुगेका छन। आफूलाई कम्युनिष्ट भन्छन, कम्युनिष्ट शब्दप्रतिको जनताको मोहको शोषण पनि गर्दछन तर कम्युनिष्ट बाँकी छैनन तर, छोड्न पनि सक्दैनन । शास्त्रीय साम्यवादको सिद्धान्तले अब कुनै काम गर्दैन भन्ने यिनलाई थाहा छ तर पुरानो ब्राण्ड नाम विना चुनावमा भोट नपाउँनेडरले भन्न डराउँछन । व्यवहारमा भने यी कुनै पनि समूह कांग्रेसभन्दा फरक छैनन् ।

यसरी नेपालमा कांग्रेस र कम्युनिष्ट एउटै सिक्काका दुई पाटोजस्तो बन्न पुगेका छन । दुबै दलले वर्तमान संविधानलाई संसारको उत्कृष्ट संविधान भन्दै दीपावली गरेका थिए । दुबै दल संघीयता, समावेशिता, प्रत्यक्ष, सहभागितामुलक लोकतन्त्र, समानुपातिकता, सकारात्मक विभेद, सामाजिक न्याय, सीमान्तकृत समुदायको आरक्षण, उत्पीडित राष्ट्रियताहरूको पहिचान, अधिकार र मुक्तिको प्रश्नमा उस्तै र उत्तिकै अनुदार देखिन्छन । कांग्रेसले अभ्यास गरिरहेको नवउदारवादी अर्थनीतिभन्दा फरक एमाले, माओवादी र एसमाजवादीलेकुनै तात्विक भिन्नता भएको अर्थनीति प्रस्तुत गर्न सकेका छैनन् ।

साना बामपन्थी वा कम्युनिष्ट समूहरूमा कुनै उल्लेखनीय नयाँ विचार र सृजनशील क्षमता देखिएको छैन । तिनीहरूसंग देशको राजनीतिक कार्यदिशालाई प्रभावित गर्न सक्ने क्षमता पनि देखिन्न । शास्त्रीय साम्यावादको विश्व असफलतापछि पनि पुरानै वैचारिक आग्रह छोड्न नसकेको कारणबाट उत्पन्न कुन्ठा, निरासा, हतासा, विभ्रम र उद्विग्नताबाहेक साना बामपन्थी समूहसंग थप कुनै गुण देखिन्न ।

नेपालका सबै साम्यवादी समूहका साझा समस्या छन । नेपालका कम्युनिष्ट समूहहरूसंग अब कुनै आशा, अपेक्षा र भरोसा राख्न सकिन्न । आफै भ्रमित नेतृत्व, आन्दोलन र संगठनले देश र जनताको सही नेतृत्व गर्ने कुरै हुँदैन । लोकतन्त्रको विश्वव्यापी मान्यताप्रति पनि यिनीहरू प्रतिबद्ध छैन । देशको सामाजिक विविधतालाई संवोधन गर्ने विधि संघवाद, समावेशिता, समानुपातिककता, बहुसाँस्कृतिकतावाद, सामाजिक न्याय, आरक्षण आदि सवालप्रति पनि बामपन्थी समूहहरू खासै सकारात्मक र प्रतिबद्ध छैनन् । कम्युनिष्ट समूहहरूबाट सन्तुलिन अन्तर्राष्ट्रिय सम्बन्ध र भूराजनीतिक जटिलताको संवोधन पनि संभव देखिन्न । नत यिनीहरूसंग कुनै ठोस आर्थिक नीति तथा विकास र संमृद्धिको मोडेल नै छ ।

समग्रमा बामपन्थी तथा कम्युनिष्ट समूहहरू देशको अग्रगामी रूपान्तरण, समतामुलक संमृद्धि र समावेशी विकासको मार्गमा जानेर, नजानेर व्यवधान जस्तो बन्न पुगेका छन। यिनीहरूले कित पूर्वी युरोपका पुराना कम्युनिष्ट पार्टीहरूले झैं बेलैमा आफूलाई नयाँ सोच, कार्यक्रम र नाममा रूपान्तरण गरी सहभागितात्मक समाजवादी धारा समात्न सक्नु पर्दछ कित आफ्नै पतनको प्रतीक्षा गर्नु पर्ने छ । यथास्थितिमा यिनीहरूको क्रमिक अवसान अपरिहार्य छ । जो रूपान्तरित हुन इच्छुक छन, उनीहरूसंग भने सहकार्य र एकताको प्रक्रियामा जान सकिन्छ ।

५.३.राप्रपा:

राप्रपा/राप्रपा नेपाल रूढीवादी धारको प्रतिनिधि दल हो । पुराना शासक वर्ग र परिवार- राणा, शाह र पञ्चहरूको बिरासतको गर्भबाट यो दलको उदय र अस्तित्व कायम भएको हो । जनतामा निहित धार्मिक भावनाको राजनीतिक दोहन गरेर शक्तिमा फर्किन चाहने यो दल पछिल्लो गत आमनिर्वाचनमा निक्कै कमजोर भएको थियो । भरखरै सम्पन्न स्थानीय निर्वाचनमा थोरै प्रगति गरेको छ ।

शक्तिले सानो भए पनि विचारले यो दल देशको सबैभन्दा दक्षिणपन्थी, प्रतिक्रियावादी र पश्चगामी दल हो । यो मूलत लोकतन्त्रविरोधी, सामन्ती तथा रूढीवादी निरंकुशतावादी विचारको दल हो । यो दल लोकतन्त्र, गणतन्त्र, संघवाद, समावेशिता, समानुपातिकता, सामाजिक न्याय, सीमान्तकृत समुदायको आरक्षण, बहुसाँस्कृतिवाद, समाजवाद र धर्मनिरपेक्षताको विरूद्धमा छ । यो दलले छर्ने अनावश्यक भ्रम चिर्न हाम्रो पार्टी निरन्तर चनाखो रहनु पर्दछ ।

५.४.अन्य दलहरू:

यसका अतिरिक्त अन्य केही दलहरू देशको राजनीतिमा क्रियाशील छन । जस्तै, लोकतान्त्रिक-समाजवादी पार्टी ( लोसपा ), जनमत पार्टी, जनता प्रगतिशील पार्टी, नागरिक उन्मुक्ति पार्टी, तराईमधेश लोकतान्त्रिक पार्टीजस्ता मधेश केन्द्रित दलहरू छन भने विशेषत: उपत्यका केन्द्रित विवेकशील-साझा गत आम निर्वाचनमा चर्चामा थियो ।

संघवाद र समावेशिताका सवाल तथा पहिचान र अधिकारको आन्दोलनको सन्दर्भमा लोसपा, जनमत, नागरिक उन्मुक्तिजस्तासंग हाम्रो पार्टीको विचार नजिक छ । विकास, सुशासन र संमृद्धिको सवालमा भने यी दल त्यतिधेरै प्रष्ट छैनन्। विवेकशील-साझाको एउटा समूहले पश्चगामी मोड लिएपछि त्यो पार्टी संकटमा फसेको छ । तर अर्को पक्ष तुलनात्मक रूपमा प्रगतिशील देखिन्छ । विवेकशील साझाको प्रगतिशील समूहसंग हामीले सहकार्य र एकताको वातावरण बनाउँदै जाने प्रयत्न गर्नु पर्दछ ।

६.पार्टी रूपान्तरण/पुनर्गठनको प्रस्ताव:

विभिन्न राजनीतिक समूह, आन्दोलनकारी धारा, वैचारिक भावधारा र व्यक्तिव्यक्तित्व मिलेर हामीले जसपा निर्माण गरेका थियौं, त्यसको औचित्य र आवश्कता झनै टटकारो भएको छ । पार्टीकोकानुनी बैधता निरूपण गर्ने आफ्नै प्रक्रिया छ । त्यो काम निर्वाचन आयोग गर्दै गर्ला । पार्टीको आधिकारिक बैधता हामीसंग रहेको वा नरहेको- दुबै अवस्थामा वैचारिक, सैद्धान्तिक, राजनीतिक बैधता भने हामीसंग हुनेछ । समुन्नत संघीय समाजवादको सिद्धान्तमा आधारित प्रगतिशील, लोकतान्त्रिक तथा समावेशी चरित्रको बैकल्पिक राष्ट्रिय राजनीतिक दल निर्माण गर्नु, यसको संगठनात्मक शक्ति र आन्दोलनमार्फत् जनताको पहिचान, अधिकार, समावेशीता, सुशासन, आर्थिक विकास, संमृद्धि र समाजवादको अपेक्षा पूरा गर्नु जसपाको मूल ध्येय थियो । त्यो ध्येयबाट हामी किञ्चित विमुख भएका छैनौं । हुने पनि छैनौं ।

हामीसंग जसपाको बैधानिक बहुमत रहे वा नरहेको दुबै अवस्थामा पार्टीको पुनर्गठन एक अनिवार्य तथा अपरिहार्य ऐतिहासिक आवश्यकता बन्न पुगेको छ । पार्टी पुनर्गठन के कसरी गर्ने ? यसबारे कुनै ठोस र मूर्त निर्णय गर्ने अधिकार यसै विस्तारित बैठकको अधिकार हो । तसर्थ यो बिषयमाथि गम्भीर, सघन र विहङगम विचार, बिमर्श गर्ने र कुनै निर्णयमा पुग्ने कार्यभार यही बैठक सामु छोड्न चाहन्छु ।

छलफलका लागि हाम्रा सामु दुई बिकल्प हुन सक्दछन । एक- नयाँ ढंगले बैकल्पिक राजनीतिक शक्ति निर्माणको अभियानलाई अघि बढाउने, दुई-विचार, नीति, कार्यक्रम मिल्ने निकटतम् शक्तिहरूसंग सहकार्य, ध्रुबीकरण, एकीकरण गर्दै जाने । बैठकले निकालेका निष्कर्षको आधारमा हामी पुनर्गठित पार्टीको घोषणा-पत्र, विधान, नियमावली र आचारसंहिता निर्माण गर्ने छौं । सोही बमोजिम यसलाई बैधानिकता दिने प्रक्रिय पूरा हुनेछ ।

७. हाम्रा कार्यभारहरू

७.१. वैचारिक कार्यभार:

हामी र हाम्रो पंक्ति आफ्नो विचार, सिद्धान्त, एजेण्डा र दृष्टिकोणमा अझ तीखो र तीक्ष्ण हुने प्रयत्न गर्नु पर्दछ। विचारमाथि निरन्तर बहस गर्नु पर्दछ । विचारलाई प्रचार गर्ने माध्यम र सामग्रीहरूको अधिकतम्उपयोग गर्नु पर्दछ । पार्टी पंक्तिभित्र योजनाबद्ध स्कुलिङ तथा प्रशिक्षण संचालन गर्नु पर्दछ ।

७.२. राजनीतिक कार्यभार: देशको राजनीतिमा अझै दक्षिणपन्थी, यथास्थितिवादी तथा कथित बामपन्थी शक्तिहरूको बोलाबाला छ । हामीले भने जस्तो अग्रगामी, प्रगतिशील, लोकतान्त्रिक तथा समावेशी चरित्रको पार्टी निर्माणका लागि थुप्रै राजनीतिक असहजता र चुनौतिहरू छन । हामी एक्लैले छिट्टै र सहजै ती चुनौतिहरू समाना गर्न संभव हुँदैन । त्यसका लागि हामीले विचार मिल्ने पक्ष, समूह, व्यक्ति र व्यक्तित्वहरूसंग सहकार्य गर्न आवश्यक हुन्छ । राष्ट्रिय राजनीतिका विभिन्न शक्तिहरू बीच यथोचित सन्तुलन कायम गर्ने प्रयत्न गर्नु पर्दछ । यी सबै अवस्थामा हामीले आफ्नै वैचारिक तथा राजनीतिक धार निर्माण गर्दै जाने दीर्घकालिन लक्ष्य, उद्धेश्यहरूलाई बिर्सन किमार्थ बिर्सन मिल्दैन ।

७.३. संगठनात्मक कार्यभार:

संगठन पार्टी शक्तिको मुख्य आधार हो । पार्टी निर्माणका मुख्य ४ पक्ष हुन्छन । विचार, संगठन, अभियान र व्यवस्थापन । यी ४ पक्षमध्ये पनि संगठन अत्याधिक महत्वपूर्ण छ । संगठन निर्माणमा हामीले कुनै कसर बाँकी राख्नु हुँदैन तर, हामीले यो पनि बुझ्न पर्दछ कि चाहँदैमा रातारात बलियो पार्टी संगठन बनाउँन सकिँदैन । पार्टी संगठन निर्माणका आफ्नै वस्तुगत तथा आत्मगत जटिलता हुन्छन । कतिपय अवस्था यस्तो हुन्छ कि हामीले हज्जार प्रयत्न गर्दा पनि मान्छे संगठनमा आउँदैनन, कतिपय अवस्था यस्ता हुन्छन थोरै प्रयत्नमा पनि धेरैलाई गोलबद्ध र संगठित गर्न सकिन्छ ।

पार्टी सदस्य र समिति धेरै वा थोरै हुनु मात्रै पनि पार्टी संगठनको मुख्य पक्ष हैन । पार्टी सदस्य धेरै हुन वा थोरै, कमिटी धेरै हुन वा थोरै, ती पार्टीजस्तो विधि, पद्धति, प्रक्रिया र अनुशासन हुनु पर्दछ । यदि वैचारिक प्रष्टता, नैतिक वल र संगठित प्रयत्न छ भने सानो पार्टी पनि ठुलो हुँदै जान्छ । अन्यथा ठूलो पार्टी पनि सानो हुँदै जान्छ । पार्टी संगठनको मात्रा संगसंगै हामीले गुणस्तरमा ध्यान दिनु पर्दछ । गुणस्तरयुक्त पार्टी सदस्य र संगठनले मात्रा बृद्धि गर्न सक्दछन। पार्टी सदस्य र संगठनमा गुणस्तर भएन भने अनेक झमेला सृजना हुन्छन र भएकै संगठन पनि ध्वस्त हुँदै जान्छ ।

पार्टी संगठन निर्माणको अहिलेको चरणमा हामीले मात्राभन्दा गुणस्तर मै ध्यान दिनु पर्दछ । विधिसम्मत पार्टी संचालन र गुणीस्तरीय तथा प्रतिबद्ध पार्टी सदस्य निर्माणमा हाम्रो जोड हुनु पर्दछ ।

७.४.प्रचार रणनीति र योजनासम्बन्धी कार्यभार:

सूचना क्रान्ति, डिजिटल प्रविधि र सामाजिक सञ्जालको बढ्दो भूमिकाको युगमा पार्टी प्रचारको योजना पनि सोही बमोजिमको हुनु पर्दछ । सोही बमोजिमका प्रचार-सामग्री गर्नु पर्दछ । प्रचार-प्रसारमा पार्टी कार्यकर्ता र पार्टी संयन्त्रले अध्याबधिक भूमिका गर्न पर्दछ । पार्टीका नियमित कमिटीमा सबै तहमा प्रचार विभाग गठन गरी यो भूमिका गर्नु पर्ने हुन्छ भने निर्वाचनको अबधिमा निर्वाचन प्रचार-प्रसार समिति बनाउँने काम गर्नु पर्दछ ।

अबको राजनीति र निर्वाचनमा समाजिक संजालको भूमिका निरन्तर बढ्ने छ । हाम्रा सबै पार्टी सदस्यले फेसबुक, ट्वीटर लगायतका प्रचालित सञ्जाललाई उपयोग गर्न सक्ने हुनु पर्दछ । साँस्कृतिक मोर्चालाई सवल बनाई पार्टी नीति अनुरूपका गीत, संगीत, सिनेमा, नाटक, हास्यव्यंग्यआदि सामग्रीको उत्पादन गर्नु पर्दछ । प्रेस जगतसंगको सम्बन्धलाई सुमधुर राख्न पर्दछ । पार्टी निकटको प्रेस संगठनको प्रभावकारिता र पार्टी-लेखकहरूको उत्पादन र विकासमा जोड दिनु पर्दछ । अनलाईन मिडियाको उपयोगमा विशेष ध्यान दिनु पर्दछ ।

तर, हामीले परम्परागत प्रचार माध्यमको उपयोग गर्न छोड्न हुन्न । विशेषत: ग्रामिण क्षेत्रमा अझै परम्परागत प्रचार माध्यमहरू उपयोगी हुन सक्दछन । देशका खासखास भागहरूमा एफएम रेडियो स्टेशनहरू प्रभावकारी छन । पर्चा वितरण र घरदैलो कार्यक्रम अझै शसक्त हुन्छन । आमसभा , कोणसभाहरूको महत्व अझै छ । पैदलयात्रा, जागरण अभियान, स्थानीय तथा इलाकीय आमसभा, ज्ञापनपत्र, धर्ना तथा जुलुस प्रदर्शन, वडा तथा टोल भेला आदिमा विशेष जोड दिनु पर्दछ ।

समग्रम बद्लिएका सञ्चार माध्यम, जनताको मनोविज्ञान र पहुँच तथा पार्टीको आवश्यकताबीच तालमेल मिलाउँदै प्रचार रणनीति निर्माण र योजना कार्यान्यवन गर्नु पर्दछ ।

७.५.व्यवस्थापन सम्बन्धी कार्यभार:

सक्षम र प्रभावकारी दल निर्माणको एउटा महत्वपूर्ण पाटो व्यवस्थापन हो । राजनीति दलको व्यवस्थापन भन्नाले मूलत: कार्यालय व्यवस्थापन, सूचना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, निर्वाचन अभियान व्यवस्थापन र आर्थिक व्यवस्थापन हुन । व्यवस्थापनका यी पक्षमा दीगो र प्रभावकारी उपाय अबलम्बन नगरिकन पार्टीले आफ्ना लक्ष्य तथा उद्धेश्य हासिल गर्ने आधार तय गर्न सक्दैन ।

पार्टीको नियमित संगठनात्मक जीवन, आन्दोलन तथा बिशेष अभियान सञ्चालन र निर्वाचनको समयमा आर्थिक स्रोत परिचालन र व्यवस्थापन महत्वपूर्ण राजनीतिक कार्यभार बन्दछ । यो पार्टीलाई बिर्सियो भने आर्थिक स्रोत परिचालन क्षमता र व्यवस्थापन अभावमा जित्ने संभावना हुँदाहुँदै पनि पार्टीले हार्नु पर्ने स्थिति आउँन सक्दछ । पार्टी पंक्ति निरास हुने जोखिम बढ्दछ ।

देशको प्रचलित कानुन र प्रचलनको अधिनमा रही मितव्ययी र पारदर्शी खर्च गर्न र आर्थिक अनुशासन कायम गर्न हाम्रो पार्टी सधै अगुवा बन्नु पर्दछ । तर, आर्थिक पक्षलाई पूर्णत: वेवास्ता गरियो भने त्यो राजनीतिक रूपमा समेत आत्मघाती हुन सक्दछ ।

निर्वाचनको समयमा एकिकृत आर्थिक योजना निर्माण र कार्यान्यवन गर्न संभव हुँदैन । तसर्थ पार्टी केन्द्र, प्रदेश, जिल्ला, पालिका र वडा समितिहरूले आफ्नो विशिष्ठता, क्षमता र संभवानाका आधारमा आआफ्नो आर्थिक योजना बनाई स्रोत परिचालन गर्नु पर्दछ ।

७.६.आगामी आम निर्वाचन सम्बन्धी कार्यभार:

अगामी आम निर्वाचन आसन्न छ । निर्वाचन आयोगले मंसिरको पहिलो हप्ता पर्ने गरी संघीय संसद तथा प्रदेशसभाहरूको निर्वाचन गर्ने समय तालिका सरकार सामु पेश गरिसकेको छ । यस्तो बेलामा हामीलाई पार्टी र आन्दोलन पुनर्गठन गर्नु पर्ने कठीन कार्यभार आएको छ । प्रष्ट छ-आगामी संघीय संसद तथा प्रदेशसभाहरूको निर्वाचन हाम्रा लागि निक्कै चुनौतिपूर्ण हुनेछ ।

तथापि हामीले हिम्मत हार्नु हुँदैन र संभावनाहरूको खोजी गर्न छोड्नु हुँदैन । हामीले खाससाख निर्वाचन क्षेत्र केन्द्रित भइ विजय हासिल गर्ने गरी प्रयत्न गर्नु पर्दछ । कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा गठबन्धनको माध्यमबाट अघि बढ्नु पर्ने हुन सक्दछ । कतिपय जिल्ला र निर्वाचन क्षेत्रमा पार्टीको उपस्थिति र प्रचारात्मक कामकै लागि भए पनि उम्मेद्वारी दिने राजनीतिक क्रियाकलापहरू गर्नु पर्ने हुन्छ । यसपटकको निर्वाचनमा हामीले परिणामको साथसाथै कर्तव्य लक्षित हुन आवश्यक हुन्छ।

राजनीतिक दलहरूको इतिहासमा यस्ता क्षणहरू आउन अस्वभाविक हैन । छिमेकी देश भारतको अहिलेको सत्तारूढ दल भाजपाले सन्१९८४ मा पुनर्गठनपछिको पहिलो निर्वाचनमा २ सीट मात्रै जितेको थियो । आज त्यही पार्टी करिब एक दशकदेखि बहुमतसहित त्यहाँ सत्तामा छ। विश्व इतिहासमा यस्ता थुप्रै दृष्टान्त पाइन्छन । तसर्थ, अगामी निर्वाचनलाई लिएर हामीमा कुनै आतेस, निरासा वा हतासा हैन, एक संकल्पबद्ध मनस्थिति बनाउन पर्दछ । हामीले आफ्नो क्षमताले भ्याएसम्म अधिकतम् राम्रो नतिजा ल्याउँन सबै प्रयत्न गर्नु पर्दछ तर प्रतिकुलतालाई पनि बुझिरहनु पर्दछ । सोही अनुरूपको चुनावी रणनीति बनाइ निर्वाचन अभियानमा सामेल हुनु पर्दछ । तत्काल के कति फल प्राप्त हुन्छ वा गर्नेछौं भन्दा के कति बिउँ रोप्यौं वा रोप्दैछौं भन्ने बुझ्न पर्दछ ।

अन्त्यमा,

आदरणीय मित्रहरू !

मानव सभ्यता र इतिहासको गति सरलरेखामा हिडेको बिरलै पाइन्छ । राजनीति पनि त्यस्तै एक आरोहअवरोहपूर्ण र कष्टसाध्य सामाजिक उत्तरदायित्व तथा राष्ट्रिय कार्यभार हो । राजनीति मूलत: मिसन हो । निश्चित विचार, सिद्धान्त, एजेण्डाप्रतिको समर्पण हो । राष्ट्र र राज्य निर्माणको महान अभिभारप्रतिको स्वस्फूर्त रूचि, प्रतिबद्धता र सक्रियता हो ।

यसक्रममा इच्छित मात्र हैन, कयौं अनिच्छित र अप्रिय अवस्था पनि आउँछन। अनुकुल मात्र हैन, प्रतिकुल अवस्था पनि आउँछन । खुशी मात्रै हैन, दुखका क्षणहरू पनि आउँछन । अवसर मात्रै हैन, चुनौति र जोखिमका क्षण पनि आउँछन । अनेक द्वन्द्व, तनाव, टुटफुट, विग्रह, विभाजन, एकता र पुनर्एकताको प्रक्रियाबाट नै मानव समाजको विकासक्रम गुज्रिएको हुन्छ ।

मानवसभ्यताको शुरूवातदेखि एक्काइशौं शताब्दिको दोस्रो दशकसम्म आइपुग्दा इतिहासमा हामीले त्यही पढेका छौं, आफ्नै जीवनमा पनि हामीले त्यही भोगेका छौं । नेपालका कुनै पनि राजनीतिक आन्दोलन सरल र सहज ढंगले विकास भएका हैनन । विश्वका र नेपालका पनि सबै जसो ठूला, महत्वपूर्ण र परिणामदायी आन्दोलनहरू अनेक असहजताहरूको बीचबाट हिडेको छ ।

आन्दोलनको मुख्य उद्धेश्य र लक्ष्यलाई कायम राख्दै अघि बढ्दा पार्टी कहिले सानो होला, कहिले ठूलो होला । कहिले एकताबद्ध होला, कहिले विभाजित होला । कहिले लोकप्रिय होला, कहिले अलोकप्रियजस्तो पनि देखिएला । कहिले चुनाव जित्ला, कहिले चुनाव हार्ला । यी सबै परिस्थिति सामना गर्न हामी तयार हुनु पर्दछ ।

कुनै मोड र क्षणमा अध्याँरो आयो भने फेरि उज्याँलो आउँदैन भन्ने हैन । कुनै एक सन्दर्भ र समस्याले पार्टी विभाजित भयो भने फेरि एकता हुँदैन भन्ने हैन । सृष्टिको अनन्त चक्रमा राम्रो र नराम्रो, ठीक र बेठीक, एकता र विभाजन, सफलता र असफता, अनुकुलता र प्रतिकुलता दुबै छन। तपाइँ हाम्रो राजनीतिक तथा व्यक्तिगत जीवनमा पनि यी चक्रझैं घुमिरहने हुन । पार्टीको भबिष्य, राजनीतिक अवसर र संभावनाहरूको संकुचनले गर्दा तपाइँ हामी मध्ये धेरैको मन दुखेको, निरासा र वितृष्णाको भावना मनमा जागेको हुन सक्दछ । म साथीहरूलाई नयाँ परिस्थितिलाई नयाँ बीरता र सहासका साथ सामना गर्न, निरास नहुन र लक्ष्यप्रतिको दृढ यात्रामा अविचल रहन हार्दिक अपिल र आग्रह गर्दछु ।

हाम्रो काँधमा अहिले निक्कै ठूलो दायित्व छ । जनताले हामीलाई एक उदयमान बैकल्पिक प्रगतिशील, समावेशी, सुसंस्कृत, लोकतान्त्रिक शक्तिका रूपमा आशा र अपेक्षाको नजरले हेरेका छन । एकातिर यो पार्टीसंग उत्पीडित राष्ट्रियताहरूको मुक्ति, दलित/शिल्पी, महिला, मजदुर, किसान, निम्नमध्यम बर्गलगायत श्रमजिबी जनताको संमृद्धिको आकांक्षा र शोषितपीडित जनसमुदायकोभाग्य र भविष्य जोडिएको छ । यो पार्टीसंग लोकतान्त्रिक जनान्दोलन, जनयुद्ध, मधेश जनविद्रोह, आदिवासी / जनजाति / थारू /खस /मुस्लिम/दलित/शिल्पी आदि आन्दोलनको गौरब र विरासत जोडिएको छ । देशलाई साँचो अर्थमा राजनीतिक बिकल्प दिन सक्ने नयाँ दलको उदयको चाहना राख्ने युवापुस्ताको कामना जोडिएको छ ।

अर्कोतिर यो पार्टीसंग विकास, सुशासन र संमृद्धिको सपना जोडिएको छ । देशलाई केही दशकभित्र तेस्रोबाट पहिलो विश्वमा पुर्‍याउँने आकांक्षा जोडिएको छ । परम्परागत पार्टी र शक्तिसंग जनता निरास हुँदै गइरहेका छन। तिनीहरूबाट सुशासित, संमृद्ध, सभ्य, सुविधासम्पन्न, आधुनिक राष्ट्र संभव छैन भन्ने सबैले बुझ्दै गएका छन। पुराना पार्टीले भबिष्यको बेडा पार लगाउँन सक्दैनन भन्ने ज्ञान आम नागरिकलाई व्यवहारबाटै अनुभूत हुन थालेको छ । जनता विश्वासयोग्य राष्ट्रिय विकल्प चाहन्छन । हामीले त्यो अवश्यकतालाई पुरा गर्न सक्नु पर्दछ । यो आवश्यकतालाई पुरा गर्न हामीले आफ्नो इमान्दारिता, समुहकार्य, व्यवस्थापन क्षमता र मेहनतमा कुनै कसर बाँकी राख्न हुँदैन। लक्ष्यप्रति निष्ठावान हुँदै विवेक र साहसको प्रयोग गरौं, अन्तिम विजय हाम्रै हुनेछ ।

धन्यवाद, अभिवादन !

२०७९/०३/२८ गते काठमाण्डौं

## संक्षिप्त समाचार

### लोसपा रूपन्देहीद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

रूपन्देही । लोकतान्त्रिक समाजवादी पार्टी रूपन्देहीले विभिन्न १३ बुँदे माग राख्दै प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाएको छ । लोसपाले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री देउवालाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा मधेश र थरूहट लगायत विभिन्न आन्दोलनमा लगाइएका झुठा मुद्दा फिर्ता गरी रेशम चौधरी लगायत राजबन्दीलाई अविलम्ब रिहाइ गर्नुपर्ने माग रहेका छन् । पत्रमा किसानलाई मलको समस्या समाधान गर्नका पहल गर्नुपर्ने सम्मका माग रहेका छन् ।

### १६८ फरार अभियुक्त पक्राउ

बाँके । बाँके प्रहरीले एक सय ६८ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ । अदालतले जरिवाना र कैद सजाय तोकेका फरार अभियुक्तलाई प्रहरीले विभिन्न ठाउँबाट पक्राउ गरेको हो । गत साउनदेखि यो असार महिनासम्ममा एक सय ६८ जना फरार अभियुक्तलाई पक्राउ गरिएको बाँके प्रहरीका मुद्दा शाखाका इन्चार्ज चक्रडम्बर पालले जानकारी दिए । पक्राउ परेका अभियुक्तबाट ५६ लाख ५३ हजार ८ सय ३५ रूपैया जरिवाना र एक सय ३४ वर्ष २ महिना १६ दिन कैद असुल गरिएको छ । फरार अभियुक्त नियन्त्रण गर्नेमा बाँके प्रहरी लुम्बिनी प्रदेशमै अगाडि रहेको छ ।

### खैरो हेरोइनसहित चार जना पक्राउ

कैलाली । टिकापुर नगरपालिका-९ स्थित खक्रौला चेकपोष्टबाट ६ ग्राम ६ सय मिलिग्राम खैरो हेरोईन जस्तो देखिने पदार्थसहित चार जना पक्राउ परेका छन् । बर्दिया राजापुर नगरपालिका-७ बस्ने २५ वर्षीय लक्ष्मण सुनार सहित ४ जनालाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । भे.१ ह ४२७४ नम्बरको अटोलाई प्रहरी चौकी कालाकुण्डाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा अटो चालक सुनार सहति ४ जनालाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### गाँजासहित तीन जना पक्राउ

पर्सा । पर्सा जिल्लाको वीरगंज महानगरपालिका ३१ सलकपुरस्थित जितपुर-रङ्गपुर सडक खण्डबाट असार २९ गते सशस्त्र प्रहरीले करीव १४ के.जी. गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही जिल्लाको बहुदरमाई नगरपालिका ८ बस्ने ३६ बर्षिया उस्मा देवी, ४२ बर्षिया आरती देवी र भारतमा घर बताउने ४२ बर्षिया अनन्त देवी छन् । मनहवाबाट जीतपुरतर्फ आउँदै गरेको ना २ ह २२१० नम्बरको अटोलाई सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेश बेलवाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उल्लेखित परिमाणको गाँजा फेला पारिएको हो । त्यसवेला सशस्त्र प्रहरीले उक्त अटो समेत बरामद गरेको छ । पक्राउ परेकाहरूलाई बरामद गाँजा र अटोसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई बुझाईएको छ ।

### ब्राउनसुगरसहित युवक पक्राउ

मोरङ । पथरी शनिश्चरे नगरपालिका-१ सिखर चोक बस्ने ३६ वर्षीय विपिन भन्ने वीर बहादुर थापालाई २ ग्राम ४५ मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । उनको घरमा लागूऔषध सेवन तथा बिक्री गर्ने गरेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय पथरीबाट खटिएको प्रहरीले घर तलासी गर्दा लुकाई छिपाई राखेको अवस्थामा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो ।

### आगलागीबाट १४ लाखको क्षति

रौतहट । मौलापुर नगरपालिका-५ आईटी चोकस्थित धिरज कुमार पटेलको लक्ष्मी ट्रेडर्स ईलेक्ट्रिक पसलमा विद्युत सर्ट भई आइतबार बेलुकी आगलागी हुँदा टिभी, एईडी टिभी, वासिङ्ग मेसिन, फ्रिज, कम्प्युटर तथा मोबाईल सेटहरू जलेर करिब १४ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

### ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-१३ रोड शेषस्थित सडकमा ट्रकको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ । डब्लुबी २३ बी ४९६१ नम्बरको ट्रकको ठक्करबाट साईकलयात्री सुनसरी बर्जु गाउँपालिका-२ अमडुवा फारम बस्ने ४५ वर्षीय सनेन्दर रायको शुक्रबार साँझ मृत्यु भएको छ । ठक्करबाट गम्भीर घाइते भएका उनको कोशी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### स्विमिङ पुलमा डुबेर बालकको मृत्यु

नेपालगन्ज । बाँकेको नेपालगन्जस्थित मेरो प्लानेटको स्विमिङ पुलमा डुबेर एक बालकको मृत्यु भएको छ । नेपालगञ्ज उपमहानगरपालिका वडा नम्बर ११ का चुन्नु जसगढका छोरा १४ वर्षीय अल्तमस जसगढको आइतबार वडा नम्बर १४ स्थित मेरो प्लानेटको स्विमिङ पुलमा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । घटनाबारे अनुसन्धान गर्न मेरो प्लानेटका तीन जना कर्मचारीलाई नियन्त्रणमा लिइएको बताइएको छ ।

### विद्यालयमा चोरी

कपिलवस्तु । कपिलवस्तुको एक विद्यालयमा साढे दुई लाख बराबरको चोरी भएको छ । कपिलवस्तु नगरपालिका-१ पुरानो हाटबजार टोलस्थित जेभियर इन्टरनेसनल स्कुलमा चोरी भएको हो । सो स्कुलका प्राध्यापकको अफिस कोठाको ताल्चा फोडी ३ थान ल्यापटप र नगद ८८ हजार रूपैयाँ गरी करिब २ लाख ५३ हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको प्रहरीले जनाएको छ ।

### लागूऔषध गाँजा मुद्धाका फरार प्रतिवादी पक्राउ

पर्सा । लागूऔषध गाँजा मुद्दाका फरार प्रतिवादी बहुदरमाई नगरपालिका-७ बस्ने मिश्री भन्ने मिसिर महतो नुनियालाई बुधबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । लागूऔषध गाँजा मुद्दामा जिल्ला अदालत पर्साको २०७४ माघ २८ गते र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको २०७६ बैशाख ३१ गतेको फैसलाअनुसार ४ वर्ष कैद र ५० हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले बहुदरमाई नगरपालिका-७ बाट पक्राउ गरेको हो । उनलाई जिल्ला अदालत पर्सामा पेश गरिएकोमा अदालतको आदेशानुसार कैद भुक्तानको लागि कारागार कार्यालय पर्सा वीरगञ्ज पठाइएको छ ।

### विद्यालय भवन जीर्ण

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका वडा नं–६ बेल्डीमा रहेको आधारभूत विद्यालयको भवन जीर्ण अवस्थामा पुगेको छ । २०४४ सालमा स्थापना भएको सो विद्यालयको भवन एकदमै जीर्ण अवस्थामा पुगेको हो । काठको खाँबो, बलो हालेर निर्माण गरिएको विद्यालय भवनको जताततै धमिरा गोलो देख्न सकिन्छ । विद्यालय भवनमा प्रयोग भएका अधिकांश काठहरू धमिराले खाइसकेका छन् । छानामा प्रयोग गरिएको कोराही, विद्यालय अड्याउने खाबाहरू धमिराले खाएर जीर्ण बनाइसकेका छन् । निकै पुरानो भएकाले जस्तामा पुरै खिया लागिसकेको छ । खिया लागेको जस्ताबाट वर्षाको समयमा पानी चुहिन्छ भने जाडोमा शीत । विद्यालय भवन होचो भएकाले गर्मी महिनामा जस्ताबाट आउने रापले साना बालबालिकाहरूलाई असिनपसिन बनाउने शिक्षकहरू बताउँछन् । कक्षा ५ सम्म पढाइ हुने यस विद्यालय १ सय ५० बढि विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।

## विश्व परिवेश

# के चीनले दक्षिणपूर्वी एसियामा आफ्नो रणनीति पुनः मूल्याङ्कन गर्छ ?

सन् १९५४ देखि सन् १९७७सम्म पश्चिमले वाम विस्तार विरूद्ध दक्षिणपूर्वी एशियाको सुरक्षा सुनिश्चित गर्न दक्षिणपूर्वी एशिया सन्धि संगठनको गठन र संलग्नता गरेको थियो । त्यो बेला रूसी साम्यवाद थियो । यो संगठन धेरै पहिले नै पतन भएको थियो, तर दक्षिणपूर्वी एसियामा प्रभाव बढाउन चीनको नयाँ दबाबको सामना गर्दै, आसियानमा आफ्नो प्रभावलाई गहिरो र विस्तार गर्न चिनियाँ कम्युनिष्ट पार्टीको आक्रामक चालको सामना गर्न क्वाड र अन्य संरचनाहरू राखिएको छ । यस क्षेत्रको लागि चीनको आर्थिक केन्द्रियताको कथा कोभिड पछिको संसारमा चुनौतीपूर्ण छ । तथ्य के हो भने चीनले आज यस क्षेत्रमा ठूलो अविश्वासको सामना गरिरहेको छ । यस क्षेत्रमा चीनको दोहोरो उपस्थितिको सही परिप्रेक्ष्य प्राप्त गर्नको लागि सैन्य उपनिवेशवादको साथमा आर्थिक प्रवेशमा केन्द्रित रहेको कुरा यो बुझ्न आवश्यक छ ।

क्षेत्रीय अर्थतन्त्रमा ठूलो योगदान दिए पनि चीनलाई अविश्वासको नजरले हेरिएको छ । सिंगापुरको ISEAS–Yusof Ishak Institute ले हालै गरेको सर्वेक्षणको यो एउटा प्रमुख निष्कर्ष पनि हो । यसले चीन यस क्षेत्रमा सबैभन्दा कम विश्वास गर्ने देश हो भनेर देखाउँछ । सर्वेक्षणले जापानपछि अमेरिकालाई दोस्रो सबैभन्दा भरपर्दो साझेदारको रूपमा प्रशंसा गरेको छ र भनिएको छ, 'जापान दक्षिणपूर्वी एसियालीहरूमध्ये सबैभन्दा भरपर्दो प्रमुख शक्ति बनेको छ, ५४.२ प्रतिशत उत्तरदाताहरूले जापानमा विश्वव्यापी सार्वजनिक उपलब्ध गराउन र सही कुरा गर्न भन्ने विश्वास व्यक्त गरेका छन् । सामानहरू, पछि अमेरिका (५२. ८ प्रतिशत) र युरोपेली युनियन (४८. ५ प्रतिशत) । चीनप्रति अविश्वास व्यक्त गर्नेहरूमध्ये (५८.१%), ४९.६%ले चीनले आफ्नो देशको हित र सार्वभौमसत्तालाई खतरामा पार्न आर्थिक र सैन्य शक्ति प्रयोग गर्न सक्ने डर छ ।

उल्लेखनीय रूपमा, सर्वेक्षणले गत वर्ष ८६.५ प्रतिशतबाट अलिकति कमी भए पनि चीनको (७६.४%) बढ्दो क्षेत्रीय राजनीतिक र रणनीतिक प्रभावबाट आसियान सामान्यतया चिन्तित रहेको उल्लेख गरेको छ । यसको विपरित, उत्तरदाताहरूले आसियानको (८०.१%) र अमेरिकाको (६२.६%) बढ्दो क्षेत्रीय राजनीतिक र रणनीतिक प्रभावलाई स्वागत गरे । चीनको प्रभावको लागि सबैभन्दा ठूलो स्वीकृति कम्बोडिया (५४.१%) बाट आउँछ, जबकि ब्रुनाई, म्यानमार, फिलिपिन्स, सिंगापुर र भियतनामले बढ्दो अमेरिकी प्रभावलाई कडा समर्थन गर्दछ । चीनको यो सामान्य अविश्वासको तल्लो भागमा के छ? समुद्री र क्षेत्रीय विवाद एक कारण हुन सक्छ । यद्यपि, समस्या गहिरो हुन जान्छ र चीनको मूल्य स्वायत्तता र समावेशीतालाई बेवास्ता गर्दा पत्ता लगाउन सकिन्छ ।

चीनको क्षेत्रीय रणनीति दक्षिणपूर्वी एसियामा कूटनीतिले कसरी काम गर्छ भन्ने त्रुटिपूर्ण धारणाबाट प्रेरित छ । क्षेत्रीय राष्ट्रहरूले सार्वजनिक हित र आर्थिक विकासलाई प्राथमिकता दिने चीनको धारणा सही छ । यद्यपि, चीनले बेवास्ता गरेको कुरा के हो भने दक्षिणपूर्वले आर्थिक उद्देश्यहरू मात्र सुरक्षित गर्न आफ्नो स्वायत्तताको व्यापार गर्दैन ।

चीनसँगको सम्बन्धलाई बुझ्ने हो भने दक्षिणपूर्वी एसियाका प्रत्येक राष्ट्रको आकांक्षा र सामूहिक रूपमा बुझ्नु आवश्यक छ । ऐतिहासिक रूपमा, दक्षिणपूर्वी एसियाली राष्ट्रहरूले खुला र समावेशी क्षेत्रीय व्यवस्था राख्न खोजेका छन्, जसभित्र व्यक्तिगत स्वायत्ततालाई अधिकतम बनाउन सकिन्छ । यद्यपि चीनले यस क्षेत्रका देशहरूले दक्षिण चीन सागरमा विदेशी (अर्थात, पश्चिमी) सैन्य उपस्थितिलाई प्रतिबन्ध लगाउने र यस क्षेत्रलाई आफ्नो प्रभावबाट अलग बनाउन अन्य धेरै उपायहरू अपनाउने आश्वासन दिएको छ । चीनले आर्थिक सामान र राजनीतिक शब्दावलीका साथ दक्षिणपूर्वी एसियाली देशहरूलाई 'किन्न' सक्छ भन्ने धारणा त्याग्नुपर्छ ।

यस क्षेत्रमा चीनको आर्थिक प्रभाव अत्याधिक छ भन्ने कुरामा कुनै शंका छैन । तथापि, यो अक्सर बिर्सिएको छ कि चिनियाँ आर्थिक संलग्नता सैन्य विस्तारवादसँग समानान्तर चलेको छ । उल्लेखनीय रूपमा, आसियानसँग चीनको व्यापार मात्रा सन् २०१३ मा ४४३ बिलियन अमेरिकी डलरको तुलनामा २०२१ मा लगभग दोब्बर भएर ८७८ बिलियन अमेरिकी डलर पुगेको छ ।

यसका साथसाथै, चीनले २०१३ देखि दक्षिण चीन सागर (एससीएस) मा ३२०० एकड भन्दा बढी कृत्रिम ल्यान्डमास निर्माण गरेको छ र तीनवटा टापुहरूलाई सैन्यीकरण गरेको छ । यो दोहोरो ट्र्याक रणनीतिको उद्देश्य आसियानलाई आफ्नो रणनीतिक स्वायत्तता त्याग्न बाध्य पार्दै आर्थिक रूपमा संलग्न हुन प्रेरित गर्ने हो । सरल भाषामा भन्नुपर्दा, चीनको रणनीतिले एससीएस लगायत आफ्नो व्यवहारका अन्य समस्याग्रस्त पक्षहरूलाई वशमा पार्ने प्रयास गर्दा आफ्नो आर्थिक प्रवेशलाई विस्तार गर्ने लक्ष्य राखेको छ ।

समय बित्दै जाँदा चीनको कार्यको नतिजा उल्टो र नकारात्मक छवि उत्पन्न भएको छ । दक्षिणपूर्वी देशहरूले अष्ट्रेलिया विरूद्ध प्रतिबन्ध लगाएर चीनले अन्य देशहरूसँग कस्तो व्यवहार गरेको देखेका छन् । यसबाहेक, एससीएसमा यसको कार्यहरूको नजिकबाट छानबिनले यो स्पष्ट बनाउँछ कि चीनलाई विश्वास गर्न सकिँदैन । स्मरण गर्नुहोस् कि २०१६ मा अन्तर्राष्ट्रिय मध्यस्थ न्यायाधिकरणले दक्षिणपूर्वी एसियाको ईईजेड भित्रका क्षेत्रहरूमा चीनको कुनै ऐतिहासिक अधिकार छैन भन्ने निर्णय गरे पनि बेइजिङले आफ्नो समुद्री गतिविधिहरूको विस्तार जारी राख्यो । दावी गर्ने राज्यहरू विवादास्पद कोस्ट गार्ड कानून (जनवरी २०२१) को बारेमा चिन्तित छन् जसले चिनियाँ कोस्ट गार्डलाई आफ्नो दाबी गरिएको पानीमा विदेशी जहाजहरूमा फायर गर्न अनुमति दिन्छ ।

ध्यानको अर्को पक्ष भनेको दक्षिणपूर्वी एसियालाई आफ्नो प्रभावको क्षेत्रमा रहेको धारणा बनाउन चीनको रणनीति हो । यो कथा भवनको नेतृत्व राष्ट्रपति सी जिनपिङले गरेका छन् जसले 'साझा भाग्यको समुदाय' र हालसालै, 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ' लगायत साझेदारहरू बीच 'सामान्यता' लाई जोड दिने धेरै कूटनीतिक नाराहरू बनाएका छन् । यी वाक्यांशहरू, आसियानको धारणामा, यो क्षेत्रलाई बेइजिङको नियन्त्रणमा राख्ने साझेदारी निर्माण गर्ने चीनको प्रयास हो । चीन ठूलो भाइ हुन सक्छ, तर आसियानले चिनियाँ विदेशमन्त्री याङ जिएचीको २०१० मा गरेको टिप्पणीलाई बिर्सेको छैन, 'चीन ठूलो देश हो र अन्य देशहरू साना देशहरू हुन्, र यो केवल एक तथ्य हो ।'

आइएसइएएस–युसुफ इशाक सर्वेक्षणले यस क्षेत्रलाई के चलाउँछ भन्ने बारे उपयोगी रणनीतिक अन्तर्दृष्टि प्रदान गर्दछ । चीनले आसियानका प्राथमिकताहरू र महत्वलाई बुझ्नुपर्छ । आर्थिक संलग्नता, विकास पहलहरू र बीआरआईमार्फत् सहायता र सहयोगका ठूला प्रतिज्ञाहरू र ठूलो संख्यामा कोभिड-१९खोपको आपूर्तिले आसियानको कल्पनालाई कब्जा गरेको छ । तर, यदि चीन गम्भीर छ भने, उसले कानुनको शासन, सुशासनको प्रवर्द्धन र मानवअधिकारको सुदृढीकरण जस्ता अन्तर्राष्ट्रिय व्यवस्था सञ्चालन गर्ने मुख्य सिद्धान्तहरूलाई समर्थन गर्दै आसियान राष्ट्रहरूको विश्वास जित्ने प्रयास गर्नुपर्छ । सी जिनपिङको नेतृत्वमा, यो एक लामो कार्य जस्तो देखिन्छ, जुन व्यावहारिक प्रस्ताव भन्दा सपना हुन सक्छ । –एजेन्सीहरू

# भारतले वास्तविक नियन्त्रण रेखा परिवर्तन गर्ने कुनै पनि एकपक्षीय प्रयासको सामना गर्दैन:जयशंकर

भारत-चीन सीमा विवादमा कडा अडान लिँदै, विदेश मन्त्री एस जयशंकरले मंगलबार भने कि भारतले वास्तविक नियन्त्रण रेखा (एलएसी) को वर्तमान स्थिति परिवर्तन गर्ने कुनै पनि एकपक्षीय प्रयासलाई स्वीकार गर्दैन।



तिरूवनन्तपुरम, केरलामा मिडियासँग कुराकानी गर्दै, परराष्ट्र मन्त्री जयशंकरले यो अनसुलझे मुद्दा १९६२ मा लद्दाख सहित भारतको महत्त्वपूर्ण भागमा चिनियाँ कब्जाको परिणाम हो भनेर जोड दिए।

"विगत दुई वर्षमा के भयो, हामीले वास्तविक नियन्त्रण रेखामा एकतर्फी रूपमा यथास्थितिलाई परिवर्तन गर्ने कुनै पनि प्रयासलाई हामीले अस्वीकार गर्दैन भन्ने सुनिश्चित गर्न धेरै स्पष्ट र धेरै प्रभावकारी छौं," उनले भने।

विदेश मन्त्रीले भारतीय भूभागमा "बढ्दो चिनियाँ घुसपैठ" भएको कांग्रेस नेता राहुल गान्धीको ट्वीटमा भारतको आधिकारिक अडानको बारेमा प्रश्नको जवाफ दिँदै थिए।

"उनको ट्विटमा मैले कुनै खास नयाँ कुरा देखेको छैन, किनकि तपाई सबैलाई थाहा छ कि हामीसँग सीमानामा भएको समस्याको ठूलो हिस्सा सन् १९६२ मा चिनियाँ आएर लद्दाख लगायतका ठूला क्षेत्रहरू कब्जा गरेका थिए।"

तीमध्ये धेरै रणनीतिक क्षेत्रमा थिए जसले भारतको सीमा सेनाका लागि समस्या सिर्जना गर्दछ, उनले थपे।

हालको अवस्थालाई उल्लेख गर्दै, उनले पूर्वी लद्दाखको सीमावर्ती क्षेत्रहरूमा घर्षण बिन्दुहरूमा विच्छेदनका लागि सैन्य कमाण्डरहरू र कूटनीतिज्ञहरू समावेश गरी वार्ता भइरहेको बताए। त्यहाँ गत वर्ष "धेरै पर्याप्त विच्छेदन" भएको थियो, परराष्ट्र मन्त्री जयशंकरले औंल्याए, छलफल अझै जारी रहेको थपे।

परराष्ट्र मन्त्री जयशंकरले श्रीलंकामा चलिरहेको संकटको बारेमा पनि कुरा गरे र भारतले आफ्ना छिमेकीहरूलाई उनीहरूको कठिन समयमा मद्दत गर्न इच्छुक रहेको बताए।

"श्रीलंकाको अवस्था संवेदनशील र जटिल छ। हाम्रो समर्थन श्रीलंकाका जनताका लागि हो किनभने तिनीहरू हाम्रा छिमेकी हुन्। हामी उनीहरूलाई उनीहरूको जीवनमा धेरै कठिन चरणबाट गुज्रन मद्दत गर्न चाहन्छौं," उनले एक प्रश्नको जवाफमा भने।

– इण्डिया न्यूज नेटवर्क




## निवर्तमान उपमेयरविरूद्ध भ्रष्टाचार मुद्दा

विराटनगर । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विराटनगर महानगरपालिकाकी निवर्तमान उपमेयर इन्दिरा कार्कीसहित ९ जनाविरूद्ध भ्रष्टाचार मुद्दा भ्रष्टाचारको मुद्दा दायर गरेको छ । अख्तियारले उनीसहित तत्कालीन प्रमुख प्रशासकीय अधिकृत एकदेव अधिकारी, इन्जिनियर, वडाअध्यक्ष र उपभोक्ता समितिका अध्यक्षसमेत ९ जना उपर विशेष अदालतमा गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दा दायर गरेको हो ।

मुद्दा दायर हुनेमा सहरी विकास महाशाखा प्रमुख इन्जिनियर गोपाल पोखरेल, इन्जिनियर पुष्पक प्रधान र सब-इन्जिनियर मो. इफतेखार आलम, पोखरीमा पार्क निर्माण उपभोक्ता समितिका अध्यक्ष बलदेव शाहु सुडी, सचिव दिनानाथ आचार्य र कोषाध्यक्ष कल्पना घिमिरे तथा वडा नं. ञछ का तत्कालीन वडा अध्यक्ष असलम आलम छन् ।

उनीहरूले पोखरीमा पार्क निर्माण कार्यमा उपभोक्ता समितिबाट बास्तविक रूपमा भए गरेको कार्यभन्दा बढी नभए नगरेको कार्यसमेत नापी किताबमा चढाई उपभोक्ता समितिसँगको सम्झौता अनुसारका निर्धारित सर्त तथा मापदण्ड विपरीत ज्यामीद्वारा गर्नुपर्ने माटो फिलिङ्गको कार्य रोलर मेसिनद्वारा गराई उक्त कार्यलाई ज्यामीद्वारा गरेको भनी गैरकानूनी लाभ प्राप्त गर्ने बदनियतले कार्य सम्पन्न प्रतिवेदन तयार गरी महानगरपालिकामा पेश गरेको, झुट्टा डोरहाजिर, गलत नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी सो कागजातहरू स्वीकृत गरी १० लाख ५५ हजार ९७९ रूपैयाँ ४८ पैसा भ्रष्टाचार गरेको अख्तियारको आरोप छ ।

## रौतहटमा भेटियो डल्फिन

रौतहट । रौतहटको वागमती नदीमा डल्फिन फेला परेको छ । दुर्गा भगवती गाउँपालिका वडा नं-१ गंगापिपरस्थित वागमती नदीमा करेन्ट लगाएर माछा मार्ने क्रममा डल्फिन फेला परेको हो । दुर्गा भगवती गाउँपालिका वडा नं-२ घर भएका राजकुमार सहनीले वागमतीमा करेन्ट लगाउँदा उक्त डल्फिन भेटाएपछि विक्रीका लागि पिपरा बजारमा लगिएको थियो । बजारमा बेच्न राखेपछि डल्फिन हेर्न मानिसको भीड लागेको थियो। सहनीले प्रतिकिलो १ हजार मोल राखेपछि बजारमा आउने व्यक्ति हेरेर फर्किने गरेको स्थानीय बासिन्दाले बताए। डल्फिनको तौल करिब ११ किलो रहेको छ । यदि डल्फिन हो भने बेच्न र खान दुबै प्रतिबन्ध रहेको जनाकारहरू बताउँछन् । माछा विशेषज्ञ राधेश्याम झाका अनुसार यो डल्फिन नै हो। यसको संरक्षण गर्नुपर्ने झाले बताए। झाका अनुसार डल्फिन मार्नु पनि ठूलो अपराध हो । समुद्रबाट भारत हुँदै नेपालतिर आएको हुँदा यसलाई संरक्षण गर्नुपर्ने झाको भनाइ छ । भेटिएका माछा यदि डल्फिन नै हो भने दुर्गा भगवती क्षेत्रमा माछा मार्न पूर्ण रूपमा प्रतिबन्ध लगाउने गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले बताए ।

## जिल्ला समाचार

### गाउँपालिका अध्यक्षलाई स्वागत

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लाको मायादेवी गाउँपालिकामा संचालित मायादेवि गाँउपालिकास्तरिय मदरसा संघले नवनिर्वाचित गाउँपालिका अध्यक्ष वलिउद्दिन मुसलमानलाई स्वागत तथा मदरसा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । मायादेवीका विभिन्न मदरसाका अध्यक्ष र शिक्षकहरूको समेत उपस्थित रहेको थियो । मदरसा संघका अध्यक्षद्वारा नवनिर्वाचित गाउँपालिका अध्यक्ष मुसलमानलाई दोसल्ला लगाई भित्ते घडीसहित मायाको चिनो प्रदान गरिएको छ । कार्यक्रममा स्वागतसहित मदरसा हकहितका लागि अन्तरक्रिया कार्यक्रमसमेत सम्पन्न गरेको छ । मदरसा संघले गाउँपालिकामा १० बुँदे मागसमेत प्रस्तुत गरेको छ । मदरसा स्तरिय संघले राखेको १० बुँदे माग सम्बन्धमा मदरसाको अधिकतम् मागलाई पूरा गर्छु भनी गाँउपालिका अध्यक्ष मुसलमानले प्रतिबद्धता व्यक्त गरेका हुन् । गाँउपालिका भित्रको आवश्यक विभिन्न क्षेत्रको समस्याको समाधान गर्न आफू सधैं तयार रहेको पनि उनले बताए । कार्यक्रममा अतिकुर्रहमान मुसलमानले स्वागत मन्तव्य राखेका थिए । नेपाल जामियत अहले हदिसका प्रमुख अब्दुल हई मुसलमानले मदरसाको न्यूनतम आवश्यकता पनि पूरा गर्न अहिलेको मदरसाहरूलाई कठिन भइरहेकोले हाम्रा मागलाई विशेष रूपमा ध्यान पुऱ्याउन गाउँपालिकालाई आग्रह गरेका छन् ।

### बाल सुधार गृहमा योग शिविर

नेपालगन्ज । बाँकेको डुडुवा गाउँपालिका-६ मा रहेको जयेन्दु बाल सुधार गृहमा योग शिविर सम्पन्न भएको छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र प्रिजन फाउण्डेसनको सहयोग, जयेन्दु बाल सुधार गृहको समन्वयमा द आर्ट अफ लिभिङ नेपालगन्जले पाँच दिने नव चेतना शिविर सञ्चालन गरेको हो । १९ जेष्ठ २०७९ मा द आर्ट अफ लिभिङले जयेन्दु बाल सुधार गृहमा आयोजना गरेको 'डिभाइन सेसन विथ स्वामीजी' विषयक कार्यक्रममा भारतको बैंग्लोर आश्रमबाट आएका स्वामी पूर्णतेज र द आर्ट अफ लिभिङ नेपालकी कन्ट्री को-अर्डिनेटर मिखा माथेमाले योग शिविर आयोजना गर्ने प्रतिबद्धता जनाए अनुसार नै नव चेतना शिविर सञ्चालन गरिएको थियो । आर्ट अफ लिभिङका स्वयंसेवकद्वय शंकरप्रसाद खनाल र सुधीर गौतमले शिविरमा सहजीकरण गरेका थिए । शिविरमा योग, ध्यान, प्राणायाम, अध्यात्मिक ज्ञान, मनोरञ्जनमूलक खेल, सत्सङ, सेवाका कार्यक्रमहरू भएको थियो । सुधार केन्द्रकी इन्चार्ज विमला काउचाले बाल सुधार गृहमा बसेका बालकलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्न योग शिविर सञ्चालन गरिएको बताइन् । उनले भनिन्, 'यो सुधार गृह तपाईहरूको लागि होस्टेल हो । यहाँ शिक्षा, खेलकुद, मनोञ्जनका साथै योग, ध्यान र ज्ञानका साथै सीपमूलक तालिम सञ्चालन गरेर तपाईहरूमा रहेको क्षमता उजागर गर्ने र क्षमता अभिवृद्धि गर्ने काम हुनेछ ।' शिविरमा १२-१८ वर्ष उमेर समूहका ६८ जना बालकहरू सहभागी भएका थिए ।

### अपहरण तथा शरीर बन्धक राख्ने पक्राउ

रौतहट । चार वर्षीया बालिकालाई अपहरण तथा शरीर बन्धक राख्ने कार्यमा संलग्न रहेको अभियोगमा ईशनाथ नगरपालिका-७ बस्ने २४ वर्षीय महमद अविर हुसैनलाई प्रहरीले पक्राउ गरेको छ । बिहीबार साँझ आफ्नै घर बाहिर खेल्दै गरेको अवस्थामा बालिकालाई नदेखेपछि खोजी गर्ने क्रममा पीडितको आफन्तलाई अपरिचित व्यक्तिले फोन गरी बालिकालाई अपहरण गरी बन्धक बनाई राखेका छौं, २० लाख रूपैयाँ राजपुर नगरपालिकाको ईद्रिश गेटमा लिएर आउनु, रकम नल्याएमा र फिरौती मागेको कुरा कसैलाई भनेमा बच्चाको ज्यान मार्ने धम्की दिएको सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा राजपुर नगरपालिका-१ बहुअर्वा मदर्सा अगाडि सडक छेउमा रहेको पसल नजिकबाट ती बालिकाको उद्दार गरेको थियो । साथै उक्त कार्यमा संलग्न हुसैनलाई घटनामा प्रयोग गरेको बीआर ०५ एएफ ०२८२८ नम्बरको मोटरसाइकल सहित प्रहरीले पक्राउ गरेको हो । उनी उपर अपहरण तथा शरिर बन्धक सम्बन्धी कसूरमा जिल्ला अदालत रौतहटबाट ५ दिन म्याद थप अनुमती लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### मानव बेचबिखनमा संलग्न एक जना पक्राउ

पर्सा । मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा रामेछाप मन्थली नगरपालिका-१४ घर भएका ४२ वर्षीय बाबु घिसिङलाई प्रहरीले पक्राउ गरेको छ । वीरगञ्ज महानगरपालिका-१६ बाट भारततर्फ जान लागेका घिसिङ र २२ वर्षीय युवतीलाई प्रहरीले माइती नेपालका कर्मचारीको उपस्थितिमा नियन्त्रणमा लिएको थियो । थप अनुसन्धानको क्रममा घिसिङले युवतीलाई भारतको कलकत्तास्थित अस्पतालमा मासिक ६० हजार रूपैयाको काम लगाइदिने प्रलोभन देखाई काठमाडौंमा असार २७ गते भेटी सोही दिन बीरगञ्ज बसपार्क ल्याएको र प्रहरीको बोर्डर चेकपोष्टमा 'बाराको अमलेखगञ्ज घर हो र भारतको रक्सौलमा कपडा खरिद गर्न जान लागेको' भन्नू भनी सिकाई गलफतमा पारी बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजाँदै गरेको खुल्न आएको छ । उनी उपर मानव बेचबिखन तथा ओसारपसार कसूरमा जिल्ला अदालत पर्साबाट ५ दिन म्याद अनुमती लिई प्रहरीबाट थप अनुसन्धान भइरहेको छ ।

### पदाधिकारीहरूद्वारा राजीनामा

कपिलवस्तु । अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) कपिलवस्तुका पदाधिकारीहरूले संयुक्त राजीनामा दिएका छन् । अनेरास्वयु (क्रान्तिकारी) का जिल्ला उपाध्यक्षहरू विजय पौडेल (आभास) र मधुसूदन गन्धर्व, कोषाध्यक्ष कमल बन्जाडे, सहसचिवहरू गोरखनाथ यादव र सुमन घिमिरेले संयुक्त रूपमा राजीनामा दिएको जानकारी दिएका हुन् । नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रको भातृ सङ्गठन अखिल (क्रान्तिकारी) भए पनि माओवादी केन्द्र कपिलवस्तुले विद्यार्थी सङ्गठनलाई हरेक कुरामा बेवास्ता र छलकपट गर्दै सङ्गठनको अवहेलना गरिरहेको राजीनामा पत्रमा उल्लेख गरिएको छ । त्यस्तै विगत देखि नै पार्टी तथा नेतृत्वले सक्रियरूपमा सङ्गठित विद्यार्थी कार्यकर्ताको संरक्षण लगायतको सवालमा कुनै किसिमका चासो नदिएको आरोप लगाएका छन् । सङ्गठन नेतृत्वहरूले पटक पटक जिल्लाका प्रमुख पार्टी नेतृत्वहरूसँग गुनासो राख्ने सन्दर्भमा छलफल तथा बैठक बस्न खोजिरहँदा समेत पार्टी नेतृत्वले आलटाल गरिरहेका कारण आफुहरूले नेतृत्व तहबाट संयुक्त राजीनामा दिएको बताएका छन् ।

### सुदूरपश्चिम सरकारद्वारा स्रष्टा सम्मानित

कैलाली । सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशका भाषा, साहित्य, संस्कृति एवं गायन संगीत कला क्षेत्रका स्रष्टालाई गरेको छ । भानु जयन्तीको अवसर पारेर प्रदेशको सामाजिक विकास मन्त्रालयले चार जना स्रष्टालाई सम्मान गरेको हो । सामाजिक विकासमन्त्री गोविन्द बोहरा तथा राज्यमन्त्री टेक बहादुर रैकाले संयुक्त रूपमा स्रष्टालाई नगद ७५ हजार रूपयाँ पुरस्कारसहित दोसल्ला ओढाएर सम्मान गरेका हुन् । सम्मानित हुनेमा लोक संस्कृति विधातर्फ डडेल्धुराको अजयमेरू गाउँपालिका ३ का ६४ वर्षीय वासुदेव पाण्डेय, गायन विधातर्फ धनगढी उपमहानगरपालिका-१ कैलालीका ५५ वर्षीय पप्पु कुमार जैरू (पिके नारायण), ललितकला विधातर्फ अजयमेरू गाउँपालिका-२ डडेल्धुराका ६४ वर्षीय तारा चुनारा र साहित्य विधातर्फ धनगढी उपमहानगरपालिका-५ कैलालीका ४५ वर्षीय रामलाल जोशी छन् । प्रदेशका स्रष्टालाई थोरै भए पनि यस सम्मानले हौसला थपिने सम्मान कार्यक्रममा सामाजिक विकास मन्त्री गोविन्द बोहोराले बताए ।

### भानु जयन्तीको अवसरमा प्रभातफेरी

जनकपुरधाम । २०९औं भानु जयन्तीको अवसरमा विश्व हिन्दू परिषद् नेपाल, जनकपुरधामद्वारा प्रभातफेरी आयोजना गरिएको छ । प्रभातफेरी जानकी मन्दिरबाट शुरू भई जनकचौक, शिवचौक हुदै भानुचौकमा गई भानुभक्त आचार्यको तस्बिरमा माल्यार्पण गरिएको थियो । कार्यक्रममा बोल्दै विश्व हिन्दू परिषद् नेपालका महासचिव जितेन्द्र कुमार सिंहले मधेश आन्दोलनको आडमा विधर्मी तत्वद्वारा भानुचौकमा स्थापित रहेको भानुभक्त आचार्यको शालिक षड्यन्त्रपूर्वक भत्काइएको प्रति रोष प्रकट गरेका थिए । अयोध्याका राजा रामको जीवनीलाई भावानुवादसहितको 'रामायण' प्रस्तुत गरेर भानुभक्तले नेपाली साहित्यलाई ठूलो गुण लगाएको मानिन्छ। उनले लेखेको रामायण अहिले पनि नेपालीको घरघरमा लय हालेर पाठ गरिन्छ । रामायण ग्रन्थलाई नेपाली भाषामा अनुवाद गरी मिथिला संस्कृतिको समेत गौरव बढाउने पूण्यकार्य गर्नुभएका भानुभक्त आचार्यको शालिक भत्काईनु अक्षम्य पाप भएको भन्दै महासचिव सिंहले आक्रोश पोखेका थिए ।

# बुद्धभूमिमा भारतको सहयोगमा निर्मित विद्यालय भवन उद्घाटन

कपिलवस्तु । काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव करूण वंशलले शुक्रबार कपिलवस्तु जिल्लाको बुद्धभूमि नगरपालिकामा अवस्थित श्री माध्यमिक विद्यालयका लागि निर्मित विद्यालय भवनको उद्घाटन गरेका छन् ।
नेपालका तर्फबाट कपिलवस्तु-२ का सांसद बृजेशकुमार गुप्ता, जिल्ला समन्वय समितिका प्रमुख बाबुराम आचार्य, बुद्धभूमि नगरपालिकाका मेयर केशव श्रेष्ठ लगायतको उपस्थिति थियो ।
शिक्षा क्षेत्रमा भारत-नेपाल विकास सहकार्य कार्यक्रमअन्तर्गत सामुदायिक विकास परियोजनाको रूपमा भारत सरकारको आर्थिक सहयोग नेरू. ३ करोड ४० लाखको लागतमा यस परियोजनाको निर्माण भएको दूतावासले जनाएको छ ।
यो परियोजना भारत स्वतन्त्र भएको ७५ वर्षको उत्सव मनाउन भारत सरकारले अघि सारेको "India@75 आजादीका अमृत महोत्सव" अन्तर्गत यस वर्ष नेपालमा उद्घाटन गरिने परियोजनाहरूमध्येको एक हो ।
श्री माध्यमिक विद्यालय कपिलवस्तु जिल्लाको एक पुरानो विद्यालय हो । यस नवनिर्मित पूर्वाधारले विद्यालयमा



सिकाईका लागि उपयुक्त वातावरणको सिर्जना गर्नेछ ।
सन् २००३ यता भारतले नेपालमा ५२७ भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू अघि बढाइसकेकोमा स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटि, सरसफाई र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातै वटा प्रदेशमा ४७० वटा परियोजना सम्पन्न भइसकेका छन् । तीमध्ये कपिलवस्तु जिल्लाका ५ गरी लुम्बिनी प्रदेशमा ६० वटा रहेका छन् ।
भारत र नेपालबीच लामो समयदेखिको बलियो विकास साझेदारी रहिआएको छ जसले दुई देशबीचको निकटतालाई प्रतिबिम्बित गर्दछ ।
यस परियोजनाको कार्यान्वयनले शैक्षिक पूर्वाधारको विकासमा नेपाल सरकारले गरेका प्रयासहरूमा भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ ।

# मोदी आएपछि लुम्बिनीमा भारतीय पर्यटकको घुइँचो

रूपन्देही । गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा भारतीय पर्यटकको आगमनमा वृद्धि भएको छ । विगत वर्षमा भन्दा यो वर्ष भारतीय पर्यटक लुम्बिनीमा उल्लेख्य सङ्ख्यामा आइरहेको लुम्बिनी विकास कोषले जनाएको छ ।
बुद्ध पूर्णिमामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी लुम्बिनी भ्रमणमा आएसँगै बुद्ध जन्मस्थलको दर्शनका लागि भारतीय पर्यटक आउने क्रम बढ्दो रहेको लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले जानकारी दिए । 'अफ सिजन' मानिने यो समय मोदी भ्रमणसँगै भारतीय पर्यटक बढेको कोषले जनाएको छ । भारतका प्रधानमन्त्री मोदीको लुम्बिनी भ्रमणको डेढ महिनामा ३७ हजार ८३५ भारतीय पर्यटक लुम्बिनी आएको कोषको सूचना शाखाले जनाएको छ । यो विगत वर्षभन्दा राम्रो सङ्ख्या हो ।
लुम्बिनी विकास कोषमा आन्तरिक पर्यटकको सङ्ख्यामा पनि वृद्धि भएका छ । पछिल्लो एक महिनामा ३९ हजार आन्तरिक पर्यटकले लुम्बिनी भ्रमण गरेको लुम्बिनी विकास कोषले जनाएको छ । कोभिड-१९ को त्रासका कारण पर्यटक आगमन कमी आएको लुम्बिनीमा भारतीय प्रधानमन्त्री आगमनसँगै भारतीय पर्यटक मात्र नभएर आन्तरिक पर्यटक र तेस्रो मुलुकका पर्यटकमा उत्साहजनक आगमन भएको लुम्बिनी होटल एशोसियशनले जनाएको छ ।
मोदी भ्रमणको व्यापक प्रचार, प्रसारका कारण संसारभरबाट पर्यटक लुम्बिनी आउन आतुर रहेको लुम्बिनी होटल एशोसियसनका अध्यक्ष गोविन्द ज्ञवालीले बताए । अध्यक्ष ज्ञवालीका अनुसार लुम्बिनी आउने पर्यटकका लागि सरकारले पनि विशेष सुविधा र सहयोग गर्नुपर्दछ । लुम्बिनीमा आध्यात्मिकका साथै घुमन्ते पर्यटक आउने गर्दछन् । धार्मिक र आध्यात्मिक पर्यटक बुद्ध जन्मस्थलको दर्शन गर्न आउँछन् भने घुमन्ते पर्यटक यहाँको सौन्दर्यतासँग रमाउन आउने गरेको देखिन्छ ।
गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन तथा सीमा क्षेत्रमा पर्यटक आगमनमा सहजताका कारण अहिले लुम्बिनी घुम्न आउने पर्यटकले पर्यटन व्यवसायीलाई उत्साह दिएको सिद्धार्थ होटल एशोसिएशनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले बताए । करिब तीन वर्ष कोभिडका कारण चहलपहल नभएको लुम्बिनीमा अहिले भने आन्तरिक, भारतीय र तेस्रो मुलुकका पर्यटकको आगमनले रमाइलो बनाएको छ । पर्यटक आगमनमा वृद्धि भएसँगै पर्यटन व्यवसायी मात्र नभएर यहाँका अन्य क्षेत्र पनि चलायमान देखिन्छन् ।

## आर्थिक समाचार

# मुलुकमा वैदेशिक मुद्रा भित्र्याउन ग्लोबल आइएमई बैंकको पहल

काठमाडौं, २९ असार । ग्लोबल आइएमई बैंक लिमिटेडले नेपाली बैंकमा विदेशी मुद्रामा खाता खोल्ने सुविधा तथा नेपालमा वैदेशिक लगानी विषयमा बेलायतको लण्डनमा सोमबार वृहत अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको छ ।
संयुक्त अधिराज्यको लण्डनस्थित बैंकको वैदेशिक प्रतिनिधि कार्यालय र श्रृजनशील लेस्टर नेपाल, युकेद्वारा संयुक्तरूपमा आयोजित उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल राष्ट्र बैंकले विदेशमा रहने नेपालीहरूलाई लक्षित गरी नेपाली बैंकमा विदेशी मुद्रामा खाता खोल्ने सुविधा ल्याएको विषयमा जानकारी दिइएको थियो ।
कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालीहरूलाई विदेशी मुद्रामा खाता खोल्ने सुविधा दिएको सम्बन्धमा जानकारी गराएका थिए ।
"यसमा नेपाली बैंकमा विदेशी मुद्रामा खाता खोलेर पैसा जम्मा गर्न सकिने, आवश्यक परेको समयमा नेपालबाट पैसा फिर्ता ल्याउन पनि सकिने सुविधा रहेको छ । भिषा कार्ड तथा मास्टर कार्डमार्फत यहाँहरूले विदेशमा खर्च गर्न पनि सक्ने र आवश्यकताअनुसार नेपालमा लगानी गर्न वा घरपरिवारका सदस्यहरूले उक्त बचतलाई नेपालमा नेपाली रूपैयाँमा निकाल्न मिल्ने सुविधा यसमा रहेको छ," उनले बताए । नेपालको प्रतिष्ठित व्यावसायिक समूह आइएमई समूहका अध्यक्ष ढकालले आइएमई समूहले नेपाल सरकारको प्राथमिकता र मुलुकको आवश्यकता अनुरूप आफ्ना व्यवसायिक गतिविधिहरू अगाडि बढाउँदै आएको बताए ।
आइएमई रेमिट हामीले सुरू गरेको २२ वर्ष पुगेको छ । विगत २२ वर्षमा आइएमईले नेपालमा औपचारिकमाध्यमबाट रेमिट्यान्स भित्र्याउन ठूलो योगदान गरेको छ । हामीले रेमिट्यान्स सेवा सुरूगर्दा मुलुकमा रेमिट्यान्सलाई औपचारिक माध्यमबाट ल्याउन रेमिट कम्पनीको आवश्यकता थियो । आज आइएमई नाम आफैमा रेमिटको पर्यावाची बनेको छ । अन्य बैंक तथा रेमिट कम्पनीहरूमा जाने ग्राहकहरूले पनि पैसा पठाउन पर्‍यो भने आइएमई गरिदिनुस् भन्ने गरेको पाइएको छ, उनले भने ।
त्यसैगरी, अहिले मुलुकमा विदेशी मुद्राको सञ्चिति घटेको र रेमिट्यान्सको आप्रवाह पनि घटेको अवस्थामा नेपाली बैंकमा विदेशी मुद्रामा खाता खोल्ने र नेपालमा थप बैदेशिक लगानी भित्र्उनुपर्ने छ, यसमा पनि हामी फ्रन्टलाइनमा रहेर काम गर्न चाहन्छौं, उनले भने ।

## मुख्यमन्त्री...

प्रतिक्रियाबाट बेरूजु फर्स्यौट हुन नसकी सोही रकम बाँकी रहेको छ । सो मध्ये ३० लाख ३२ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ ।
उता, प्रदेशसभा सचिवालयतर्फ सभामखु, उपसभामुखको सेवा सुविधा सम्बन्धी ऐन एवं प्रदेश सभाको स्वीकृत दरबन्दी समेतमा राजनीतिक सल्लाहकार, प्रेस सल्लाहकार रहने व्यवस्था नै नरहेको अवस्थामा सचिवालय व्यवस्थापन तथा सञ्चालन समितिको २०७६ माघ १५ गतेको निर्णयबाट राजनीतिक सल्लाहकारलाई ७ लाख ६९ हजार र प्रेस सल्लाहकारलाई ४ लाख ३२ हजार पारिश्रमिक भुक्तानी दिइएको प्रतिवेदनमा उल्लेख छ ।

**६४.०४ प्रतिशत बजेट खर्च**

प्रदेश सरकारले चालू आर्थिक वर्ष २०७८/०७९ मा ६४ दशमलव ०४ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयका अनुसार चालू आर्थिक वर्षमा सरकारले विकास (पुँजीगत) बजेट ६१ प्रतिशत मात्र खर्च गरेको छ ।
विकास बजेट खर्च गर्न नसकेको प्रदेश सरकारले चालू खर्चसमेत ६७ दशमलव ९२ प्रतिशतभन्दा बढाउन सकेको छैन । यद्यपि, जेठ मसान्तसम्ममा ३४ प्रतिशत मात्र खर्च गरेको मधेश सरकारले आर्थिक वर्षको अन्तिम महिनामा ३० प्रतिशत बजेट खर्च गरेको हो ।
सरकारले विभिन्न ११ वटा मन्त्रालय र मातहतका निकायको चालू खर्चतर्फ ६७ दशमलव ९२ र पुँजीगततर्फ ६१ प्रतिशत गरी कुल ६४ दशमलव ०४ प्रतिशत बजेट खर्च गर्न सकेको हो । यो गत आर्थिक वर्षभन्दा १ प्रतिशतले कम बजेट खर्च हो ।
प्रदेश सरकारले चालू आर्थिक वर्षका लागि ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार रूपैयाँको बजेट विनियोजन गरेको थियो, जसमध्ये चालूतर्फ १५ अर्ब १६ करोड ८३ लाख १६ हजार र पुँजीगततर्फ १६ अर्ब ५ करोड ८६ लाख ४७ हजार रूपैयाँ थियो ।
प्रदेश सरकारले चालूतर्फ १० अर्ब ४० करोड ४२ लाख ५५ हजार ७१८ र पुँजीगततर्फ ११ अर्ब ९३ करोड ८७ लाख २१ हजार ९९१ गरी कुल २२ अर्ब ३४ करोड २९ लाख ७७ हजार ७०९ रूपैयाँ मात्र खर्च गर्न सकेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख राधेश्याम गिरीले जानकारी दिए ।
मन्त्रालयतर्फ सबैभन्दा बढी सामाजिक विकास मन्त्रालयले ८० दशमलव ०९ प्रतिशत र सबैभन्दा कम महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले २६ दशमलव ९३ प्रतिशत रकम खर्च गरेको छ। सामाजिक विकास मन्त्रालयले चालूतर्फ ३ अर्ब ८३ करोड ३९ लाख ४ हजार ८१२ र पुँजीगततर्फ १ अर्ब ४६ करोड ४५ लाख ७३ हजार ९७० रूपैयाँ खर्च गरेको छ भने महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले चालूतर्फ ५ करोड ५ लाख ३२ हजार ८५३ र पुँजीगततर्फ ८ करोड ६० लाख ८९ हजार ९२९ रूपैयाँ मात्र खर्च गर्न सकेको छ ।
त्यस्तै, अर्थ मन्त्रालयले २८ दशमलव १८, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३५ दशमलव ७३ प्रतिशत, वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालयले ४६ दशमलव ५२ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ५२ दशमलव ०४ प्रतिशत, खानेपानी तथा ऊर्जा विकास मन्त्रालयले ५२ दशमलव ८९ प्रतिशत बजेट खर्चेको प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।
यता, भौतिक पूर्वाधार विकास मन्त्रालयले ६२ दशमलव १६ प्रतिशत, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले ६६ दशमलव ४६ प्रतिशत, उद्योग, पर्यटन तथा वन मन्त्रालयले ६६ दशमलव ५६ प्रतिशत र कानुन, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयले ७६ दशमलव ९६ प्रतिशत बजेट खर्च गरेको कार्यालयले जनाएको छ ।
मन्त्रालयबाहेक प्रदेश सरकार मातहतका प्रदेशसभाले ७८ दशमलव ४०, प्रदेश लोकसेवा आयोगले ४८ दशमलव २०, मुख्य न्यायाधिवक्ताको कार्यालयले ८८ दशमलव १४ र प्रदेश नीति तथा योजना आयोगले २३ दशमलव १४ प्रतिशत बजेट खर्च गरेको छ ।
अर्थ विविधतर्फ १ अर्ब ५५ करोड ५८ लाख ९७ हजार, आर्थिक आन्तरिक ऋण भुक्तानीतर्फ १० करोड र कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधातर्फ छुट्याइएको २५ लाख रूपैयाँमध्ये रकम नै खर्च गरिएको छैन । त्यस्तै, स्थानीय तहतर्फ ३ अर्ब ५७ करोड ८८ लाख ७२ हजार ७६८ रूपैयाँ खर्च गरिएको छ ।
गत आर्थिक वर्ष २०७७/०७८ मा मधेश प्रदेश सरकारले ६५ दशमलव ३९ प्रतिशत बजेट खर्च गरेको थियो। मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७८/०७९ मा ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार रूपैयाँको बजेट ल्याएको थियो, जसमा चालूतर्फ १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार रूपैयाँ अर्थात् ४६ दशमलव २६ प्रतिशत रकम विनियोजन गरिएको थियो ।
पुँजीगततर्फ १८ अर्ब ५ करोड ८० लाख ८३ हजार अर्थात् ५३ दशमलव ४४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १० करोड रूपैयाँ अर्थात् ० दशमलव ३० प्रतिशत विनियोजन गरिएको थियो ।

## जनप्रतिनिधि...

**एकपछि अर्को मुद्दा**

राजविराज नगरपालिकाका नवनिर्वाचित प्रमुख भिमराज यादवमाथि विशेष अदालतमा मुद्दा दायर भएको छ । २ लाख ६३ हजार ४ सय ६८ रूपैयाँ ४० पैसा बिगो दाबी गरी विशेष अदालतमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको हो ।
गहिल कन्स्ट्रक्सनका सञ्चालक भिमराज यादवले निर्माण सेवाले आर्थिक वर्ष २०७४-२०७५ मा राजरंगशाला स्तोरन्नती कार्यको लागि जिल्ला खेलकुद विकास समिति सप्तरी र सो कन्स्ट्रक्सनबीच सम्झौता भए पनि यादवले मापदण्ड विपरीत काम गरेको आरोप रहेको छ ।
यादवले मापदण्ड विपरीत गरेको कामलाई गुणस्तरीययुक्त र मापदण्डअनुसार काम भएको प्रमाणित स्वीकृति गराई २ लाख ६३ हजार ४ सय ६८ रूपैयाँ ४० पैसा काम गरेको भन्दाबढी भुक्तानी लिएकोले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) बमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा कैद र जरिवाना माग गरेको छ ।
आयोगले सर्लाहीको साविक सलेमपुर गाविसका तत्कालीन सचिव ध्रुव नारायण झाविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।उनले सर्वाजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको जनाउँदै अख्तियारले विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो।दायर गरिएको मुद्दामा झासँग ७ लाख ५१ हजार रूपैयाँ बिगो दाबी गरिएको छ ।
झाले विभिन्न योजना कार्यान्वयन एवम् सेवा प्रवाहमा अनियमितता गरेको भन्ने उजुरी परेपछि अख्तियारले उनीमाथि अनुसन्धान सुरू गरेको थियो ।
अनुसन्धान हुँदा तत्कालीन गाविस झाले ७ लाख ५१ हजार रूपैयाँ विभिन्न व्यक्तिको नाममा निकाली सरकारी रकम हिनामिना गरेको पुष्टी हुन आएको अख्तियारले १ विज्ञप्ति जारी गरी जनाएको छ।

## औपचारिक...

खतिवडा, गंगानारायण श्रेष्ठ, रमेश यादव, महिन्द्र यादव, हिसिला यमी, र केही समानुपातिक सांसदहरू समेत छन् ।
जसपाको भट्टराई पक्षका केन्द्रीय कार्यकारिणी सदस्य गंगानारायण श्रेष्ठले पनि आफूहरू नयाँ पार्टी खोल्ने प्रक्रियामा रहेको बताए ।

**रेणुले छाडिन् पार्टी**

जसपा कार्यकारिणी सदस्य रेणुकुमारी यादव पार्टीको जिम्मेवारीबाट अलग भएकी छन् । व्यक्तिगत कारण देखाउँदै पूर्वमन्त्री रहेकी यादवले जसपासँगको सम्पूर्ण पदीय जिम्मेवारी त्याग गरेको घोषणा गरेकी हुन् । 'वर्तमान अवस्थामा व्यक्तिगत कारणले गर्दा पदीय जिम्मेवारीमा रहेर काम गर्न सक्ने अवस्था नरहेकोले मैले यस जनता समाजवादी पार्टी (जसपा) नेपालसँगको पदीय जिम्मेवारीबाट अलग हुने निर्णयमा पुगेको छु' अध्यक्षलाई सम्बोधन गरिएको पत्रमा लेखिएको छ, 'तसर्थ आजकै मितिदेखि लागू हुने गरी पार्टीले मलाई दिएको पार्टीको सम्पूर्ण पदीय जिम्मेवारीहरू त्याग गरेको व्यहोरा यहाँलाई जानकारी गराउँदछु ।'
यादव यसअघि भौतिक पूर्वाधार मन्त्री थिइन् । जसपाले नयाँ मन्त्री पठाएपछि उनी फिर्ता भएकी हुन् ।

**भट्टराईलाई कारवाही गरिने**

अध्यक्ष यादवले पार्टी पुनर्गठनको तयारी गरेका छन् । केन्द्रीय समिति र कार्यकारिणी समिति पुनर्गठन गरी जसपा संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईसहित उनका पक्षमा लागेका नेताहरूको नाम हटाउने तयारी गरेका हुन् ।
वीरगञ्जमा आयोजित यादव पक्षीय केन्द्रीय समिति बैठकमा अधिकांश केन्द्रीय सदस्यले पार्टीमा गैरजिम्मेवारी काम गर्ने नेता तथा कार्यकर्तालाई कारवाही गर्नुपर्ने माग राखेका छन् । सोही अनुसार अध्यक्ष यादव पार्टी पुनर्गठनको तयारीमा जुटेका हुन् ।
पार्टीले केन्द्रीय समिति र कार्यकारिणी समिति पुनर्गठन गर्दा भट्टराई पक्षका नेताहरूलाई हटाएर उनीहरूको ठाउँमा नयाँ मनोनयन गर्ने तयारी छ ।
भट्टराई पक्षका नेताहरूलाई केन्द्रीय समिति तथा कार्यकारिणीबाट हटाएपछि स्वत: कारवाही सरह नै हुन्छ । यद्यपि पार्टीको आधिकारिक निर्णय आउन बाँकी छ। बैठकमा सहभागी अधिकांश नेताले भट्टराई पक्षका नेताहरूलाई कारवाही गर्न अध्यक्ष यादवलाई दबाब दिएका हुन् ।
यता, बुधबार सम्पन्न बाबुराम पक्षको केन्द्रीय समितिको बैठकमा पनि पार्टी पुनर्गठनको माग उठेको थियो । रूपान्तरणका लागि पार्टीलाई पुनर्गठन गर्नुपर्ने सुझाव नेताहरूले दिएका थिए । वीरगञ्जमा जारी बैठकले के निर्णय गर्छ, त्यसको आधारमा जसपाको बाबुराम पक्ष अगाडि बढ्ने नेताहरूले बताएका छन् ।
भट्टराई पक्षका नेता महिन्द्रराय यादवले भने, 'पार्टी एक राख्ने कि विभाजन गर्ने भन्ने कुरा उपेन्द्र यादवमा निर्भर गर्छ, बल उपेन्द्र यादवको कोर्टमा छ ।' उपेन्द्र यादवले आफूहरूमाथि कारवाही गरे नयाँ पार्टी बनाएर अगाडि बढ्ने सोच भट्टराई पक्षको छ ।

## तमलोपा...

गिरिशचन्द्र लालले मधेशी विदेशी होइन कसैभन्दा पनि बढी भूमिको सन्तान भएको बताउँदै स्वशासनको सही अभ्यासको प्रयास पनि एक किसिमको संघर्ष हो । मधेशले सधैं शान्तिपूर्ण संघर्ष गर्दै आएको छ र यो जारी रहनु पर्दछ भनी मन्तव्य राखेका थिए ।
सार्वजनिक खरीद प्रक्रियाका विज्ञ ई. सत्यनारायण साहले सुशासन नभई कुनै शासन सही दिशामा जान सक्दैन । बजेटको ७०-८०% सार्वजनिक खरीद र योजना परिचालनसंग सम्बन्धित हुन्छ । त्यसको पालना भइनरहेकोले गर्दा भ्रष्टाचार एकदमै बढेको र सुशासन हुन नसकेको बताउनु भएको थियो । स्वशासनको अभ्यासमा यो अनिवार्य तत्त्व हुन्छ भन्ने धारणा राखेका थिए ।
नेकपा समाजवादीका नेता संविधानसभा सदस्य शीतल झाले 'स्वशासन र संयुक्त वा सहशासन एकअर्कासंग जोडिएको हो र तहहरूमा यसबारे समन्वय छैन । भ्रष्टाचारमाथि बिल्कुलै नियन्त्रण छैन । जनताले स्वशासनले कुनै लाभ पाइको छैन । बेलैमा सचेत हुन जरूरी छ ।" भन्दै आफ्नो मनतव्य राखेका थिए ।
तमलोपाका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लालले पार्टीको धारणा राख्दै विभेद र विकास तथा अवसरमा भेदभावको एक मात्र निदान संघीयता मार्फत स्वशासन हो । तर हाम्रो अहिलेको हालले स्वशासनको अनुभूति दिन सकेको छैन । प्रदेशलाई कुन दिशामा आगाडि बढाउने हो त्यो नै प्रदेशको सरकारले अनुभूति गराउन सकेको छैन । यस मामिलामा सपा-राजपाको सरकार अथवा सत्ता-गठबन्धनको सरकार दुबैमा कुनै अन्तर देखिएन । जनताको करको दुरूपयोग भएको छ ।
गाउँ-गाउँमा गेट, मूर्ति, मठ-मन्दीर, मस्जीदमा रकम विनियोजन गरिएको छ । पूर्वाधार वा उत्पादनमूलक अल्प वा दिर्घकालिन योजनामा विनियोजन भएको छैन । व्यक्तिलाई खुश गर्ने र कमीशन आउने योजनाहरू छनौट भएका छन्, गर्ने प्रवृति छ ।
सरकारसंग प्रदेशलाई कता लग्ने कृषि, शिक्षा, स्वास्थ्य, पर्यटनमा कुन लक्ष्यसम्म पुर्याउने भन्ने दृष्टि नै छैन । बिना कार्यविधि र योजनाका पनि खरीदहरू भएका छन् । जनताको पैसाबाट करोडौंको बस किनेर सराइएको छ । कुनै अख्तियार यसबारे चाँसो लिएको छैन ।
समग्रमा स्वशासनको अहिलेसम्मको अभ्यास पूर्णत असफल देखिन्छ । कोही पहिलो मुख्यमन्त्री वा मन्त्रीको इतिहास बनाए होलान् तर ऐतिहासिक जिम्मेदारी पूरा गर्न भने पटक्कै सकेका छैनन् ।
अध्यक्ष लालले तमलोपा भ्रष्टाचार मुक्त, स्पष्ट दृष्टि, विधिको सर्वोच्चता सहितको स्वशासनको पक्षमा छ र यसको अभियान जारी राख्ने छ भन्दै तराई-मधेश लोकतान्त्रिक पार्टीले यस्तो कुनै जिम्मेदारी पाए खरो उत्रिने प्रतिवद्धता व्यक्त गरेका थिए ।

## मधेश...

बहसलाई बिषयान्तर गरेको छ। मूल बहस बिकास र प्रगतिको तथ्यमा आधारित हुनुको साटो अरू बैगुणीहरूको प्रायोजनमा केन्द्रीत भएको छ। बहस र मन्थन होस त धरातलीय जरूरतमा होस्

# निर्वाचन खर्च बुझाउन अटेरी

विराटनगर । स्थानीय तह निर्वाचनमा उम्मेदवार बनेकाहरूले निर्वाचन खर्च विवरण बुझाउन अटेरी गरेका छन् । निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र निर्वाचन खर्च विवरण बुझाउनु पर्ने कानुनी व्यवस्था छ । तर मोरगंका अधिकांश निर्वाचित र पराजित उम्मेदवारहरूले खर्च विवरण बुझाउन अटेरी गरेका हुन् । मोरङका स्थानीय तहमा करिब चार हजार जनाले विभिन्न पदमा उम्मेदवारी दिए पनि ३७५ जनाले मात्र खर्च विवरण बुझाएको प्रदेश १ निर्वाचन कार्यालय विराटनगरका प्रमुख लेवन काश्यव अधिकारीले जानकारी दिए । ३० वैशाखको चुनावमा उम्मेदवारी दिएकाहरूले त्यसको ३० दिनभित्र खर्च विवरण निर्वाचन कार्यालयमा दिनुपर्ने कानुनी व्यवस्था छ । खर्च विवरण नबुझाउनेमा अधिकांश पराजित उम्मेदवार छन् । विराटनगर महानगरपालिकाका प्रमुख उपप्रमुखमा निर्वाचित र पराजित उम्मेदवारहरूले पनि निर्वाचन खर्च विवरण बुझाएका छैनन् । अन्य पालिकामा निर्वाचितहरूले पनि खर्च विवरण बुझाउन आलटाल गरिरहेको कार्यालयले जनाएको छ ।


जंगली च्याउहरू विषालु पनि हुनसक्छन्,
त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं ।

खेती गरेर उमारेका च्याउ मात्र खाने गरौं ।
अमूल्य जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं